# मेरो नेपाली किताब

## कक्षा ५



# मेरो नेपाली किताब —

## कक्षा ५

**लेखिका :**
उषा दीक्षित

**सम्पादक :**
दिवाकर ढुङ्गेल

प्रकाशक :
श्री ५ को सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
प्राथमिक पाठ्यक्रम पाठ्यपुस्तक विकास एकाइ/आधारभूत तथा प्राथमिक शिक्षा परियोजना
सानोठिमी, भक्तपुर

© सर्वाधिकार प्रकाशकमा

प्रथम संस्करण २०५३

मुद्रक : जनक शिक्षा सामग्री केन्द्र लिमिटेड (एजुकेसन प्रेस)

# प्राक्कथन

- प्रस्तुत मेरो नेपाली किताब कक्षा ५ का बालबालिकाहरूका निमित्त नेपाली भाषा विषयको पाठ्यपुस्तकका रूपमा तयार गरिएको हो । यसको अध्ययनपछि विद्यार्थीहरूले कक्षा पाँचका लागि निर्धारण गरिएका नेपाली भाषाका सिकाइउपलब्धिहरू हासिल गर्नेछन् ।

- यो पुस्तक यस रूपमा आउनुअघि पूरै दुई शैक्षिक सत्रको अवधिमा व्यापक रूपमा परीक्षण गरी सोका आधारमा आवश्यक संशोधन र सुधारसमेत गराई प्रकाशमा ल्याइएको छ । परीक्षणकालमा शिक्षक, अभिभावक, प्रधानाध्यापक र स्रोतव्यक्तिहरूका प्रतिक्रिया एवम् बालबालिकाहरूले गरेका उपलब्धिहरूसमेतको अध्ययन गरिएको थियो । उक्त अध्ययन तथा शैक्षिक क्षेत्रका विभिन्न पक्षमा दक्ष व्यक्तिहरूसितको व्यापक छलफलका आधारमा परिमार्जन गरी किताबलाई यस रूपमा ल्याइएको हो । यो सामग्री विद्यार्थी र शिक्षक दुवैलाई अझै सरल र प्रभावकारी हुने आशा गरिएको छ । यो पुस्तक अध्यापन गर्दा यसैका लागि तयार गरिएको शिक्षक निर्देशिका अध्ययन गर्नु आवश्यक छ ।

- यस पुस्तकको लेखन उषा दीक्षितले गर्नुभएको हो । यसको सम्पादन दिवाकर ढुङ्गेलले गर्नुभएको हो । पुस्तकको रूपसज्जा, चित्र-संयोजन तथा आवरण पृष्ठको काम श्री नविन्द्रमान राजभण्डारीले गर्नुभएको हो । दृष्टान्त-चित्र बनाउने काममा श्री राजबाबु 'शारब'ले सहयोग गर्नुभएको हो ।

- अन्त्यमा, यस पुस्तकलाई सुधार गर्न आफ्ना अमूल्य राय, सुझाउ तथा प्रतिक्रिया दिनुहुने सबै महानुभावहरू धन्यवादका पात्र हुनुहुन्छ । यस पुस्तकलाई अझ बढी प्रभावकारी पार्न सहयोग मिल्ने रचनात्मक सुझाउहरूको सदा स्वागत गरिनेछ ।

२०५३ साउन

प्रकाशक

## पुस्तकका सम्बन्धमा

- भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीप प्रदान गर्ने उद्देश्यले तयार पारिएको यस पुस्तकको अध्ययनपछि बालबालिकाहरूले शब्दको शुद्ध उच्चारण तथा लेखन, पठनबोध, शब्द-निर्माण, वाक्य-निर्माण तथा कुनै वस्तु वा घटनाका बारेमा प्रश्नोत्तर र वर्णन पनि गर्नेछन् साथै बोध तथा अभिव्यक्ति क्षमतामा पनि वृद्धि गर्नेछन् भन्ने आशा राखिएको छ ।
- कविता, कथा, प्रबन्ध, संवाद, चिठी/निवेदन आदि विधामार्फत भाषा सिकाउने प्रयास यस पाठ्यपुस्तकमा भएको छ । घरपरिवार, विद्यालय, खेतीपाती, प्राकृतिक वातावरण, संस्कृति आदि विभिन्न स्थितिमा भाषाको प्रयोग गर्नुपर्ने हुनाले बालबालिकाहरूको स्तरअनुसार उपर्युक्त विषयहरूभित्र रही पाठहरूको विकास गरिएको छ । यिनै विषय-क्षेत्रभित्र पर्न आउने विभिन्न शब्दहरूका आधारमा शब्दभण्डारको पनि वृद्धि गराउन खोजिएको छ । धेरै लामा वाक्यहरू बालबालिकाहरूलाई उपयुक्त नहुने हुनाले प्रस्तुत किताबमा यस पक्षलाई पनि विशेष ध्यान दिने प्रयास गरिएको छ ।
- पाठ्यक्रममा उल्लेख भएअनुसार यस तहका बालबालिकाहरूले केही व्याकरणगत कुराहरू पनि सिक्नुपर्ने हुनाले यसमा व्याकरणलाई आगमन विधि (उदाहरण दिएर सिकाउने विधि) अनुसार सिकाउने प्रयास भएको छ । व्याकरणलाई सूत्रका रूपमा नसिकाई प्रयोगात्मक रूपमा सिकाउनु वैज्ञानिक ठहर्छ ।
- पाठ्यवस्तुहरूमा सकेसम्म हिमाल, पहाड र तराई ; गाउँ र शहर ; लिङ्गभेद आदिमा सन्तुलन मिलाउन खोजिएको छ । यथासम्भव प्रासङ्गिक चित्रहरू पनि समावेश गरिएका छन् ।
- बालबालिकाहरूलाई व्यावहारिक तथा कार्यमूलक रूपमा भाषा सिकाउने प्रयास पनि यसमा भएको छ । अभ्यासबिना भाषा-सिकाइ अधुरै हुने भएकाले प्रत्येक पाठपछि विभिन्न अभ्यासहरू दिइएका छन् । ती अभ्यासहरू विद्यार्थीहरूलाई अनिवार्य रूपमा गराउनुपर्छ । कुनै पनि पाठ आफैँमा पूर्ण हुँदैन । यसको अभ्यास-खण्ड झन् महत्त्वपूर्ण हुन्छ । त्यसैले अभ्यास-खण्डमा दिइएका प्रत्येक अभ्यासहरू र त्यस्तै अरू थप अभ्यास पनि बनाई गराउनुपर्छ ।
- विद्यार्थीहरूको कठिनाइको स्तर, त्रुटिको क्षेत्र र आवश्यकतालाई विचार गरी विभिन्न भाषातत्त्वमा विशेष जोड दिन खोजिएको छ ।
- अन्त्यमा, यस पुस्तकलाई अझै परिमार्जन गर्न मदत पुग्ने राय, सुझाउ तथा प्रतिक्रियाको आशा गर्दै ...

२०५३ साउन

दिवाकर ढुङ्गेल

# विषयसूची


| पाठ | शीर्षक | पृष्ठ |
|---|---|---|
| १ | म कस्तो हूँ | ७ |
| २ | कुविचार | १२ |
| ३ | उपत्यकाको भ्रमण | २० |
| ४ | गरीब | ३१ |
| ५ | परीक्षाको तयारी | ३५ |
| ६ | सेवा गरे मेवा मिल्छ | ४१ |
| ७ | पासाङ ल्हामु र नारायणगोपाल | ५३ |
| ८ | नदी | ६१ |
| ९ | समय | ६६ |
| १० | मूर्खहरूको खोजी | ७८ |
| ११ | रिसको औषधी | ९२ |
| १२ | किताब कसरी बन्छ ? | १०१ |
| १३ | प्रेरणा | १०८ |
| १४ | देशको माटो | ११५ |
| १५ | सिक्नुपर्ने कुरा | ११९ |
| १६ | उपदेश | १२६ |
| १७ | पात्रोभन्दा भित्तेपात्रो उपयोगी | १३० |
| १८ | बिरामी बिदा स्वीकृतिको निवेदन | १४१ |
| १९ | नर्सको जीवन | १४५ |
| २० | किसानको रहर | १५३ |
| २१ | सबभन्दा ठूला भक्त | १५७ |
| २२ | पश्चात्ताप | १६७ |

## पाठ १ म कस्तो हूँ

- लेखनाथ पौडेल



बनूँ सत्यवादी पढूँ नित्य विद्या ।
हटाऊँ सबै चित्तदेखिन् अविद्या ॥
बडो धीर विद्वान् बडो बुद्धिमान ।
फलानो छ, भन्ने चलाऊँ बयान ॥
म को हूँ । कहाँ छू कहाँ के छ हाल ।
लिएको छु के काम । कस्तो छ चाल ॥
सबै यो विचारूँ विपज्जाल टारूँ ।
बडो बुद्धिमानी जगत्मा फिँजारूँ ॥
लिएको छु जो लक्ष्य सोही कुरामा ।
खडा हूँ उसैमा गरूँ घोर धामा ॥
कुनै बिघ्न बाधा परेमा उजार ।
न हूँ कामलाई लगाऊँ म पार ॥
सधैँ हूँ उज्यालो सधैँ हूँ हँसीलो ।
सबैको म हूँ मित्र जस्तै रसीलो ॥
कसैलाई काहीँ नपारूँ म मर्म ।
लिऊँ नित्य लोकोपकारी सुधर्म ॥
यता भिक्षुदेखि उता भूपसम्म ।
सबैको बुझूँ कर्मको तारतम्य ॥
सुखैश्वर्य पाए नगम्कूँ गजक्क ।
विपत् पर्न आए नहूँ थक्क थक्क ॥

**अभ्यास १** तलका शब्दका अर्थ बुझ –

| | |
|---|---|
| सत्यवादी = | सधैँ साँचो बोल्ने |
| अविद्या = | अज्ञानता |
| फलानो = | यही हो भनी नतोकिएको वस्तु वा व्यक्ति |
| धीर = | जस्तोसुकै दु:ख पनि सहन सक्ने |
| चाल = | चालचलन, व्यवहार; चल्ने वा हिँड्ने काम |
| विपत् = | कष्ट, अति दु:ख |
| टार्नु = | जे जसरी भए पनि काम चलाउनु |
| घोर = | साह्रै धेरै |
| धामा = | कडा परिश्रम, मेहनत |
| उजार = | केही पनि गर्न नसक्ने अवस्था |
| मर्म = | मर्का, भित्री चोट |
| लोकोपकार = | लोकको उपकार वा भलाइ गर्ने काम |
| भिक्षु = | भिक्षा माग्ने व्यक्ति, जोगी |
| भूप = | राजा |
| कर्म = | काम, भाग्य |
| तारतम्य = | बन्दोवस्त |
| सुखैश्वर्य = | सुख र धन सम्पत्ति |
| थक्क = | पछुतो |

**अभ्यास २** **तलका प्रश्नहरूको उत्तर देऊ -**

(क) कवितामा 'म' भनेर कसलाई भनिएको हो ?

(ख) हामीले कस्तो कुराको विचार गर्नुपर्छ ?

(ग) आफ्नो लक्ष्य प्राप्त गर्न के गर्नुपर्छ ?

(घ) लोकोपकारी धर्म भनेको के हो ?

(ङ) हामीले क-कसको कर्मको खेल बुझ्नुपर्छ ?

**अभ्यास ३** **अर्थ लेख -**

सधैँ हूँ उज्यालो सधैँ हूँ हँसीलो ।
सबैको म हूँ मित्र जस्तै रसीलो ॥
कसैलाई काहीं नपारूँ म मर्म ।
लिऊँ नित्य लोकोपकारी सुधर्म ॥

**अभ्यास ४** **तल दिइए जस्तै शब्दहरू पाठबाट खोजी लेख -**

बनूँ , हटाऊँ, टारूँ,

**अभ्यास ५** **तलका शब्दहरू शुद्धसँग उच्चारण गर -**

| | | | |
|---|---|---|---|
| नित्य | चित्त | धीर | विद्वान् |
| बुद्धिमान् | जगत | खडा | मित्र |

**अभ्यास ६** **तलका शब्दहरूमा उस्तै–उस्तै अर्थ आउने शब्दहरू एकै ठाउँमा मिलाई लेख –**

**उदाहरण**

| |
|---|
| नित्य = सधैं |

| | | | | | |
|---|---|---|---|---|---|
| नित्य | मन | लक्ष्य | बिघ्न | साथी | राजा |
| भूप | जोगी | भिक्षु | जगत् | सधैं | बाधा |
| चित्त | उद्देश्य | मित्र | संसार | | |

**अभ्यास ७** **मिल्ने शब्द छानी वाक्य पूरा गर –**

| | | | | |
|---|---|---|---|---|
| सत्यवादी | फलानो | रसिलो | मर्म | गजक्क |

(क) हामीले कसैलाई पनि ......... पार्नु हुन्न ।

(ख) तिमी त आजकल निकै ...... परेका छौ रे, हो ?

(ग) ......... को घर कहाँ छ भनी सोध न ।

(घ) सधैं अभ्यास गरे ......... बन्न गाह्रो हुँदैन ।

(ङ) सुन्तला ......... छ कि कागती ?

**अभ्यास ८** **तलका शब्दहरूले एकभन्दा बढी अर्थ दिन्छन् । ती शब्दहरू पढ, बुझ र वाक्यमा प्रयोग गर –**

| | | |
|---|---|---|
| पुतली | = | खेलौना |
| पुतली | = | उड्ने कीरा |

| | | |
|---|---|---|
| उत्तर | = | जवाफ |
| उत्तर | = | एक दिशा |

| | | |
|---|---|---|
| साँचो | = | ताल्चा खोल्ने |
| साँचो | = | भएको कुरा |

| | | |
|---|---|---|
| ताल | = | ढङ्ग |
| ताल | = | पोखरी |

**अभ्यास ९** तालिकाबाट वाक्यहरू बनाऊ -

| | | |
|---|---|---|
| म | सत्यवादी<br>विद्वान्<br>बुद्धिमान्<br>उज्यालो<br>हँसिलो | छु। |

**अभ्यास १०** उदाहरण हेरी खाली ठाउँमा लेख -

| | |
|---|---|
| म धेरै पढूँ। | हामी धेरै पढौँ। |
| तिमी धेरै पढ। | तिमीहरू धेरै पढ। |
| ऊ धेरै पढोस्। | उनीहरू धेरै पढून्। |

म टाढा जाऊँ। ..................

तिमी ......... । ..................

ऊ ........... । ..................

म निकै लेखूँ।

तिमी ......... ।

हरि ......... ।

पाठ २

# कुविचार

एकादेशमा एउटा गाउँमा एउटी वृद्धा बस्थिन् । वृद्धा गरीब थिइन् तर दयालु थिइन् । उनी आफूले सक्दो सहयोग अरूलाई गर्थिन् । गाउँलेहरू पनि उनलाई राम्रो दृष्टिकोणले हेर्थे । वृद्धा एक्ली भए तापनि गाउँलेहरू उनलाई परेका बेला सहयोग गर्थे ।

एक दिन वृद्धा मन्दिर गएर घर आउँदै थिइन् । उनले बाटामा एउटा सुगा देखिन् । त्यो सुगा छटपटाइरहेको थियो । त्यो कहिले पखेटा फटफटाउँथ्यो त कहिले खुट्टा तन्काउँथ्यो । सुगालाई के भएको रहेछ, हेर्नुपर्‍यो भनी वृद्धा सुगाछेउ गइन् । सुगालाई उनले हातमा लिइन् । उनले सुगाको खुट्टो भाँचिएको देखिन् । खुट्टाबाट रगत पनि बगिरहेको रहेछ । उनले भनिन् - "कठैबरा ! कुन पापीले यसको खुट्टा भाँचिदिएछ ! यसलाई घर लगेर औषधी गरिदिनुपर्‍यो ।" वृद्धाले सुगालाई घर ल्याई औषधी लगाइदिइन् । दुई-तीन दिनपछि सुगालाई निको भयो । निको भएपछि सुगा उडेर गयो ।



एक दिन अचानक त्यही सुगा चुच्चामा अनारको एउटा दानो च्यापेर वृद्धाको दैलामा आयो । वृद्धाले त्यस सुगालाई देखी मनमनै भनिन् - "मैले औषधी-उपचार गरिदिएको सुगा यही जस्तो छ । किन आएको होला यो आज ? यसले चुच्चामा च्यापेर ल्याएको के होला ?"



सुगाले चुच्चामा अनारको दानो च्यापेको रहेछ । सुगाले उक्त दानो वृद्धाको दैलामा छोडेर उड्यो । वृद्धालाई निकै उत्सुकता जाग्यो । त्यसले चुच्चामा के च्यापेर ल्याएको रहेछ, हेर्नुपऱ्यो भनी वृद्धाले त्यो दानो हातमा लिइन् । उनले बुझिन्, त्यो त अनारको दानो पो रहेछ । वृद्धाले त्यस दानालाई आफ्नो आँगनका छेउमा रोपिदिइन् ।

त्यो दिन त्यत्तिकै बित्यो । वृद्धा भातसात खाएर सुतिन् । भोलिपल्ट बिहान वृद्धा उठ्दा उनको आँगनमा अनारको एउटा बोट देखियो । बोटमा लटरम्म अनार फलेका थिए । यो देखेर उनलाई अचम्म लाग्यो । उनले एउटा फल टिपेर फुटाइन् । फल फुटाउँदा त्यसबाट हीरा र मोती भुइँमा खसे । वृद्धाले अब आफ्नो दुःखका दिन गए भन्ने सोचिन् । उनले ती हीरा र मोती बजारमा लगेर बेचिन् । त्यसपछि ती वृद्धा सम्पन्न भइन् ।





त्यही गाउँमा अर्की एउटी अधबैंसे आइमाई बस्थिन् । उनी असल थिइनन् । उनी अरूको प्रगति देखेर रिस गर्थिन् । ती अधबैंसे आइमाईको डाढे स्वभावका कारणले गाउँलेहरू उनलाई मन पराउँदैनथे । तीनलाई वृद्धा कसरी सम्पन्न भइन् भन्ने जान्ने उत्सुकता बढ्यो । उनलाई आफू पनि वृद्धाजस्तै धनी बन्ने इच्छा जाग्यो । उनले वृद्धाकहाँ गएर सोधिन् - "दिदी, तपाईं कसरी यस्ती धनी बन्नुभयो ? तपाईंले कुनै व्यापार गर्नुभएको छ जस्तो त लाग्दैन । फेरि तपाईंलाई कसैले दियो कि भनौं भने पनि तपाईंका कोही छैनन् । कुरा के हो, दिदी ?"

वृद्धा सोझी थिइन् । उनले ती अधबैंसे आइमाईलाई सबै कुरा बताइन् । सबै कुरा सुनेपछि ती अधबैंसे आइमाईलाई पनि त्यस्तै धनी बन्ने इच्छा लाग्यो । उनले मनमनै भनिन् - "मैले पनि त्यस्तै एउटा घाइते सुगा भेट्न पाए हुन्थ्यो । म पनि वृद्धाले जस्तै त्यसको उपचार गरिदिने थिएँ । अब म पनि त्यस्तै सुगा खोज्न जान्छु ।"

यति विचार गरिसकेपछि उनी कुनै घाइते सुगा भेटिन्छ कि भनी विभिन्न ठाउँमा हेर्न गइन् , तर उनले कतै पनि त्यस्तो सुगा भेटिनन् । सुगा नभेटिएपछि उनका मनमा एउटा कुविचार उब्ज्यो । उनले सोचिन्- "घाइते भएको सुगा नभेटिए पनि आफैं एउटा सुगालाई घाइते किन नपारौं !"



यस्तो कुविचार उनका मनमा आएपछि उनले एउटा सुगा समातिन् । एउटा लट्ठीले त्यस सुगाको खुट्टा भाँची एउटा कुलामा त्यस सुगालाई फालिदिइन् । उनी घर गई अर्को लुगा फेरेर पुन: त्यही कुलामा आइन् । उनले त्यस सुगालाई घर लिएर गइन् र त्यसको खुट्टामा औषधी लगाइदिइन् । तीन-चार दिनपछि उक्त सुगालाई ठीक भयो । आफूलाई ठीक भएपछि सुगा उड्यो । भोलिपल्ट त्यस सुगाले आफ्नो चुच्चामा अनारको एउटा दाना लिएर आयो । त्यसले त्यस आइमाईको दैलामा उक्त दाना राखेर उड्यो । आइमाईले त्यस दानालाई आफ्नो आँगनमा रोपिन् ।





भोलिपल्ट उनले आँगनमा लटरम्म अनार फलेको रूख देखिन्। ती आइमाई दौडेर बोटमा गई एउटा फल टिपिन् । उनले फल फुटाइन्। आश्चर्य ! उक्त फलबाट दुईओटा बिच्छी निस्किए । त्यसपछि उनले अर्को फल फुटाइन् । त्यस फलबाट त झन् एउटा डरलाग्दो सर्प पो निस्क्यो। ती आइमाईको डरको सीमा नै रहेन। उनले सबै फल टिप्दै, फाल्दै गरिन्। हरेक फलबाट डरलाग्दा र विषालु जीवहरू निक्ले । सबै जीवले तिनलाई घेरे, कतिले तिनलाई टोके पनि ।



यी सबै घटना भएपछि ती अधबैंसे आइमाईलाई अचम्म लाग्यो । उनले विचार गरिन् - "ओहो। यो के भयो ? वृद्धाले चाहिँ फल फुटाउँदा हीरा-मोती पाउने, मलाई चाहिँ यस्तो विघ्नबाधा। पक्कै पनि मैले अर्काको डाढो गरेको र सुगालाई घाइते बनाउने कुकर्म गरेको फल हो यो। बिना सित्तिमा यस्तो कुकर्म गरैं ।"

ती अधबैंसे आइमाईलाई आफूले अर्काको डाढो गरेको र सुगालाई दुःख दिएकोमा पश्चात्ताप भयो ।

अभ्यास १ **तलका शब्दको अर्थ बुझ -**

| | | |
|---|---|---|
| वृद्धा | = | बूढी मान्छे |
| दयालु | = | दया भएको |
| दृष्टिकोण | = | हेराइ, विचार |
| दैलो | = | घरमा पस्न वा निस्कन बनाइएको ढोका |
| लटरम्म | = | बोट नै ढाक्ने गरी |
| सम्पन्न | = | धनी |
| अधबैंसे | = | आधा उमेर ढल्केको, तन्नेरी अवस्था पार गरेको |
| प्रगति | = | उन्नति, विकास |
| डाढो | = | अर्काको रिस गर्ने काम |
| उत्सुकता | = | जान्ने इच्छा |
| पुन: | = | फेरि |
| आश्चर्य | = | अचम्म |
| विघ्नबाधा | = | अप्ठेरो स्थिति |
| बिनसित्ति | = | बेकार |
| कुकार्य | = | खराब काम |
| पश्चात्ताप | = | पछुतो |

**अभ्यास २** तलका प्रश्नहरूको उत्तर देऊ -

(क) वृद्धा कस्ती थिइन् ?

(ख) वृद्धाले सुगालाई के गरिन् ?

(ग) अधबैंसे आइमाई कस्ती थिइन् ?

(घ) अधबैंसे आइमाईले अनारको फल फुटाउँदा के-के विघ्नबाधा आए ?

(ङ) यस पाठको निचोड के हो ?

**अभ्यास ३** उदाहरण हेरी तल दिइएका शब्दहरूलाई वाक्यमा प्रयोग गर-

<u>उदाहरण</u>

| |
|---|
| गरीब तर दयालु |
| वृद्धा गरीब थिइन् तर दयालु थिइन् । |

(क) दुब्लो तर फुर्तिलो

(ख) धनी तर कन्जुस

(ग) पातलो तर न्यानो

(घ) बलियो तर मूर्ख

(ङ) सानो तर महत्त्वपूर्ण

**अभ्यास ४** तल दिइएको तालिकाबाट वाक्य बनाऊ -

| | | | |
|---|---|---|---|
| लखन<br>हरि<br>सोनाम | बिस्तारै<br>छिटो | आउँदै<br>जाँदै<br>पढ्दै<br>लेख्दै | छ ।<br>थियो । |

**अभ्यास ५** उदाहरणमा दिइएजस्तै वाक्यहरूलाई दुवै रूपमा लेख –

<u>उदाहरण</u>

| अघि | पछि |
|---|---|
| पढेर<br>ऊ पढेर गयो । | पढ्न<br>ऊ पढ्न गयो । |

| | अघि | पछि |
|---|---|---|
| (क) | खाएर | खान |
| (ख) | गरेर | गर्न |
| (ग) | रोपेर | रोप्न |
| (घ) | काटेर | काट्न |
| (ङ) | हेरेर | हेर्न |

**अभ्यास ६** तलका वाक्यमा शब्दका क्रम मिलेका छैनन् । क्रम मिल्ने गरी वाक्य बनाऊ –

(क) आउँछ्यौ कहिले भारत गएर तिमी ?

(ख) दिनपछि म पच्चीस फर्किहाल्छु नि ।


(ग) हो ठूलो सबभन्दा कुरा सरसफाइ ।

(घ) बचाउनुपर्छ र ठन्डी चिसोबाट बच्चालाई ।

(ङ) लेख्यो भने जथाभाबी किताबमा हुँदैन राम्रो ।

पाठ ३

# उपत्यकाको भ्रमण




म, ठूलोबा र ठूलीआमा काठमाडौंको गोङ्गबु बसपार्कमा ओर्लियौं । गोङ्गबु बसपार्क काठमाडौंको सबभन्दा ठूलो बसपार्क हो । त्यहाँबाट काकरभित्ता, विराटनगर, वीरगन्ज, पोखरा, गोरखा, नेपालगन्ज, दाङ, महेन्द्रनगर आदि नेपालका विभिन्न ठाउँहरूमा जाने लामो दूरीका बसहरू छुट्छन् । त्यसै गरी ती विभिन्न ठाउँहरूबाट आएका बसहरूको अन्तिम बिसौनी पनि यही बसपार्क हो । बसहरूलाई दिवासेवा र रात्रिसेवा गरी छुट्याइएको छ । दिवासेवाका बसहरू बिहानैदेखि छुट्न सुरु गर्छन् तर रात्रिसेवाका बसहरू भने साँझतिर मात्र छुट्छन् ।

गोङ्गबु बसपार्कमा हामीले रत्नपार्कको बसपार्कसम्म पुग्ने बस भेट्टायौं र त्यसैमा चढ्यौं । बसमा निकै घुइँचो थियो । दुइटा गोडासम्म अटाउने ठाउँ मात्र पाए पनि त्यसैमा सन्तोष मान्नुपर्‍यो । बीच-बीचमा अनेकौं ठाउँमा रोकिँदै, मान्छेहरूलाई ओराल्दै र चढाउँदै बल्ल-बल्ल आधा घण्टामा रत्नपार्क पुगियो ।

त्यसपछि हामी रत्नपार्कस्थित विद्युत् प्राधिकरण कार्यालयको पेटी-पेटी हुँदै उत्तरतिर लाग्यौं। त्यहाँ नेपालको सबभन्दा पुरानो कलेज त्रि-चन्द्र कलेज रहेछ, जसलाई आजकल त्रि-चन्द्र क्याम्पस भन्दा रहेछन्। त्रि-चन्द्र कलेजसँगै नेपालको प्रसिद्ध घण्टाघर पनि छ।


त्यताबाट हामी कमलादी हुँदै गयौं। कमलादीमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको ठूलो भवन पनि हेर्‍यौं। प्रज्ञा-प्रतिष्ठानको रङ्गमञ्चमा नाटक प्रदर्शनभइरहेको थियो।

त्यसपछि हामी ठूलोबा र ठूलीआमाको घर पुतलीसडक पुग्यौं। त्यति बेलासम्म गोडा फतक्क गलिसकेका थिए। हामीले नुहाइधुवाइ सकेर खाना खायौं। केही बेर आराम गर्‍यौं।




भोलिपल्ट हामी सिंहदरबार पुग्यौं। सिंहदरबारको मूलढोकाअगाडि श्री ५ पृथ्वीनारायण शाहको पूर्ण कदको सालिक छ। सवारी साधनहरू त्यसैलाई दाहिने पारेर हिँड्दा रहेछन्।

सिंहदरबारभित्र रेडियो नेपाल, नेपाल टेलिभिजन र संसद् भवनका साथै राष्ट्रिय योजना आयोगको सचिवालय, प्रधान मन्त्रीको कार्यालय, कृषि मन्त्रालय, जलस्रोत मन्त्रालय जस्ता विभिन्न कार्यालयहरू छन्।



सिंहदरबार फनक्क घुमेर निस्केपछि हामी लगनखेलको बस रोकिने थापाथली बस-बिसौनीमा पुग्यौँ । त्यहाँबाट मिनीबस चढी लगनखेल पुग्यौँ । लगनखेलबाट हामी उत्तरको सडक हुँदै मङ्गलबजारतिर लाग्यौँ । मङ्गलबजारमा प्रशस्त पर्यटकहरूको आवागमन देखिन्थ्यो । मङ्लबजार ललितपुरको प्रसिद्ध ठाउँ हो । सिद्धिनरसिंह मल्लको पालामा बनेको कृष्ण मन्दिर, पाटन दरबार र पाटन सङ्ग्रहालय यहाँका हेर्नलायक ठाउँ हुन् । काष्ठकला र मूर्तिकलाका लागि पाटन प्रसिद्ध छ ।



मङ्गलबजारबाट टेम्पो चढी हामी काठमाडौँको शहीद गेट पुग्यौँ । यसको पश्चिमपट्टि भीमसेन थापाले बनाएको भीमसेन स्तम्भ छ, जसलाई धरहरा भन्छन् । धरहरानजिकै सुनधारा पनि छ । शहीद गेटबाट हामी उत्तरतिर लाग्यौँ । केही बेर नयाँसडकका पसलहरू चाहार्‍यौँ र विशालबजारभित्र पनि पस्यौँ । त्यहाँ रेडियोदेखि लिएर विभिन्न अत्याधुनिक मालसामानहरू पाइँदो रहेछ ।



अर्को दिन एकादशी थियो। हामी पशुपतिनाथको दर्शन गर्न पशुपतितिर लाग्यौं। पशुपति पुगेपछि ठूलोबाले पहिले बाग्मतीमा सेचन गर्नुपर्छ भन्नुभयो। ठूलोबा सेचन गर्न किनारतिर लाग्नुभयो। म र ठूलीआमा उहाँको पछिपछि लाग्यौं। उहाँले पानी छुनसम्म पनि हिम्मत नगरेको देखेर मलाई आश्चर्य लाग्यो। पानी निकै चिसो भएकोले ठूलोबा डराउनुभएछ भन्ठानें, तर होइन रहेछ। बाग्मतीको पानीमा ढलैढल मिसिएर दूषित भएको रहेछ। "अहो ! कहाँ पशुपतिनाथ र बाग्मतीको महत्त्व, कहाँ बाग्मतीको यत्रो दुर्दशा र प्रदूषण !" ठूलोबा कराउँदै हुनुहुन्थ्यो। पशुपतिनाथको दर्शन गर्ने ठाउँमा निकै भीड थियो तैपनि लाइनमा बसेर राम्रैसँग दर्शन गर्‍यौं।




बाग्मती नदीलाई स्वच्छ र निर्मल पार्न सरकारले पनि निकै प्रयास गरिरहेको कुरा त्यहाँ थाहा पाइयो। बाग्मतीको किनारमा छुट्टै ढल बनाई बाग्मतीलाई दूषित हुनबाट बचाउने प्रयास भइरहेको रहेछ।



पशुपतिनाथको दर्शन गरिसकेपछि हामी स्वयम्भू पुग्यौं । ठूलोबाले "यहाँबाट काठमाडौं उपत्यका छर्लङ्ग देखिन्छ, हेर ।" भन्नुभयो , तर तुवाँलोले गर्दा केही देख्नै पाइएन । हामी केही बेर स्वयम्भूमा घुमी रत्नपार्कमा पुग्यौं ।

रत्नपार्कबाट हामी राजदरबार हेर्न गयौं । आजकल राजदरबार प्रत्येक सोमबार र बिहीबार क्रमशः नेपाली र विदेशी दर्शकहरूका लागि खुला राखिँदो रहेछ ।

अर्को दिन ठूलोबाले हामीलाई भक्तपुरतिर घुम्न लैजाने निधो गर्नुभयो । हामी रत्नपार्कको बस बिसौनीमा गयौं र भक्तपुर जाने मिनिबस चढी भक्तपुर पुग्यौं । बस बिसौनीबाट केही बेर हिँडेपछि दरबार-क्षेत्र पुगियो । यस दरबार क्षेत्रलाई 'दरबार स्क्वायर' पनि भन्दा रहेछन् । यहाँ हामीले ५५ झ्याले दरबार, सङ्ग्रहालय



र विभिन्न चित्रकला, मूर्तिकला हेर्‍यौं । हामीले पाँचतले मन्दिर पनि हेर्‍यौं । त्यहाँबाट केही बेर हिँडेपछि दत्तात्रय पुगिन्छ । दत्तात्रयको मन्दिर पनि ५५ झ्याले दरबार र म्युजियमजस्तै प्रसिद्ध छ ।

फर्कंदा सूर्यविनायकबाट ट्रलीबस चढ्यौं र त्रिपुरेश्वरमा ओर्लियौं । त्रिपुरेश्वरमा दशरथ रङ्गशाला छ । रङ्गशालामा फुटबल प्रतियोगिता भइरहेकाले निकै भीड थियो ।

काठमाडौंको हाम्रो बसाइ एक दिन मात्र बाँकी थियो । त्यसैले भोलिपल्ट हामी काठमाडौंको वसन्तपुर र हनुमानढोका हेर्न गयौं । हनुमानढोकाको बाहिर हनुमानको भव्य मूर्ति विराजमान छ । हनुमानढोकास्थित त्रिभुवन सङ्ग्रहालय प्रत्येक मङ्गलबार बन्द रहन्छ तर प्रत्येक शनिबार खुला हुन्छ । यहाँभित्र टिकट किन्नुपर्दो रहेछ । हामीले टिकट किन्यौं र भित्र सङ्ग्रहालयमा श्री ५ त्रिभुवनको जीवनीसँग सम्बन्धित विभिन्न वस्तुहरू हेर्न पाउँदा मलाई अति खुसी लाग्यो । त्यसका साथै, त्यहाँ काष्ठकलाका भव्य नमुनाहरू र श्री ५ महेन्द्रसँग सम्बन्धित वस्तुहरू पनि राखिएका छन् ।

हनुमानढोकाको वरिपरि पनि पर्यटकहरूको प्रशस्त आवागमन भइरहेको थियो । झमक्क साँझ पर्‍यो । बत्तीहरू झलमल्ल बल्न थाले । सडकका खम्बाका बत्तीहरू पनि बले ।

काठमाडौंको हाम्रो भ्रमण सकियो । ठूलोबा, ठूलीआमा र म रात्रिबसको टिकट लिन गयौं । साँझ ५ बजे बस छुट्यो । हामीले बिस्तार-बिस्तार **'अलकापुरी कान्तिपुरी नगरी'** छाड्न थाल्यौं ।

**अभ्यास १** **तलका शब्दको अर्थ बुझ –**

| | | |
|---|---|---|
| दूरी | = | एक ठाउँदेखि अर्को ठाउँसम्मको अन्तर |
| दिवा | = | दिउँसो |
| रात्रि | = | रात |
| स्थित | = | रहेको |
| रङ्गमञ्च | = | नाटक आदि देखाइने ठाउँ |
| आवागमन | = | आवतजावत |
| तूल | = | एक प्रकारको रातो कपडा |
| कद | = | जीउडाल |
| सर्वसाधारण | = | सामान्य रूपको, सबैखाले मानिसको जमात |
| रोकटोक | = | रोकावट |
| क्रमश: | = | एक-एक गर्दै |
| काष्ठकला | = | काठबाट बनेका कलात्मक वस्तु |
| स्तम्भ | = | खम्बा |
| एकादशी | = | औंसी र पूर्णिमाको भोलिपल्टदेखि गन्दा एघारौँ दिन |
| हिम्मत | = | आँट |
| तुवाँलो | = | एक किसिमको पातलो कुहिरो |
| सङ्ग्रहालय | = | पुराना महत्त्वपूर्ण वस्तुहरू राखिने ठाउँ |
| विराजमान | = | रहेको |

**अभ्यास २** **तलका प्रश्नहरूको उत्तर देऊ –**

(क) गोङ्गबु बसपार्कमा कहाँ-कहाँबाट बस आउँछन् र त्यहाँबाट कहाँ-कहाँ बस जान्छन् ?

(ख) 'लामो दूरीका बसहरू' भन्नाले के बुझिन्छ ?

(ग) सिंहदरबारभित्र कुन-कुन कार्यालयहरू छन् ?

(घ) मङ्गलबजार ललितपुरको प्रसिद्ध ठाउँ मानिनुका कारणहरू के-के हुन् ?

(ङ) भक्तपुरमा हेर्नलायक ठाउँहरू के-के छन् ?

**अभ्यास ३** **शुद्ध र स्पष्टसँग तलका शब्दहरूको उच्चारण गर –**

| | | |
|---|---|---|
| नामकरण | प्रदर्शन | सर्वसाधारण |
| रङ्गमञ्च | प्रस्ट | पर्यटक |
| पुरातत्त्व | सङ्ग्रहालय | काष्ठकला |
| दुर्दशा | प्रदूषण | संस्थान |

**अभ्यास ४** **शब्दकोश हेरी अभ्यास ३ मा दिइएका शब्दहरूलाई क्रम मिलाई लेख ।**

**अभ्यास ५** **तलका अनुकरणात्मक शब्दहरूलाई वाक्यमा प्रयोग गर –**

| | | | | | |
|---|---|---|---|---|---|
| फतक्क | भुसुक्क | झमक्क | फनक्क | झलमल्ल | झल्याँस्स |

**अभ्यास ६** तल दिइएको अनुच्छेद मनमनै पढ र सोधिएका प्रश्नहरूको उत्तर देऊ –

अर्को दिन एकादशी थियो । हामी पशुपतिनाथको दर्शन गर्न पशुपतितिर लाग्यौँ । पशुपति पुगेपछि ठूलोबाले पहिले बाग्मतीमा सेचन गर्नुपर्छ भन्नुभयो । ठूलोबा सेचन गर्न किनारतिर लाग्नुभयो । म र ठूलीआमा उहाँको पछिपछि लाग्यौँ । उहाँले पानी छुनसम्म पनि हिम्मत नगरेको देखेर मलाई आश्चर्य लाग्यो । पानी निकै चिसो भएकोले ठूलोबा डराउनुभएछ भन्ठानेँ तर होइन रहेछ । बाग्मतीको पानीमा ढलैढल मिसिएर दूषित भएछ । "अहो ! कहाँ पशुपतिनाथ र बाग्मतीको महत्त्व, कहाँ बाग्मतीको यत्रो दुर्दशा र प्रदूषण !" ठूलोबा कराउँदै हुनुहुन्थ्यो । पशुपतिनाथको दर्शन गर्ने ठाउँमा निकै भीड थियो तैपनि लाइनमा बसेर राम्रैसँग दर्शन गर्‍यौँ ।

**प्रश्न :**

(क) एकादशी भनेको के हो ?

(ख) बाग्मतीको पानी दूषित हुनाको कारण के हो ?

(ग) ठूलोबाको ठाउँमा तिमी भइदिएका भए के गर्थ्यौ ?

(घ) वातावरणको प्रदूषण रोक्न के-के गर्नुपर्ला ?

**अभ्यास ७** तल दिइएका विषयमा छोटा अनुच्छेद लेख –

(क) मेरो विद्यालय

(ख) मेरो परिवार

(ग) यसपालिको दसैँ

(घ) मामाघर जाँदा

**अभ्यास ८** भित्ते पात्रो हेरी तल दिइएका प्रश्नहरूको जवाफ देऊ -

| वि.सं. २०५१ फागुन | | | | | | |
|---|---|---|---|---|---|---|
| आइत | सोम | मङ्गल | बुध | बिही | शुक्र | शनि |
| ● | १ | २ | ३ | ४ | ५ | ६ |
| ७ प्रजातन्त्र दिवस | ८ | ९ | १० | ११ | १२ | १३ एकादशी |
| १४ | १५ महाशिवरात्री | १६ | १७ औंसी | १८ | १९ | २० |
| २१ | २२ | २३ | २४ | २५ | २६ | २७ |
| २८ | २९ एकादशी | ३० | ● | ● | ● | ● |
| ७ गते राष्ट्रिय प्रजातन्त्र दिवस, १३ गते एकादशी, १५ गते महाशिवरात्री, १७ गते औंसी, २९ गते एकादशी | | | | | | |

(क) यो कति सालको भित्तेपात्रो हो ?

(ख) यो कुन महिनाको भित्रेपात्रो हो ?

(ग) एकादशी कुन-कुन दिन पर्छ ?

(घ) औँसी कुन दिन पर्छ ?

(ङ) ७, १५ र २९ गते कुन-कुन चाडपर्व पर्छन् ?

(च) शनिबार कुन चाड परेको छ ?

(छ) सबभन्दा बढी चाड कुन बार परेको देखिन्छ ?

**अभ्यास ९** **नमुनाका रूपमा दिइएको बसको टिकट हेर त्यसमा दिइएका कुराहरू राम्ररी पढी उदाहरणमा दिइएजस्तै खाली ठाउँ भर -**

टिकट नं.: ५९९०६६ **साझा यातायात**

बस नं. २२३० **दैनिक रात्रि बस सेवा** केन्द्रीय कार्यालय

मिति :- २०५१/९/२० पुलचोक, ललितपुर

| यात्रा मिति | आइपुग्नुपर्ने समय | स्थान | देखि | सम्म | बस छुट्ने समय | सिट नं. |
|---|---|---|---|---|---|---|
| ०५१.८.२१ | ६ बजे | बसपार्क | काठ. | पोखरा | ६:३० बजे | २० |

यात्रीको नाम : [illegible]

ठगाना : पोखरा

यात्री सङ्ख्या : १

| बस भाडा | |
|---|---|
| रु. | पै. |
| ६०/= | |
| [illegible] | |

*नोट : टिकट खरीद गर्दा यात्रा मिति र समय अनिवार्य हेर्नुहोला।*

बुकिङ्ग क्लर्कको सही

## उदाहरण

(क) यो ................. बसको टिकट हो।

**यो साझा यातायात बसको टिकट हो।**

(ख) यो ... नं.को दैनिक ......... बस सेवा हो।

(ग) तिमीलाई ......... गतेको टिकट दिइएको छ।

(घ) बस चढ्नका लागि ......... बजे आइपुग्नुपर्छ र बस ......... बजे छुट्छ।

पाठ ४

# गरीब

- लक्ष्मीप्रसाद देवकोटा

गरीब भन्छौ सुखको मझैं धनी
मिल्दैन संसारभरि कतै पनि ।
विलासको लालस दास छैन म
मीठो छ मेरो रसिलो परिश्रम ॥

प्रयासका पत्थरमा नदीसरि
बहन्छु हाँसी म तरङ्गले भरी ।
म पोखरीझैं उही ठाउँ जम्दिनँ
छ शुद्ध यो जीवनको सबै कण ॥



निधार मेरो पसिना-जडाउ छ,
मोती तिनैका अनमोल भाउ छ ।
छ शान्तिको सुन्दर दीप वासमा
पीयूषको स्वाद छ गाँसगाँसमा ॥

छ भोक मेरो रसिलो छ प्यास
छ अन्तमा व्यञ्जनको सुवास ।
छ थोर आवश्यकता पुगेपछि,
म बस्छु, संसार नयाँ-नयाँ रची ॥

जगत् छ मेरो घरबार सुन्दर
आकाश नीलो छ तले मनोहर ।
छन् रत्न सारा उसमा भराभर
छन् चन्द्रमा दीप तथा प्रभाकर ॥



छ मखमली घाँस बडो मुलायम
म लेट्छु जस्माथि सकी परिश्रम ।
पङ्खा छ मेरो वर वृक्ष सुन्दर
समीर हम्कीकन चल्छ सर्सर ॥

आनन्दको एक कुटी छ झोपडी
पुगिन्छ त्यसमा शिर शैलको चढी
समीरको खेल खुला वरिपरि
अनन्त आकाश नीलो शिरोपरी ॥

**अभ्यास १** तलका शब्दको अर्थ बुझ -

| | | |
|---|---|---|
| विलास | = | ऐस-आराम, मोजमज्जा |
| लालस | = | अतिलोभ, तिर्सना |
| दास | = | नोकर |
| प्रयास | = | कोसिस, जमर्को |
| पत्थर | = | ढुङ्गो, शिला |
| तरङ्ग | = | छाल |
| कण | = | टुक्रा |
| अनमोल | = | धेरै मोल पर्ने |
| पीयूष | = | अमृत |
| व्यञ्जन | = | दाल, तरकारी, अचार आदि |
| सुवास | = | मीठो बास्ना |
| समीर | = | हावा |
| शैल | = | पहाड |

**अभ्यास २** उच्चारण गर -

| | |
|---|---|
| पत्थर | वृक्ष |
| तरङ्ग | झोपडी |
| व्यञ्जन | लेद्नु |

**अभ्यास ३** गरीब कविताका आधारमा तलका प्रश्नहरूको जवाफ देऊ -

(क) 'गरीब' कवितामा 'म' भन्ने व्यक्ति को हो ?

(ख) उसको परिश्रम मीठो हुनाको कारण के हो ?

(ग) कविले जीवनलाई केसँग दाँजेका छन् ?

(घ) तेस्रो अनुच्छेदमा तिनैका भन्नाले के बुझिन्छ ?

**अभ्यास ४** तलको कविताको अर्थ लेख -

"छ थोर आवश्यकता पुगेपछि
म बस्छु संसार नयाँनयाँ रची"

**अभ्यास ५** वाक्यमा प्रयोग गर -

| | | | | |
|---|---|---|---|---|
| विलास | दास | जीवन | सुवास | कुटी |
| लालस | बाँध्नु | कण | प्रभाकर | झोपडी |

**अभ्यास ६** तलका शब्दहरूको अर्थ दिने दुई-दुईओटा शब्द लेख -

| | | | | | |
|---|---|---|---|---|---|
| प्रयास | दीप | पत्थर | समीर | दास | झुपडी |

**अभ्यास ७** पाठ्यांशको आधारमा धनी र गरीबको तुलना गरी लेख -

| धनी | गरीब |
|---|---|
| (क) पैसाको धनी | (क) सुखको धनी |

पाठ ५

# परीक्षाको तयारी

विद्यालयमा परीक्षा चलिरहेको छ । दुई विद्यार्थी सलमा र इन्दिरा भोलिको परीक्षाको विषयमा कुरा गर्दै छन् । भोलि उनीहरूको स्वास्थ्य शिक्षाको परीक्षा हो । भोलि कस्ता प्रश्न आउलान् भन्नेबारे उनीहरू कुराकानी गर्दै छन् । कुन-कुन पाठबाट प्रश्नहरू सोधिने हुन् भन्ने विषयमा पनि उनीहरू कुरा गर्दै छन् । हामी पनि सुनौँ, उनीहरूको कुराकानी-

सलमा - ए इन्दिरा, तिमीले भोलिको परीक्षाका लागि कति तयारी गर्‍यौ ?


इन्दिरा - खै, के तयारी गर्नु ! सबै पाठ त पढिसकेँ तर परीक्षामा लेख्न सकिने हो कि होइन !

सलमा - पढ्न त मैले पनि सबै पाठ पढेँ । जाँचमा कस्ता प्रश्न सोधिने हुन्, डर लागिरहेछ ।

इन्दिरा - आ... जस्तासुकै प्रश्न आऊन् । आफूले सबै विषयवस्तुमा राम्ररी तयारी गरेपछि केका डर ! बरु यसो गरौँ न, म एक-दुईओटा प्रश्न सोध्छु, तिमी तिनका उत्तर देऊ । त्यसै गरी तिमी पनि मलाई प्रश्न सोध, म पनि उत्तर दिने प्रयास गर्छु ।

सलमा - तिमीले एकदम राम्रो कुरा गर्‍यौ । ल म एउटा प्रश्न सोध्छु, तिमी त्यसको जवाफ देऊ । दूध र दूधबाट बन्ने परिकारका बारेमा बताऊ ।

इन्दिरा - तिमीले त कस्तो सजिलो प्रश्न गऱ्यौ । अँ... दूध पूर्ण खाद्यतत्त्व हो । यसले मानवशरीरको वृद्धि र विकास गर्छ । यसमा चिल्लो पदार्थ, खनिज, प्रोटिन, भिटामिन र तरल पदार्थ पाइन्छ । दूधबाट दही, मोही, नौनी, खुवा आदि बनाइन्छ ।



सलमा - तिमीले त पूरै तयारी गरिछ्यौ । कस्तो राम्रो उत्तर दिएकी । खै, आफूलाई त आउँछ कि आउँदैन । सोधिहेर त, कुनै प्रश्न ।

इन्दिरा - तिमीले दूधबारे प्रश्न गऱ्यौ । म सागपातबारे प्रश्न गर्छु । ल भन, सागपातमा के-के पाइन्छ ? अनि कुन-कुन सागपात हामीले खानुपर्छ ?

सलमा - ए, यो त सजिलै छ नि । हरिया सागपातमा भिटामिन, क्याल्सियम, फलाम आदि पाइन्छ । सागपात भनेको पोषणको भण्डार हो । रायो, चम्सुर, पालुङ्गो, मेथी, धनियाँ, बन्दा आदि सागपात हामीले खानुपर्छ ।

इन्दिरा - ओहो ! तिमीले पनि त कस्तो राम्रो जवाफ दियौ नि । ल, अब तिमी मलाई अर्को प्रश्न सोध ।

सलमा - ल, अब म तिमीलाई अर्को प्रश्न सोध्छु । अँ... स्वस्थ रहन कुन-कुन कुरामा ध्यान दिनुपर्छ, ल भन ।



इन्दिरा - यो त झन् सजिलो छ । स्वस्थ रहन हामीले आफ्नो व्यक्तिगत सरसफाइ गर्नुपर्छ । त्यस्तै, हाम्रो वरपरको वातावरण स्वच्छ राख्नुपर्छ । अनि पौष्टिक तत्त्व प्रशस्त मात्रामा खानुपर्छ । अनि अरू कुरा ...



सलमा - पख, म पनि थपिदिन्छु, है ? हामीले व्यायाम पनि गर्नुपर्छ । त्यस्तै, प्रशस्त आराम पनि गर्नुपर्छ । जेहोस्, तिमीले राम्रै जवाफ दियौ । अब तिमी एउटा प्रश्न सोध त ।

इन्दिरा - मानिसको स्वास्थ्यलाई हानि गर्ने कुरा के-के हुन् ?

सलमा - हेर, धेरै मात्रामा चिया, कफी खान हुँदैन । जाँड-रक्सी त झन् छुनै हुँदैन । यी चीजहरूको सेवन गर्नाले हामीलाई हानि गर्छ । मिल्यो कि मिलेन ?



इन्दिरा - एकदम ठीक उत्तर दियौ ।

सलमा - तिमीले पनि त जम्मै प्रश्नका उत्तर दियौ नि ।

इन्दिरा - ल अब जाऊँ क्यारे । भोलि परीक्षा भवनमा भेटौंला ।

सलमा - हुन्छ, भोलि उतै भेटौंला । तिम्रो परीक्षा राम्रो होओस् भन्ने शुभकामना ।

इन्दिरा - तिमीलाई पनि शुभकामना ।



**अभ्यास १** तलका शब्दको अर्थ बुझ -

पूर्ण = पूरा

खाद्य = खाइने

मानव = मानिस

खनिज = खानीबाट निस्कने

प्रोटिन = एउटा पोषक तत्त्व

भिटामिन = एउटा पोषक तत्त्व

तरल = झोल

क्याल्सियम = हाड आदि बलियो पार्ने एक तत्त्व

सेवन = औषधी प्रयोग गर्ने काम, खाने काम

**अभ्यास २** तलका खाली ठाउँमा मिल्दा शब्द लेख -

| नि | क्यारे | पो | त | ब्यारे |

आज तिम्रा बुबा घर आउनुहुन्न ...... । तिमी एक्लै...... पर्ने भयौ, तर तिमी डराउन पर्दैन ...... । तिमीलाई साथी चाहिए हामी छँदैछौँ ... । हामी छौँ भनेर नै तिम्रो बुबा नआउनुभएको ...... हो नि ।

**अभ्यास ३** **उदाहरण हेरी एउटै अर्थ दिने विभिन्न शब्द लेख –**

**उदाहरण**

**मानव= मान्छे, मानिस**

| | | | | | |
|---|---|---|---|---|---|
| (क) | चाँडै | = | (ख) | ज्यादै | = |
| (ग) | अलग | = | (घ) | महिला | = |
| (ङ) | पुरुष | = | (च) | भीड | = |

**अभ्यास ४** **उदाहरण हेरी केटी मान्छेलाई भन्दा र केटा मान्छेलाई भन्दा हुने फरक बुझ र वाक्यलाई परिवर्तन गर –**

**उदाहरण**

**रामले काम गरेछ। सीताले काम गरिछ।**

(क) कृष्णले गीत गाएछ।

(ख) केटाले रूख रोपेछ।

(ग) भाइले किताब पढेछ।

(घ) कमलाले बत्ती निभाइछ।

(ङ) सुन्दरीले गाजल लाइछ।

**अभ्यास ५** **तालिकाबाट वाक्यहरू बनाऊ –**

| | | | |
|---|---|---|---|
| कस्ता | फलफूल<br>सागपात | ल्याइने<br>काटिने<br>खाइने।<br>बेचिने<br>टिपिने | हुन्। |

**अभ्यास ६** उदाहरणमा दिइए जस्तै गरी वाक्यलाई बदल -

<u>उदाहरण</u>

**म प्रश्न सोध्छु, तिमी उत्तर देऊ ।**

**तिमी प्रश्न सोध, म उत्तर दिन्छु ।**

(क) म गीत गाउँछु, तिमी मादल बजाऊ ।

(ख) तँ रेडियो खोल्, म गीत सार्छु ।

(ग) तपाईं अम्बा झार्नुहोस्, म डालो थाप्छु ।

(घ) तिमी बिरुवा रोप, हामी बार बार्छौं ।

(ङ) ऊ सलाई कोर्छ, उनी धूप बाल्छन् ।

**अभ्यास ७** वाक्यमा प्रयोग गर -

| | | | |
|---|---|---|---|
| खाद्य | खनिज | प्रोटिन | भिटामिन |
| तरल | क्याल्सियम | सागपात | वृद्धि |

| | | | | |
|---|---|---|---|---|
| शरीर | भण्डार | पौष्टिक | स्वास्थ्य | व्यायाम |

**अभ्यास ८** दूध र सागपातबाट के फाइदा हुन्छ, एक अनुच्छेदमा लेख ।

# पाठ ६ सेवा गरे मेवा मिल्छ

कुनै गाउँमा सन्तु भन्ने एउटा अन्धो केटो बस्थ्यो । उसका घरमा बाबु र एउटा कुकुरबाहेक अरू कोही थिएन ।

एक दिन सन्तु कोठामा बसिरहेको थियो । त्यही कोठामा लालटिनको उज्यालामा उसका बाबु केही लेख्दै थिए । सन्तुले दुई -चारपटक आफ्नो कुकुरलाई बोलायो । कुकुर नआएपछि ऊ जुरुक्क उठ्यो र छामछाम-छुमछुम गर्दै ढोकातिर लाग्यो । कोठामा लालटिन बलिरहेको छ भनेर उसलाई पत्तै भएन । हिँड्दा लालटिनमा अल्झेर ऊ लड्यो । लालटिन घोप्टियो । त्यसको मट्टीतेल छताछुल्ल भयो । अनि लालटिनको चिम पनि फुट्यो । यो देखेर उसका बाबु एकदमै रिसाएर कराउन थाले -

"हत्तेरी ! आज फेरि लालटिन ढाल्यो ! ए, चिम पनि फुटाएछ । सन्ते ! तैं त खालि उपद्रो मात्र गर्छस् । तैंले एउटा न एउटा काम नबिगारेको त दिनै छैन । म त तँलाई देखेर हैरान भैसकें । हरे शिव ! मेरो कर्म पनि कस्तो रहेछ । यस्तो छोरो जन्मनुभन्दा त बरु नजन्मेकै भए बेस हुन्थ्यो ..."



बाबुको कुराले सन्तुको चित्त साह्रै दुख्यो - "अहो । मैले बालाई असाध्यै दुःख दिएछु । मलाई देखेर बा दिक्क भइसक्नुभयो भने म यो घरमा बस्ने कामै छैन । अब मैले घरबाट निस्केर कतै टाढा जानुपर्छ ।" सन्तुले मनमनै विचार गऱ्यो । अनि आफ्नो प्रिय साथी कुकुरलाई सँगै डोऱ्याई सन्तु घरबाट निस्क्यो ।



सन्तु हातमा एउटा लामो लट्ठी लिन्थ्यो र त्यही कुकुरलाई सँगसँगै डोऱ्याएर दिनभरि लर्खराइरहन्थ्यो । कुकुर पनि सन्तुलाई चौपट्टै माया गर्थ्यो र हर तरहबाट उसलाई पहरा दिइरहन्थ्यो । यी दुई जना कहिले पाटीमा सुत्थे त कहिले भुइँमै । कहिले सडकको पेटीमा सुत्थे भने कहिले रूखको फेदमा ।



कुकुर विभिन्न किसिमको नाच देखाउँथ्यो र त्यो हेर्न मानिस झुम्मिन्थे । उनीहरू सन्तुलाई एक/दुई पैसा दिन्थे र जान्थे । त्यही पैसा र मागेको पैसा जम्मा गरी सन्तु केही खाने कुरा किन्थ्यो । अनि आफू पनि खान्थ्यो, कुकुरलाई पनि दिन्थ्यो ।

एक रात टहटह जून लागिरहेको थियो । सन्तु ठूलो रूखको चौतारीमा कुकुरलाई काखी च्यापेर सुतिरहेको थियो । ऊ भुसुक्क निदायो र सपना देख्न थाल्यो । सपनामा एउटी अति राम्री परीले उसलाई भनिन् - "तिमी मलाई देख्न सक्छौ ?"



"अहँ, म अन्धो छु । तिमी मलाई देख्नसक्ने बनाइदिन सक्छ्यौ ?" सन्तुले सोध्यो ।

"म तिमीलाई देख्नसक्ने बनाउन त सक्दिनँ तर तिमीले आफैँलाई मदत गर्नुपर्छ । सन्तु । तिमीले कुनै असल काम गर्नेबित्तिकै तिम्रो आँखामा ज्योति आउनेछ । तिमीले अरूलाई मदत गरेका बेला तिमी पहिलेभन्दा अलि राम्ररी देख्न सक्नेछौ तर तिमी स्वार्थी भयौ र अरूलाई मदत गरेनौ भने तिम्रा आँखाको ज्योति हराउनेछ ।"

बिहानको न्यानो घामले सन्तुलाई ब्यूँझायो । सधैँझैँ ऊ कुकुरलाई लिएर पैसा माग्न हिँड्यो । बाटोमा एउटा बूढो माग्ने कराइरहेको थियो - "एक पैसा देऊ न, एक पैसा देऊ न ।"

सन्तुले भन्यो - "मैले पैसा दिने रे ? म पनि त तिमीजस्तै माग्ने हुँ नि । मैले के पैसा दिने ? त्यसमाथि म अन्धो छु ।"

बूढो माग्नेले भन्यो -
"तिमीभन्दा म दु:खी छु, बाबु ।
तिमी हिँड्न सक्छौ, तर म
अन्धो र लङ्गडो पनि छु ।"



सन्तुले आफूसँग भएको एक पैसा माग्नेलाई दियो । त्यति नै खेर उसका आँखामा उज्यालो ज्योति आयो । ऊ त पहिलेभन्दा अलि देख्न सक्ने भएछ । निकै बेर मागेपछि सन्तुले केही खाने कुरा पायो र त्यही लिएर ऊ पाटीमा सुत्न गयो ।

पाटीमा उसले एउटी बूढी आइमाईले 'भोक लाग्यो, भोक लाग्यो' भनी कराइरहेको सुन्यो । बूढी बिरामी र धेरै दिनकी भोकाएकी थिइन् । सन्तुले के खाउँला भन्ने वास्तै नगरी ती बूढीलाई आफूले खान लागेको कुरा दियो । त्यो दिनेबित्तिकै उसका आँखामा झन् उज्यालो आयो । बाहिरको टहटह जून पनि उसले अनुभव गऱ्यो । त्यो रात सन्तु भोकै सुत्यो ।



भोलिपल्ट सन्तुको कुकुरले एउटा कुखुरो च्यापेर ल्याएछ । त्यो कुखुरा बेचेपछि सन्तुले केही पैसा पायो तर त्यो पैसा हातमा लिनेबित्तिकै उसका आँखामा कालो पर्दाजस्तो लाग्यो । ऊ अघि जस्तो गरी देख्न नसक्ने भयो । "अहो ! मैले गल्ती गरेँ । अरूको माल मैले त्यसै लिन नहुने थियो । गएर उसको पैसा दिन्छु ।" सन्तुले मनमनै विचार गऱ्यो ।

सन्तुले कुखुराको मालिकलाई भन्यो - "मेरो कुकुरले तपाईंको कुखुरा ल्याएछ । माफ गर्नुहोस् , यो पैसा लिनुहोस् ।"

सन्तुले कुखुराको मालिकलाई पैसा दिनेबित्तिकै फेरि उसका आँखामा उज्यालो आयो । ऊ घाम-छायासम्म छुट्याउन सक्ने भयो ।





यसरी नै सन्तुका दिन बित्न थाले । एक दिन कुकुरलाई लिएर सन्तु नदीका किनारमा पुग्यो । नदीमा बाढी आइरहेको थियो । त्यत्तिकैमा कसैले 'गुहार ! गुहार !' भनेको आवाज उसका कानमा पऱ्यो । त्यस मानिसलाई कसरी बचाउने भनेर सन्तुले सोच्नै सकेन ।

"यही एउटा कुकुर छ । यसलाई पनि बाढीले बगायो भने मैले के गर्ने ? " सन्तु यस्तै कुरा सोच्दै थियो । फेरि 'गुहार ! गुहार !' को आवाज चारैतिर घन्किन थाल्यो । आखिरमा सन्तुले त्यस मानिसलाई बचाउन कुकुरलाई नदीमा पठायो ।



केही बेरपछि स्याँ-स्याँ गर्दै एउटा मान्छे सन्तुको नजिक आयो र उसलाई धन्यवाद दियो ।

"मेरो कुकुर खै त ?" सन्तुले आत्तिँदै सोध्यो ।

"मैले तिम्रो कुकुरलाई बचाउन धेरै कोसिस गरेँ तर सकिनँ...।" त्यस मानिसले भन्यो ।

उसको कुरा सकिन नपाउँदै सन्तु मुख छोपेर डाँको छोडेर रुन थाल्यो- "हरे ! म अब कसरी बाँच्नु ? यस संसारमा अब मेरो भन्ने कोही छैन ।"

त्यस मानिसलाई सन्तुप्रति दया जाग्यो । उसले भन्यो "हिँड, म तिमीलाई घर पुऱ्याइदिन्छु । तिम्रा बाले तिमीलाई अर्को कुकुर किनिदिनुहुन्छ ।"

"मैले घर छाडेको त कति वर्ष भइसक्यो । मेरी आमा थिइनन् । म अन्धो भएको कारणले बा गाली गरिरहन्थे । मैले एक दिन लालटिन ढालेँ अनि चिम फुट्यो । त्यसपछि बाले साह्रै चित्त दुख्ने गरी गाली गरे । मलाई घरमा बस्नै मन लागेन । त्यही कुकुरसिवाय मेरो कोही थिएन ।" सन्तुले रुँदै भन्यो । सन्तुका कुराले त्यस मान्छेको हृदय छिया-छिया भयो ।

"बाबु ! तिमी मलाई आफ्नो मुख देखाऊ त ।" त्यस मान्छेलाई सन्तुको आवाज चिनेजस्तो लाग्यो ।

सन्तु त्यस मान्छेपट्टि फर्कियो । त्यस मान्छेले उसको अनुहार राम्रैसँग देख्यो । त्यो मान्छे अरू कोही नभएर उसकै छोरो रहेछ !

सन्तुलाई छातीमा टाँस्दै उसले भन्यो -

"सन्तु ! मलाई माफ गर । म तिम्रो निर्दयी बाबु हुँ । तिमीले किन घर छोडेर हिँडेको, सन्तु ? बाबुले त्यति भन्दैमा तिमीले चित्त दुखाएर घर छोड्नुपर्थ्यो त ? आखिर म तिम्रो बाबु पो हुँ । मलाईजति तिम्रो माया कसलाई लाग्ला ? कति दिन मागेर खान्छौ, हिँड घर जाऔँ । अबदेखि म कहिल्यै तिम्रो चित्त दुखाउने छैन ।"

सन्तुले पनि उसलाई बाबु भनी चिन्यो अनि भन्यो - "म अब राम्ररी देख्छु, अन्धो छैन बा। अब मागेर खान पर्दैन। काम गर्नसक्छु।"

"जे भए पनि मेरो पनि तिमीबाहेक को छ र! हिँड घरै जाऊँ।" बाबुले यति भनेपछि सन्तु र उसका बाबु घरतिर लागे। बाटाभरि सन्तुले बाबुलाई परीको कथा सुनाउँदै गयो। परीले सेवा गर्नु भनेको कुरा पनि उसले बाबुलाई बतायो।

बाबुले भने -

"परीको कुरा त सत्य हो, सन्तु! त्यसैले त 'सेवा गरे मेवा मिल्छ' भनेको नि।"

सन्तुले परीका शब्द र आफ्नो प्रिय साथी कुकुरलाई कहिल्यै बिर्सन सकेन।

**अभ्यास १** तलका शब्दको अर्थ बुझ –

| | | |
|---|---|---|
| कर्म | = | भाग्य |
| उपद्रो | = | नचाहिने काम, चकचक |
| लर्खराउनु | = | बिना काम यताउति हिँडिरहनु |
| चौपट्टै | = | असाध्यै |
| झुम्मिनु | = | थुप्रनु, एकै ठाउँमा भेला हुनु |
| डाँको छोड्नु | = | ठूलो स्वरले रुनु |
| छिया-छिया हुनु | = | प्वालैप्वाल पर्नु |

**अभ्यास २** तलका प्रश्नहरूको उत्तर देऊ –

(क) सन्तु किन घरबाट निस्क्यो ?

(ख) कुकुरले उसलाई कसरी मदत गऱ्यो ?

(ग) परीले उसलाई सपनामा के भनिन् ?

(घ) सन्तुले गरेका राम्रा र नराम्रा काम के-के हुन् ?

(ङ) ऊ कसरी देख्न सक्ने भयो ?

**अभ्यास ३** शुद्धसँग उच्चारण गर –

| | | | | |
|---|---|---|---|---|
| ठाउँ | टहटह | लर्खराउनु | स्वार्थी | निर्दयी |

**अभ्यास ४** 'सेवा गरे मेवा मिल्छ' कथामा केपछि के भयो, क्रमैसँग बुँदाका रूपमा लेख –

(क) सन्तुले लालटिनको चिम फुटायो ।

(ख) ..............................

(ग) ..............................

**अभ्यास ५** तलका शब्दहरूको पर्यायवाची शब्द लेख –

| पहरा दिनु | विभिन्न | ज्योति | निर्दयी | स्वार्थी | परी |
|---|---|---|---|---|---|

**अभ्यास ६** तलका उखान-टुक्कालाई वाक्यमा प्रयोग गर –

(क) कागभन्दा कोइली चङ्ख

(ख) मेरो गोरुको बाह्रै टक्का

(ग) सेवा गरे मेवा मिल्छ

(घ) बाँदरको पुच्छर लौरो न हतियार

**अभ्यास ७** पाठमा भएका 'टहटह' र 'छियाछिया' जस्ता अनुकरणात्मक शब्दहरूको सूची तयार गर ।

**अभ्यास ८** कसले कसलाई भनेको हो, लेख –

(क) तिमीले आफैँलाई मदत गर्नुपर्छ ।

(ख) तिमीले असल काम गऱ्यौ भने तिम्रा आँखा ठीक हुनेछ ।

(ग) हरे ! म अब कसरी बाँच्नु ?

(घ) मलाई आफ्नो मुख देखाऊ, त ।

**अभ्यास ९** तलको तालिकाबाट वाक्यहरू बनाऊ -

| | | | |
|---|---|---|---|
| | तिमीजस्तै | मागने | |
| म पनि | ऊजस्तै | ज्ञानी | हुँ । |
| | तपाईंजस्तै | धनी | |

**अभ्यास १०** खाली ठाउँमा मिल्दा शब्द थपी वाक्य पूरा गर -

<u>उदाहरण</u>

मैले पैसा दिने ...

मैले पैसा दिने रे ?

त   नि   पो   ए   न  अहो !  हरे शिव !

(क) उसलाई...... सबैको माया लाग्छ ।

(ख) म जान्छु । तिमी ......

(ग) ...... उनी त पास भइछन् ।

(घ) बस ...... । कति उभिन सकेको ?

(ङ) ...... के सुन्नुपर्‍यो ।

(च) किताब ल्याइदियौ ? ...... भुसुक्कै बिर्सेछु ।

**अभ्यास ११** तालिकामा लेख -

तिम्रो गाउँ-शहरमा भएका अन्धा, लङ्गडाजस्ता अपाङ्गले आफ्नो गाउँ/शहर विकासका निम्ति कसरी सहयोग गरेका छन् र उनीहरूलाई हामी कसरी सहयोग गर्न सक्छौं ?

| अपाङ्गले गाउँ/शहरका लागि गरेका सहयोग | हामीले उनीहरूलाई गर्न सक्ने सहयोग |
|---|---|
| | |

**अभ्यास १२** तलका वाक्यहरू हेर -

(क) ला ! मट्टीतेल त छताछुल्ल भएछ !

(ख) ए ! चिम पनि फुटेछ !

(ग) हरेशिव ! मेरो कर्म कस्तो रहेछ !

(घ) अहो ! ऊ त राम्ररी देख्नसक्ने भएछ !

माथिका वाक्यहरूमा ! चिन्ह लगाइएको छ । किन होला ? किनभने हर्ष, विस्मात, घृणा, आश्चर्य जनाउने र सम्बोधन गर्दा लाग्ने चिन्हलाई विस्मयादिबोधक वा उद्गार चिन्ह भन्छन् ।

**अभ्यास १३** तलका वाक्यहरूमा छेउमा दिइएका चिन्हहरू मिल्ने गरी थप -

(क) मलाई माफ गर

(ख) हरे मैले अब कसरी बाँच्ने

(ग) उसले एक दुई तीन गरी गन्दै गयो

(घ) तिमी मलाई देख्न सक्ने बनाइदिन सक्छौ

| |
|---|
| । |
| , |
| ? |
| ! |

पाठ ७

# पासाङ ल्हामु र नारायणगोपाल

'नेपाल' - यो नाम आफैँमा धन्य छ । पाखापखेरा र हिमालजस्ता प्राकृतिक दृश्यहरूले यसको सौन्दर्य बढाएका छन् । सारा विश्वलाई शान्तिको बाटो देखाउने महामानव बुद्धले यही पुण्यभूमिमा जन्म लिएका थिए । 'वीर गोर्खाली', जसले वीरताका क्षेत्रमा संसारको नै अगुवाइ गरे । यति मात्र कहाँ हो र, नेपालीहरू कलाकौशलका क्षेत्रमा पनि त्यत्तिकै उत्कृष्ट छन् भन्ने कुरा अरनिकोले चीनसम्म पुगेर साबित गरे । त्यसै गरी भृकुटीले पनि नेपाललाई चिनाउन अविस्मरणीय कार्य गरेकी थिइन् । नेपाल माताका यी प्यारा सुपुत्र र सुपुत्रीहरूलाई कहिल्यै पनि बिर्सन सकिँदैन ।

नेपाल आमाका यस्तै प्यारा सन्ततिहरू हुन् - पासाङ ल्हामु सेर्पा र नारायणगोपाल । अब हामी यी अमर छोरी र छोराका बारेमा केही चर्चा गरौँ ।

## पासाङ ल्हामु सेर्पा



सगरमाथाको चुचुरामा पाइला टेक्ने पहिलो नेपाली महिला पासाङ ल्हामु सेर्पा हुन् । यिनी वि.सं. २०१७ साल मङ्सिर महिनामा सोलुखुम्बु जिल्लाको चौँरीखर्कमा जन्मेकी थिइन् । यिनी साहसी, दृढसङ्कल्पित, अदम्य उत्साही, आँटिली, स्वाभिमानी र आफ्नो उद्देश्य पूर्ति गर्ने कार्यमा अडिग

महिला थिइन् । सानैदेखि यिनमा पर्वतारोहणको सोख थियो । त्यसैले यिनले फ्रान्समा पर्वतारोहणसम्बन्धी तालिम पनि लिएकी थिइन् । यिनको विवाह सोनाम लाक्पा सेर्पासँग भएको थियो । यिनीहरूका दुई छोरी र एक छोरा छन् ।

तिमीहरूलाई थाहा छ - विश्वको सर्वोच्च शिखर सगरमाथा नेपालमा छ । त्यही कारणले नेपाललाई विश्वको छाना पनि भन्छन् । सगरमाथाको सौन्दर्य देखेर धेरै जना मोहित हुन्छन् र यसको टाकुरामा पुग्न लालायित बन्छन् । तेन्जिङ नोर्गे सेर्पा र एडमन्ड हिलारीले पहिलो पटक सगरमाथाको टाकुरामा पाइला टेके । त्यसपछि आजसम्म पनि विभिन्न देशका महिला र पुरुषहरू सगरमाथा चढ्ने जोखिमपूर्ण अभियानमा लागेका छन् । यिनीहरूमध्ये कतिले सगरमाथामा पाइला टेकेर आफ्नो उद्देश्य पूरा गरे भने कतिले त्यहीं आफ्नो ज्यान गुमाए ।

जुन्को ताबेई नामकी जापानी महिला पहिलोचोटि सगरमाथाको चुचुरामा पुगेकी हुन् । यसपछि महिलाहरू पनि त्यसप्रति आकर्षित हुन थाले । विभिन्न देशका महिलाहरूले सगरमाथाको सफल आरोहण गरिसकेका छन् । पासाङलाई पनि यस रहरले कुत्कुत्यायो । 'नेपालमा रहेको सर्वोच्च शिखरको टाकुरामा नेपाली महिलाले पाइला नटेक्नु !' नेपाली महिला पनि पुरुषजत्तिकै सक्षम छन् भन्ने देखाउन उनले सगरमाथा चढिछाड्ने दृढ प्रतिज्ञा गरिन् ।

सगरमाथाको टाकुरामा पुग्ने आफ्नो महान् उद्देश्य पूरा गर्न पासाङले बारम्बार कोसिस गरिन् । तीन पटकसम्म कोसिस गर्दा पनि यिनी चुचुरामा पुग्न सकिनन् तर यिनले हिम्मत हारिनन् । असफलतालाई चुनौतीका रूपमा स्वीकार्दै यिनी चौथो पटक सगरमाथा चढ्ने तयारी गर्न थालिन् । यिनको परिवारका सदस्यहरूलाई यो कुरा पटक्कै मन परेन । उनीहरूले पासाङलाई सगरमाथाको चुचुरामा पुग्ने आकाङ्क्षा नलिन आग्रह गरे तर कसैको केही लागेन । यिनले जे भए पनि सगरमाथाको सफल आरोहण गरिछाड्ने अठोट गरिन् र आरोहण सुरु गरिन् । नभन्दै, वि.सं.२०५० वैशाख १० गते बिहीबारका दिन दिउँसो २:१५ मा पासाङले सगरमाथाको शिखरमा पाइलो टेकिन् । अनि नेपाली

महिलाहरूको साहस र गौरवको प्रतीकस्वरूप त्यहाँ नेपालको राष्ट्रिय झन्डा फहराइन् । पासाङको मात्र नभई त्यो सम्पूर्ण नेपाली महिलाहरूको सगरमाथा विजय थियो ।

सगरमाथामा विजयको झन्डा फहराएर फर्कंदा प्रतिकूल मौसमसँग लड्दालड्दै वीराङ्गना पासाङले सधैँका लागि हामीलाई छाडेर गइन् । यो क्षण नेपाली जनताका लागि हाँसो र आँसुको क्षण बन्न पुग्यो । पासाङ मरेर पनि अमर बनिन् । नेपालको पर्वरातोहणको इतिहासमा उनको नाम स्वर्ण अक्षरले लेखिएको छ । मरणोपरान्त पासाङलाई धेरै पुरस्कारले सम्मानित गरियो ।

## नारायणगोपाल



स्वरसम्राट नारायणगोपालको पूरा नाम नारायणगोपाल गुरुवाचार्य हो तर सबै उनलाई नारायणगोपालकै नामले चिन्छन् । नारायणगोपालको जन्म वि.सं.१९९६ साल असोज १८ गते काठमाडौँको किलागलमा भएका थियो । उनले स्नातक तहको अध्ययन पूरा गरेका थिए । साथै उनले भारतको बडौदामा सङ्गीतको अध्ययन पनि गरेका थिए । वि.सं. २०१७ सालतिर रेडियो नेपालबाट नारायणगोपालका स्वरहरू गुञ्जिन थाले । उनका सुरुका गीतहरूमा - 'स्वर्गकी रा- नी... मायाकी खानी...; अल्झेछ क्यारे पछ्यौरी... - जस्ता गीतहरू पर्छन् । नारायणगोपाल महान् गायक हुन् । उनी नेपाल आमाका श्रेष्ठ गायक

सन्तानहरूमध्ये एक हुन् । उनी त्यस्ता गायक थिए, जो जस्तोसुकै गीत-रचनालाई पनि जीवन्त तुल्याउन सक्थे, शब्द-शब्दमा प्राण भर्न सक्थे । उनको स्वरमा जादु थियो । त्यसैले उनले गाएका लोकगीत, राष्ट्रिय गीत र आधुनिक गीतले सबैको मुटु छोएका छन् ।

नारायणगोपाल गायक मात्र होइनन्, सङ्गीतकार पनि थिए । उनी गीतको अर्थलाई उपयुक्त सङ्गीतमा ढाल्थे र मुटु छुने गरी गाउँथे । सङ्गीतप्रति उनको ज्यादै मोह थियो र समर्पण पनि । त्यसैकारणले आफ्ना दुई जना साथीहरूको सहयोग लिई उनले 'बागीना' (बाजा+गीत+नाच) भन्ने तीन महिने पत्रिका पनि प्रकाशित गरेका थिए ।

नारायणगोपाललाई धेरै सम्मान तथा विभूषणहरूले पुरस्कृत गरिएको छ । उनले गोरखा दक्षिण बाहु (चौथो), त्रिशक्ति पट्ट (तेस्रा), इन्द्रराज्यलक्ष्मी प्रज्ञा पुरस्कार, जगदम्बा श्री पुरस्कार, सर्वोत्तम सङ्गीतकार (२०३३), सर्वोत्तम गायक (२०२४) र अरू थुप्रैथुप्रै पुरस्कार पाएका छन् । त्यसै गरी उनको सम्मानका लागि वि.सं. २०४७ साल कार्तिकमा रु. ५१ हजारको 'नारायणगोपाल अवार्ड' को स्थापना गरिएको छ । साथै नारायणगोपाल सङ्गीत कोषको पनि स्थापना भएको छ ।

५१ वर्षको उमेरमा २०४७ साल मङ्सिर १९ गते नारायणगोपाल सधैँका लागि हामीलाई छाडेर गए । उनी हाम्रा माझ छैनन् तर उनले गाएका गीतहरू हामी सबैका कानमा गुन्जिरहेका छन् र हाम्रा ओठहरूले गुनगुनाइरहेका छन् ।

आँखा छोपी नरोऊ भनी भन्नु पऱ्या' छ ......  
मुटुमाथि ढुङ्गा राखी हाँस्नु पऱ्या' छ ...  
म त लाली गुराँस भएछु  
बनैभरि फुलिदिन्छु...

नारायणगोपाल मरेर पनि अमर बने । नेपालको सङ्गीतको इतिहासमा उनको नाम स्वर्ण अक्षरले लेखिएको छ ।

**अभ्यास १** **तलका शब्दको अर्थ बुझ –**

| | | |
|---|---|---|
| धन्य | = | प्रशंसा गर्न योग्य |
| सौन्दर्य | = | सुन्दरता |
| अमर | = | कहिल्यै नमर्ने |
| सन्तति | = | सन्तान |
| उत्कृष्ट | = | ज्यादै माथिल्लो तहको |
| दृढ | = | कुनै किसिमबाट पनि आफ्नो ठाउँबाट नहल्लिने, आफ्नो विचारमा अडिरहने |
| उत्साही | = | हौसला वा उत्साह राख्ने |
| मोहित | = | लोभिएको |
| लालायित | = | असाध्यै लोभी, ज्यादै इच्छा भएको |
| जोखिमपूर्ण | = | डरलाग्दो |
| मरणोपरान्त | = | मरेपछि |
| सम्राट | = | राजा |
| स्नातक | = | एस.एल.सी. पछिको चार वर्षको थप पढाइ |
| शताब्दी | = | सय वर्षको अवधि |
| जीवन्त | = | जिउँदो |
| विभूषण | = | तक्मा |

**अभ्यास २** तलका प्रश्नहरूको उत्तर देऊ –

(क) नेपाललाई विश्वको छाना मानिनुको कारण के हो ?

(ख) सगरमाथामा पाइलो टेक्ने पहिलो महिला को हुन् ?

(ग) पासाङले कुन दिन सगरमाथा विजय गरेकी हुन् ?

(घ) पासाङको सगरमाथा विजयको क्षण नेपाली जनताका लागि हाँसो र आँसुको क्षण किन भएको हो ?

(ङ) नारायणगोपाललाई यस शताब्दीका महान् नायक भन्नुको कारण के हो ?

(च) नारायणगोपालका गीतले सबैको मुटु छुनाको कारण के हो ?

(छ) नारायणगोपालले पाएका पुरस्कारहरू के-के हुन् ?

**अभ्यास ३** तलका शब्दहरू उच्चारण गर –

| | | | |
|---|---|---|---|
| दृढ | सङ्कल्पित | अडिग | कुत्कुत्याउनु |
| अठोट | प्राण | समर्पण | पुरस्कृत |
| सर्वोत्तम | सम्राट | | |

**अभ्यास ४** (क) तलका शब्दहरू प्रयोग गरी पासाङका बारेमा एक अनुच्छेद लेख –

| | | | | |
|---|---|---|---|---|
| साहसी | उत्साही | आँटिली | स्वाभिमानी | अडिग |
| मोहित | लालायित | आकर्षित | सक्षम | सर्वोच्च |
| जोखिमपूर्ण | उत्कृष्ट | सुन्दर | नेपाली | सफल |

(ख) तलका शब्दहरू प्रयोग गरी नारायणगोपालबारे आफूले जानेका कुरा सिलसिला मिलाई लेख –

| | | | | |
|---|---|---|---|---|
| स्नातक | सङ्गीत | अध्ययन | स्वरसम्राट | स्वर्ग |
| खानी | जीवन्त | जादु | मुटु छुनु | ढाल्नु |
| समर्पण | सम्मान | विभूषण | सङ्गीत-कोष | अमर |

**अभ्यास ५** अर्थ खुल्ने गरी तलका टुक्कालाई वाक्यमा प्रयोग गर –

(क) सुनमा सुगन्ध  (घ) प्राण भर्नु

(ख) रहरले कुत्कुत्याउनु  (ङ) मुटु छुनु

(ग) हिम्मत हार्नु  (च) हावा लाग्नु

**अभ्यास ६** तलको अनुच्छेद मनमनै पढ र सोधिएका प्रश्नको जवाफ लेख -

नारायणगोपाल गायक मात्र होइनन्, सङ्गीतकार पनि थिए। उनी गीतको अर्थलाई उपयुक्त सङ्गीतमा ढाल्थे र मुटु छुने गरी गाउँथे । सङ्गीतप्रति उनको ज्यादै मोह थियो र समर्पण पनि। त्यसैकारणले उनले आफ्ना दुई जना साथीहरूको सहयोग लिई 'बागीना' (बाजा + गीत + नाच) भन्ने तीनमहिने पत्रिका प्रकाशित गरेका थिए।

**प्रश्नहरू**

(क) नारायणगोपाल के थिए ?

(ख) गीतलाई सङ्गीतमा ढाल्ने काम कसले गर्छ ?

(ग) गीत गाउनेलाई के भनिन्छ ?

(घ) सङ्गीतप्रति नारायणगोपालको मोह र समर्पण थियो भन्ने कुरा कसरी थाहा पाउन सकिन्छ ?

(च) बागीना कस्तो खाले पत्रिका हो ?

**अभ्यास ७** तलका शब्दहरूको पर्यायवाची शब्द लेख -

| | | | |
|---|---|---|---|
| विश्व | मानव | छोरी | भूमि |
| थैलो | बारम्बार | सधैं | गीत |

# पाठ ८ नदी

- माधवप्रसाद घिमिरे



सानी नदी पर्वतबाट झर्छिन्
हाहा र हुहू वनभित्र गर्छिन्
खोला र नाला सँगिनी हजार
आएर भेट्छन् वनको पुछार ॥

त्यो घामछायामय कुञ्जभित्र
छन् इन्द्रिनीका रचना विचित्र
आनन्दमा चट्ट फिँजाई लट्टा
खेल्छिन् छहारीमनि नित्य गट्टा ॥

रिसाई पाखा पहरा लछार्छिन्
ढुङ्गा र मुढा तटमा पछार्छिन्
बाढी र पैह्रासित गड्गडाई
थर्काउँछिन् पर्वतराजलाई ॥

घुमेर हेरीकन गाउँलाई
पहाड-पाखा हरिया बनाई
जान्छिन् यिनी दूर समुद्र भेट्न
सक्तैन कोही यिनलाई रोक्न ॥

**अभ्यास १** **तलका शब्दको अर्थ बुझ -**

| | | |
|---|---|---|
| पर्वत | = | पहाड |
| हाहा-हुहू | = | ठट्टा-रमाइलो, हल्लीखल्ली, खिल्ली उडाउनु |
| सँगिनी | = | साथी |
| पुछार | = | आखिरी ठाउँ, सबभन्दा पछिल्लो भाग |
| घामछायामय | = | घाम र छाया दुवै भएको |
| कुञ्ज | = | लहरा र रूखपातले ढाकिएको ठाउँ |
| रचना | = | बनाउने काम, बनाइएको वस्तु आदि |
| लट्टा | = | कोर्न अप्ठ्यारो हुने गरी जमेर डल्लो परेको कपाल |
| गट्टा | = | केटाकेटी खेल्ने मसिना र गोल मिलेका ढुङ्गाका टुक्रा |
| पाखो | = | भिरालो जग्गा |
| पहरा | = | रेखदेख |
| लछार्नु | = | घिसार्नु, पछार्ने गरी घिच्याउनु |
| मुढो | = | ढालेको र हाँगाबिँगा काटेको काठको मोटो टुक्रो |
| तट | = | नदीको किनार |
| पर्वतराज | = | पहाडहरूका राजा, हिमालय |

**अभ्यास २** तलका प्रश्नहरूको उत्तर देऊ –

(क) नदीका साथीहरू को हुन् ?

(ख) यिनीहरू नदीसँग कहाँ भटिन्छन् ?

(ग) कुञ्ज कस्तो हुन्छ ?

(घ) 'खेल्छिन् छहारीमनि नित्य गट्टा' भन्नुको अर्थ के हो ?

(ङ) नदी आफ्नो रिस कसरी पोख्छिन् ?

(च) नदीबाट गाउँलाई हुने फाइदाहरू के-के हुन् ?

(छ) कसैले यिनलाई रोक्न नसक्नाको कारण के हो ?

**अभ्यास ३** तलका जोडी शब्दहरू शुद्धसँग उच्चारण गर –

| | | | | |
|---|---|---|---|---|
| पर्वत | कुञ्ज | भेट्नु | लट्टा | बाढी |
| सर्बत | पुञ्ज | मेट्नु | लत्ता | बारी |

**अभ्यास ४** तलका शब्दहरूको अर्थ दिने दुई-दुईओटा शब्द लेख –

| | | |
|---|---|---|
| आनन्द | नित्य | छहारी |
| विचित्र | साथी | रोकिनु |

**अभ्यास ५** **तलका शब्दहरूको विपरीतार्थक शब्द लेख -**

| | | | | |
|---|---|---|---|---|
| सानी | भेट्नु | घाम | रिसाउनु | घुम्नु |
| झर्नु | पुच्छर | सुख | गाउँ | टाढा |

**अभ्यास ६** **तलका शब्दहरू वाक्यमा प्रयोग गर -**

| | |
|---|---|
| हाहा-हुहू | ढुङ्गा-मुढा |
| खोला-नाला | बाढी-पहिरो |

**अभ्यास ७** **तलका हरफहरू पढ र तिनका अर्थ लेख -**

त्यो घामछायामय कुञ्जभित्र

छन् इन्द्रिनीका रचना विचित्र

आनन्दमा चट्ट फिँजाई लट्टा

खेल्छिन् छहारीमनि नित्य गट्टा

**अभ्यास ८** **तिम्रो गाउँ वा शहरनजिक भएको कुनै खोला-नाला वा नदीका बारेमा स-साना अनुच्छेदमा त्यसको बयान गरी लेख ।**

**अभ्यास ९** **तलका विभक्तिहरू प्रयोग गरी वाक्य बनाऊ -**

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ले | लाई | देखि | को | का | की | मा | लागि | द्वारा |

**अभ्यास १०** तलको चुट्किला पढ र तिमीले जानेका केही चुट्किला साथीलाई सुनाऊ –

दुई जना विद्यार्थी ढिलो विद्यालय पुगे ।

शिक्षक : गोपाल, तिमी किन ढिलो आएको ?

गोपाल : मेरो पैसा कता खसेछ, त्यही खोज्न लाग्दा ढिलो भयो सर ।

शिक्षक : हरि, तिमी किन ढिला नि ?

हरि : सर, मैले उसको पैसा कुल्चेर बसेको थिएँ । त्यसैले ढिला भयो ।

## पाठ ९ समय

कक्षामा गुरुले आफ्ना विद्यार्थीहरूलाई प्रश्न सोध्नुभयो - "संसारको सबभन्दा अमूल्य चीज के हो ?"

विद्यार्थीहरूले हात उठाए र तँछाडमछाड् गर्दै उत्तर दिन तम्सिए । गुरुले भन्नुभयो - "आ-आफ्नो कापीमा यसको उत्तर लेखेर मलाई देखाऊ ।"

सोनाम, राधिका, छिरिङ, बेखा, लक्ष्मी सबैले कापीमा एक-एक शब्दको उत्तर लेखे र गुरुलाई दिए । गुरुले पनि एक-एक गर्दै ती उत्तरहरू हेर्दै जानुभयो -

हीरा, सुन, आकाश, पृथ्वी, खाने कुरा...


सबैभन्दा पछि एउटा च्यातिन आँटेको कापी गुरुको हातमा पऱ्यो । त्यो कापी श्यामको थियो । त्यसमा लेखिएको थियो - समय ।

गुरुले त्यस उत्तरमा ठीक चिन्ह लगाउनुभयो । गुरु त्यो उत्तर लेख्ने विद्यार्थीसँग धेरै खुसी हुनुभयो । उहाँले त्यो उत्तर कक्षाका सबैलाई देखाउनुभयो । संसारको सबभन्दा अमूल्य चीज के हो भन्ने सम्बन्धमा विद्यार्थीहरूको छलफल भयो । आखिर सबै एउटै टुङ्गोमा पुगे - समय

साँच्चै समय संसारको सबभन्दा अमूल्य चीज हो त ? तिमी पनि एक्कै छिन विचार गर र हो, होइन पत्ता लगाऊ ।

समयलाई कसैले देख्न सक्दैन तैपनि सबैले यसको अनुभव गर्छन् । समयको न आदि हुन्छ न अन्त । त्यसैले यसलाई अनादि, अनन्त भन्छन् । यो अनादि कालदेखि चलिरहेछ र अनन्तसम्म चलिरहनेछ । यसले कसैलाई पर्खंदैन । यो कसैको लोभमा पर्दैन । यो कसैको डर, त्रास र धम्की मान्दैन । कसैले विनम्र अनुरोध गरे तापनि समयले एक छिन रोकिन जानेको हुँदैन । त्यसैले समयको महिमा ठूलो छ ।

समय असीमित हुन्छ, गन्न सकिँदैन। असीमित समयलाई पनि हामी सेकेन्ड, मिनेट, दिन, हप्ता, महिना र वर्षको रूपमा नाप्न कोसिस गर्छौं। यति हुँदाहुँदै पनि समय बिस्तारै-बिस्तारै हाम्रो हातबाट फुस्किसकेको हुन्छ। हामीलाई पत्तै हुँदैन। हामी समयकै एउटा भाग हौं। समय जीवनको सार हो। हामी जन्मँदा सानो हुन्छौं। हिँड्न - डुल्न सक्दैनौं। बिस्तार-बिस्तार हाम्रो शरीर बदलिँदै जान्छ। हामी ठूलो हुँदै जान्छौं। बालककाल पार गरेर तन्नेरी हुन्छौं। त्यो पनि पार गर्दै प्रौढ हुन्छौं र बुढेसकालमा पुग्छौं। हामी बालकबाट बूढा हुन्छौं तर एकै चोटि होइन, अलिअलि गरेर। बालक बूढो बन्छ तर बूढो बालक बन्न सक्दैन।




बितिसकेको समय फिर्ता आउँदैन। जुन समय बित्यो, त्यो बितिसक्यो; हाम्रो हातमा छैन। त्यसको बारेमा सोचेर कुनै फाइदा हुँदैन। जुन समय आउँदैछ, त्यो पनि अनिश्चित हुन्छ। त्यसको बारेमा सोचेर पनि केही फाइदा हुँदैन। भूतकाल र भविष्यत्काल दुवै हाम्रा अधीन हुँदैनन्। त्यसैले सबभन्दा महत्त्वपूर्ण समय वर्तमानकाल हो, अहिलेको समय हो। अहिलेको बेलाको सदुपयोग गर्न सके हाम्रो जीवन बन्छ।

समय सधैं एकनासको हुन्छ, कहिल्यै बदलिँदैन । यसको साटो समयअनुसार अरूमा परिवर्तन आउँछ। मौसममा परिवर्तन आउँछ - जाडो र गर्मी हुन्छ। प्रकृतिमा परिवर्तन आउँछ - हरियाली र उजाड हुन्छ । ऋतुमा परिवर्तन आउँछ - वसन्त र शिशिर हुन्छ । जीवनमा परिवर्तन आउँछ - सुख र दु:ख हुन्छ । शरीरमा परिवर्तन आउँछ - बालक र बूढो भइन्छ। समय कसैका लागि विष बन्छ, कसैका लागि अमृत। कसैलाई यसले राजाबाट रङ्क बनाउँछ, कसैलाई रङ्कबाट राजा ।

हिजो थियो, आज छ र भोलि हुनेछ। हिजो, आज र भोलि समयकै रूप हुन्। समय न छिटो चल्छ, न ढिलो। यो त एउटै गतिमा बगिरहेको हुन्छ तर हाम्रो भावनाअनुसार हामीलाई समय छिटो या ढिलो चलेजस्तो लाग्छ। सुनौं केही व्यक्तिहरूको भनाइ -




हरे । मेरो दिन त कति चाँडै गइसकेछ । म त डुब्ने बेलाको घाम पो भइसकेछु । समय कति चाँडै बितिसकेछ । जिन्दगी कति छोटो ।
हे भगवान् । दिन पनि कति लामो । यो घाउ पनि कति चर्केको । घडीको सियो पनि सर्दै नसरेको जस्तो । यो जिन्दगी कति लामो ।
जिन्दगी कति रमाइलो । सधैँ नाचिरहु जस्ता, हाँसिरहुँ जस्तो । अझै कति रमाइलो गर्नै बाँकी छ ...... जिन्दगी पनि कति छोटो । समय कति चाँडै बितेको ।




समय हाम्रो ठूलो गुरु हो । यसले हामीलाई धेरै कुरा सिकाउँछ । हामीले मन, विचार, कर्म र वाणी सधैं पवित्र राख्नुपर्छ । यसबाट हामीलाई आफ्नो कर्तव्यपथमा अघि बढ्न मदत मिल्छ । समयलाई जस्तै कसैले हामीलाई रोक्न नसकोस्, छेक्न नसकोस् । हामी आफ्नो उद्देश्य प्राप्तिमा सफल बनौं ।

**अभ्यास १** तलका शब्दको अर्थ बुझ –

| | | |
|---|---|---|
| अमूल्य | = | मोल गर्न नसकिने, धेरै मोल पर्ने |
| तँछाडमछाड | = | आफू-आफूमा एकले अर्कालाई उछिन्न खोज्ने काम |
| तम्सनु | = | कुनै काम गर्नका लागि अघि सर्नु |
| टुङ्गो | = | कुनै काम वा कुराको निधो, निर्णय |
| अनादि | = | उहिलेदेखि चलिआएको |
| अनन्त | = | अन्त्य नभएको, गन्न नसकिने |
| विनम्र | = | ज्यादै नुहेको , झुकेको |
| असीमित | = | सीमा नतोकिएको |
| रङ्क | = | गरीब |
| अनिश्चित | = | निश्चय नभएको |
| उजाड | = | सुनसान बस्ती, कोही नबस्ने ठाउँ |
| अमृत | = | खाँदा कहिल्यै मर्न नपर्ने बनाउने चीज |

**अभ्यास २** तलका प्रश्नहरूको उत्तर देऊ –

(क) संसारको सबभन्दा अमूल्य चीज के हो ?

(ख) समयको महिमा ठूलो हुनाका कारण के-के हुन् ?

(ग) समयबाट हामीले सिक्ने कुराहरू के-के हुन् ?

(घ) जीवन पनि समयको एक भाग हो ? कसरी ?

**अभ्यास ३** **एक–एक अनुच्छेदमा तलका भनाइबारे लेख –**

(क) हाम्रो भावनाअनुसार हामीलाई समय छिटो या ढिलो चलेजस्तो लाग्छ ।

(ख) समय आफू बदलिँदैन, अरूलाई मात्र बदल्छ ।

**अभ्यास ४** **उदाहरणमा दिइए जस्तै उस्तै अर्थ आउने शब्दहरूलाई एउटै कोठामा लेख –**

| | | | | |
|---|---|---|---|---|
| पत्तो | संसार | डर | वस्तु | समय |
| त्रास | पर्खिन | रोकिन | जानकारी | थाहा |
| चीज | भय | बेला | अडिनु | मौका |
| कुरा | जगत | विश्व | | |

<u>उदाहरण</u>

| |
|---|
| संसार |
| जगत् |
| विश्व |

**अभ्यास ५** उदाहरणमा दिइएजस्तै गरी वाक्यमा प्रयोग गर -

उदाहरण

| |
|---|
| न आदि न अन्त |
| समयको न आदि हुन्छ न अन्त । |

| | |
|---|---|
| न घाम न पानी | न हाँसो न आँसु |
| न ढिलो न चाँडो | न बूढो न तन्नेरी |
| न जाडो न गर्मी | न छोरा न छोरी |
| न तातो न चिसो | न सुख न दु:ख |

**अभ्यास ६** तलको अनुच्छेद पढ र त्यसमा भन्न खोजिएको मुख्य कुरा कापीमा टिप -

हामी बालकबाट बूढो हुन्छौं ... तर एकै चोटि होइन ... अलिअलि गरेर । बालक बूढो बन्छ तर बूढो बालक बन्न सक्दैन । बितिसकेको समय फिर्ता आउँदैन । जुन समय बित्यो, त्यो बितिसक्यो । हाम्रो हातमा छैन । त्यसको बारेमा सोचेर कुनै फाइदा हुँदैन ।

**अभ्यास ७** उदाहरणमा दिइएजस्तै तलका शब्दहरूको उल्टो अर्थ आउने शब्दहरू लेख -

उदाहरण

| | | |
|---|---|---|
| प्रश्न | = | उत्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| खुसी | = | | ठीक | = | |
| बिस्तारै | = | | सुरु | = | |
| जाडो | = | | बूढो | = | |

**अभ्यास ८** **उदाहरणमा दिइएको वाक्य पढ र तलका खाली ठाउँमा मिल्दा शब्द थप –**

उदाहरण

| |
|---|
| तिमी मलाई जे अऱ्हाउँछ्यौ, म त्यही गर्छु । |

(क) तपाईं उसलाई जे गराउनुहुन्छ, ...... त्यही ... ।

(ख) म तिमीलाई जे भन्छु, ...... त्यही ...... ।

(ग) ऊ उनलाई जे खुवाउँछ, उनी ...... ...... ।

(घ) उनी तपाईंलाई जे भन्छिन्, ......... गर्नुहुन्छ ।

**अभ्यास ९** **तलका वाक्यहरू पढ र बुझ –**

हिजो

राम ७ बजे उठ्यो ।

उसले हातमुख धोयो । उसले दूध खायो ।

उसले गृहकार्य गऱ्यो ।

उसले भात खायो ।

ऊ स्कूल गयो ।

आज

राम ७ बजे उठ्छ ।

ऊ हातमुख धुन्छ । ऊ दूध खान्छ ।

ऊ गृहकार्य गर्छ ।

ऊ भात खान्छ ।

ऊ स्कूल जान्छ ।

भोलि

राम ७ बजे उठ्नेछ ।

ऊ हातमुख धुनेछ । ऊ दूध खानेछ ।

ऊ गृहकार्य गर्नेछ ।

ऊ भात खानेछ ।

ऊ स्कूल जानेछ ।

**अभ्यास १०** **माथिका वाक्यहरूमा 'राम' प्रयोग भएको छ । 'राम' को सट्टा 'म' प्रयोग गरी ती वाक्यहरू फेरि लेख ।**

**अभ्यास ११** **पढ र बुझ –**

कुनै व्यक्ति, वस्तु, ठाउँ, गुण वा अवस्थाको नाउँलाई नाम भन्छन् । नाम ५ प्रकारका हुन्छन् –

**व्यक्तिवाचक नाम,**

जस्तै – पासाङ, पोखरा

**समूहवाचक नाम,**

जस्तै – हूल, बथान

**जातिवाचक नाम,**

जस्तै – पहाड, मान्छे

द्रव्यवाचक नाम,

जस्तै - पानी, सुन

भाववाचक नाम,

जस्तै - माया, दया

**अभ्यास १२** **पाठमा परेका नाम शब्दहरूको सूची बनाऊ र ती नाम शब्दहरू कुन प्रकारमा पर्छन्, तालिकामा लेख -**

नाम

| व्यक्तिवाचक | समूहवाचक | जातिवाचक | द्रव्यवाचक | भाववाचक |
|---|---|---|---|---|
| | | | | |
| सोनाम | हूल | गाई | हीरा | दिक्क |

**अभ्यास १३** **(क) पढ र बुझ -**

क्रियाका विभिन्न अवस्था र समय बुझाउने शब्दलाई काल भन्छन् । काल तीन प्रकारका हुन्छन् । भूत काल, वर्तमान काल र भविष्यत् काल । भूत कालले बितिसकेको समयको बारेमा बताउँछ । वर्तमान कालले अहिलेको समयको र भविष्यत् कालले पछि आउने समयको बारेमा बताउँछ ।

**(ख) तलको तालिकामा मिल्दो शब्द लेख -**

| भूत काल | वर्तमान काल | भविष्यत् काल |
|---|---|---|
| गयो | जान्छ | जानेछ |

**अभ्यास १४** (क) तलका वाक्यहरू पढ र बुझ -


- सानुमैयाँले पुतली र गट्टा खेलिन् ।
- बोलाउन त बोलाउँला तर म जान्न ।
- मेघ गर्ज्यो अनि पानी पर्‍यो ।
- पढ, नत्र पास नहोउला ।
- हरिलाई कि गाउन कि नाच्न मन लाग्छ ।
- वीरबलले पुरस्कार पाए किनभने उनले राम्रो काम गरे ।

**माथिका वाक्यमा प्रयोग भएका र, तर, अनि, नत्र, कि, किनभने जस्ता शब्दहरू संयोजक हुन् । यस्ता संयोजक शब्दसँग नजोडिई छुट्टै लेखिन्छन् ।**

**(ख) तलका संयोजक प्रयोग गरी वाक्य बनाऊ -**

| र | पनि | तर | न | कि |
| अनि | किनभने | वा | अथवा | |

# पाठ १० मूर्खहरूको खोजी



उहिले भारतको आगरा भन्ने ठाउँमा अकबर नामका बादशाह राज्य गर्थे। उनका धेरै मन्त्रीहरू थिए। तीमध्ये वीरबल ज्यादै बुद्धिमान् मानिन्थे । अकबर वीरबलका अगाडि अनौठो - अनौठो समस्या राखिदिन्थे। वीरबलले जसरी पनि त्यसको उत्तर खोज्नै पर्थ्यो र खोज्थे पनि ।

एक दिन अकबरले वीरबलसँग भने - " वीरबल, मेरो दरबारमा खालि बुद्धिमान्हरू मात्र छन्। यिनीहरूसँग मात्र मेरो भेट हुन्छ। मलाई मूर्खहरूसँग पनि भेट्ने इच्छा छ । के तिमी मलाई मूर्खहरूसँग भेट गराउन सक्छौ ?"

"यो त्यति गाह्रो काम होइन, सरकार ।" वीरबलले भने ।

"त्यसो भए मलाई राज्यका दश जना मूर्खहरूसँग भेट गराऊ ।" अकवरले भने - "यस कामका लागि म तिमीलाई एक महिनाको समय दिन्छु ।"

"सरकार, जो हुकुम ।" वीरबल मूर्खहरूको खोजीमा हिँडे ।

वीरबल घोडा चढेर जाँदै थिए । निकै पर पुगेपछि उनले एउटा अनौठो दृश्य देखे ।

एउटा मान्छे घोडा चढेर जाँदै थियो । उसले आफ्नो टाउकामा दाउराको अजङ्गको भारी बोकेको थियो ।

वीरबलले आफ्नो घोडा कुदाएर दाउरेको नजिक पुऱ्याएर भने -

"ए दाउरे, तिमीले यो के गरेको हँ ? दाउराको यत्रो भारी आफ्नो टाउकामा बोक्नुको साटो यही घोडाको पिठ्यूँमा लादेको भए भइहाल्थ्यो नि ।"

"हजुर, मेरो घोडा ज्यादै कमजोर छ । यो बूढो पनि भइसक्यो । मेरो र दाउराको भारीको बोझ यसले उठाउन सक्दैन । त्यसैले यसको मायाले गर्दा यो भारी मैले बोकेको हुँ ।" दाउरेले जवाफ दियो ।

"अहो ! योजस्तो मूर्ख को होला ?" वीरबलले मनमनै सोचे र भने - "मसँग हिँड । अबदेखि तिमीले यस्तो भारी कहिल्यै बोक्नु पर्दैन ।"



वीरबल र दाउरे जङ्गलको बाटो जाँदै थिए । केही फराकिलो ठाउँमा उनीहरूले ठूलो जीउ भएको एक जना मान्छे देखे । ऊ उत्तानो परेर पल्टिरहेको थियो । उसका दुवै हात उचालिएका थिए ।

वीरबलले दाउरेलाई भने - "त्यस व्यक्तिलाई कुनै दुःख परेजस्तो छ । तिमी यहीँ बस, म उसलाई उठाउँछु ।"

वीरबल अगाडि बढेर त्यस व्यक्तिका हात समातेर उसलाई उठाउन खोजे ।

"हुँदैन ... हुँदैन ... मेरो हात नसमात्नुहोस् ।"



"अहो ! हातमा घाउ भएको रहेछ क्यारे ... मैले समातेँ । अब माफी माग्नुपर्‍यो । "यस्तो विचार गर्दै वीरबलले भने - "मलाई माफ गर । तिम्रो हातमा निकै कष्ट भएजस्तो छ ।"


"अहँ, घाउ भएको होइन । कुरो के हो भने मेरी बूढीले मलाई यत्रो नापको एउटा ठूलो भाँडो ल्याउनू भनेकी थिई । तपाईंले मेरो हात हल्लाइदिनुभयो भने नापमा फरक पर्छ । अनि बूढीले मलाई दुःख दिन्छे ।"त्यस व्यक्तिले भन्यो ।

"यो पनि निकै मूर्खजस्तो छ । यसलाई पनि बादशाहकहाँ लैजानैपर्‍यो ।" वीरबलले मनमनै विचार गरे र त्यस व्यक्तिको कपाल तान्दै उसलाई उभ्याए । "ल अब हात तल झार । तिमी मसँग जानुपर्छ । तिमीलाई म सबै नापका भाँडा दिन्छु । ती भाँडाहरू पाएपछि तिम्री जहान खुसी हुनेछिन् र तिमीलाई कहिल्यै सताउने छैनन् ।" वीरबलले भने ।

साँझ परिसकेको थियो । उसलाई लिएर घोडा चढ्न भनी वीरबलले गोडा उठाए । यत्तिकैमा पछाडिबाट आइरहेको मान्छेको धक्काले उनी भुइँमा उत्तानो परेर लडे ।

"क्या हो ! आँखा पनि देख्दैनौ ?" वीरबल कराए ।

त्यस मान्छेले अति नम्र भएर जवाफ दियो - "माफ गर्नुहोस्, हजुर । म भर्खर मस्जिदबाट साँझको प्रार्थना सकेर आउँदै छु । मेरो प्रार्थना कहाँसम्म पुग्दो रहेछ, थाहा पाउन मन लाग्यो । त्यसैले म हावाजस्तो गरी प्रार्थनाको पछिपछि दौडेर आउँदै थिएँ । तपाईंले अल्मलाइदिनुभयो ।"




"अहो ! हाम्रो देशमा यस्ता मूर्ख पनि रहेछन् ।" वीरबलले सोचे । उनले त्यस व्यक्तिलाई भने - "आवाज जहाँसुकै पुगोस् । अब मसँग हिँड । म दुइटा असर्फी दिन्छु ।"

"दुइटा असर्फी ! अहा ! जान्छु हजुर, मालिकको आज्ञा कसरी नमानूँ ?" उसले भन्यो ।

वीरबलले तीनै जनालाई आफ्नो महलमा लिएर गए । उनी अरू मूर्खहरूको खोजीमा हिँडे ।

पर पुगेपछि उनले दुई जना मुक्कामुक्की गरिरहेका देखे । वीरबलले दुवैसँग झगडाको कारण सोधे ।



पहिलाले भन्यो - "एउटा सिंहलाई मेरो भैंसीसँग लडाउँछु भन्दै यसले मलाई धम्काइरहेछ, हजुर ।"

"खोइ त ? न यहाँ सिंह देखिन्छ, न भैंसी ।" वीरबलले भने ।

दोस्राले जवाफ दियो - "यदि खुसी भएर भगवान्‌ले हाम्रो एक-एक ओटा इच्छा पूरा गरे भने अवश्य देखिन्छ ।"

"अब त मेरो कुरामा तपाईंलाई विश्वास भयो ? यदि मैले भगवानसँग भैंसी मागेँ भने ऊ सिंह माग्नेछ । अनि उसको सिंहले मेरो भैंसी खाइदिन्छ ।" पहिलाले भन्यो ।

"म त अवश्य त्यसै गर्छु ।" दोस्राले भन्यो ।

"तेरो त्यत्रो हिम्मत ! म पनि हेरूँ त !" भन्दै दुवै फेरि झगडा गर्न थाले । वीरबलले उनीहरूलाई शान्त पार्न खोजे तर सकेनन् ।

"तपाईं पनि कति सीधा हुनुहुन्छ ... यस्ता मूर्खका कुरा पनि पत्याउने ? अर्को तेस्रो व्यक्ति कताबाट टुप्लुक्क आइपुग्यो र भन्यो । "यदि यो कुरा होइन रहेछ भने मेरो हाड धूलैधूलो हुनेछ ... । यसका साथै यही तेलजस्तो गरी मेरो रगत बग्नेछ ... ।" यति भन्दै त्यस व्यक्तिले टाउकामा बोकिरहेको माटाको ठूलो हाँडी भुइँमा खसाल्यो । हाँडी प्याट्ट फुट्यो र त्यसमा भएको एक भाँडो तेल छताछुल्ल पोखियो ।



वीरबलले यी तीनैलाई आफ्नो महलमा लगेर राखे । अँध्यारो भइसकेको थियो । उनी जूनको उज्यालामा फेरि मूर्खहरूलाई खोज्न हिँडे । केही पर उनले एक जना मान्छेलाई चौरमा केही खोजिरहेको देखे ।

"के खोज्न लागेको हौं ?" उनले सोधे ।

"मेरो औंठी, हजुर ।"


"यहीं नै हराएको हो ?"

"होइन हजुर, त्यो परको रूखमुनि । तर यहाँ उज्यालो भएर म यहाँ खोज्न लागेको ।" उसले जवाफ दियो ।

"मसँग हिँड । म अर्को औंठी किनिदिन्छु ।" वीरबलले भने ।

उनीहरू दुवै जना त्यहाँबाट हिँडे । बाटामा उनीहरूले एउटा बूढालाई देखे । ऊ कराउँदै थियो - "हजुर, मेरो मदत गरिदिनुहोस् । मैले माटाको थुप्रोमा एउटा औंठी लुकाएको थिएँ, भेट्टाउनै सकिनँ ।"

"कहाँनिर राखेका थियौ ? कुनै चिनो होला नि त्यस ठाउँको ?" वीरबलले सोधे ।



"किन नहुनु, हजुर ! म मूर्ख हुँ र ? जहाँ मैले औंठी लुकाएको थिएँ, ठीक त्यसैको माथि बादल थियो । बादलले धोका दिन्छ भन्ने मलाई के थाहा ?" ऊ रुन थाल्यो ।

"बादलको चिन्ता नगर । मसँग हिँड । म अर्को औंठी दिन्छु ।" वीरबलले भने ।

"साँच्ची हो र, हजुर ?" ऊ खुसीले करायो ।

"आठ जना मूर्ख त भेट्टाइयो । अब दुई जना कहाँ पाउनु ? ... हेरौं ...।" यही सोच्दै वीरबल ती दुवैलाई लिएर आफ्नो महलमा गए ।

**भोलिपल्ट**

आठ जना मूर्खहरूलाई लिई वीरबल अकबरको दरबारमा हाजिर भए ।

"यति छिटै आइपुग्यौ, वीरबल ?" अकबरले सोधे ।

"अचम्म मान्नुपर्ने कुरा के छ र, सरकार ? बुद्धिमान् मान्छेहरू पो भेट्टाइँदैन । मूर्खहरू त सजिलैसँग पाइन्छ । यो सबैलाई थाहा भएकै कुरा हो, सरकार ।" वीरबलले जवाफ दिए ।

त्यसपछि वीरबलले अकबरसँग ती आठै मूर्खहरूको परिचय गराए ।

"तर यी त आठ मूर्खहरू मात्र भए । मैले तिमीलाई दश जना मूर्खहरू ल्याउनू भनेको होइन ?" अकबरले भने ।



"माफ पाऊँ, सरकार । यहाँ दश नै छन् । यी आठ र हामी दुई ।" वीर बलले भने -

"के रे ?" जिल्ल परेर अकबरले सोधे ।

"हो, सरकार ! हामी महामूर्ख हौं । हजुर यस्तो जाबो काममा मलाई पठाउने, एउटा मूर्ख; म हजुरको आज्ञा पालन गर्ने, अर्को मूर्ख ।

हा...हा...हा...हा... गर्दै अकबर हाँस्न थाले । दरबारभरि हाँसो फैलियो ।

**अभ्यास १** तलका शब्दको अर्थ बुझ –

| | | |
|---|---|---|
| बादशाह | = | राजा, सम्राट |
| दृश्य | = | हेर्न लायक |
| अजङ्गको | = | डरलाग्दो, असाध्यै ठूलो |
| लाद्नु | = | भारी बोक्नु वा बोकाउनु |
| कष्ट | = | दुःख |
| जहान | = | स्वास्नी वा लोग्ने, एकै घरका मानिस |
| मस्जिद | = | मुसलमानहरूले भगवान्को प्रार्थना गर्ने ठाउँ |
| असर्फी | = | सुनको मोहर वा रुपियाँ |
| धम्काउनु | = | धम्की दिनु, तर्साउनु |
| जाबो | = | केही न केहीको, महत्त्व नभएको |

**अभ्यास २** तलका प्रश्नहरूको उत्तर देऊ –

(क) वीरबलको परिचय देऊ ।

(ख) अकबरले वीरबललाई कस्तो काम अऱ्हाए ?

(ग) दाउरेलाई वीरबलले मूर्ख ठान्नुको कारण के हो ?

(घ) वीरबलले छानेका आठ मूर्खहरूमध्ये महामूर्ख को हो ? आफ्नो विचार लेख ।

(ङ) के वीरबलले साँच्चै दश मूर्खहरू ल्याएका थिए त ? कसरी ?

**अभ्यास ३** तलका शब्द-जोडीहरू शुद्धसँग उच्चारण गर -

| | | | |
|---|---|---|---|
| गोडा<br>घोडा | गाह्रो<br>साह्रो | जङ्गल<br>मङ्गल | भाँडा<br>काँडा |
| तातो<br>टाटो | चढ्न<br>पढ्न | कत्रो<br>यंत्रो | माटो<br>बाटो |

**अभ्यास ४** तलका शब्दहरूको हिज्जे मिलाई लेख -

बादशाहा, बूधीमान्, गाहारो, पीठूँ, जङ्गल,

बेक्ती, प्रान्थना, सान्ट, आग्या

**अभ्यास ५** तलका शब्द-जोडीहरू पढ र फरक छुट्याऊ -

| | | | |
|---|---|---|---|
| पत्याउनु<br>पट्याउनु | तोक्नु<br>टोक्नु | हात<br>हाट | प्यात्त<br>प्याट्ट |
| माग्नु<br>भाग्नु | पछाडि<br>पछारी | धोका<br>ढोका | साथी<br>साठी |

**अभ्यास ६** माथिका शब्दहरू प्रयोग गरी छुट्टाछुट्टै वाक्य बनाऊ ।

**अभ्यास ७** उदाहरणमा दिइएजस्तै गरी तलका शब्दहरूको रूप परिवर्तन गर –

<u>उदाहरण</u>

| |
|---|
| भेट्टाइन्छ = भेट्टाइँदैन । |

| | | | |
|---|---|---|---|
| पाइन्छ | खाइन्छ | गइन्छ | लेखाइन्छ |
| आइन्छ | पठाइन्छ | दिइन्छ | गरिन्छ |

**अभ्यास ८** तलको तालिकाबाट वाक्यहरू बनाऊ –

| | | | | |
|---|---|---|---|---|
| मैले | तिमीलाई<br>उसलाई | मूर्खहरू<br>विद्वान्हरू<br>बुद्धिमान्हरू<br>गोज्याङ्ग्राहरू | ल्याउनू भनेको | होइन ! |

**अभ्यास ९** तलका वाक्यहरूमा मिल्दा चिन्ह थप –

(क) वैशाख १ गते कुन पर्व पर्छ

(ख) ल अब हात तल झार । बीरबलले भने

(ग) मैले बाटामा नरेश लक्ष्मी मन् र प्रवीणलाई भेटें

(घ) स्याबास तिमीले साह्रै राम्रो गर्‍यौ ।

**अभ्यास १०** तलका वाक्यहरूलाई बहुवचनमा बदली लेख -

उदाहरण

| | |
|---|---|
| उसको एउटा छोरो छ । - | एकवचन |
| उसका दुइटा छोराहरू छन् । - | बहुवचन |

(क) मोटो गाईले धेरै दूध दिन्छ ।

(ख) मैले उसलाई आउनू भनें ।

(ग) यदि तिमीले भैंसी माग्यौ भने ऊ सिंह माग्नेछ ।

**अभ्यास ११** मिल्दो शब्द थपी वाक्य पूरा गर -

| | | | |
|---|---|---|---|
| प्याट्ट | छताछुल्ल | मुनि | बिना |
| किनभने | ऐया | छि: | तर |

(क) ...... कस्तो फोहोर खेलेको ।

(ख) उसले माटाको भाँडो ...... फुटायो ।

(ग) भाँडाको तेल ...... पोखियो ।

(घ) रूख... बस, शीतल हुन्छ ।

(ङ) जान त जान्थें ......गोडा दुखेको छ ।

(च) कलम ...... कामै चल्दैन र ?

(छ) ...... ! कत्रो काँडा बिझेछ मेरो हातमा ।

(ज) आज पानी पर्छ ...... रेडियोले त्यसै भनेको छ ।

**अभ्यास १२** शब्दकोश हेरी तलका शब्दहरू वर्णक्रम मिलाई लेख –

आकाश, अनुपात, औँठी, ऐया, ईश्वर, इष्ट,

ओखर, अंश, उनी, ऊनी, एउटा,

**अभ्यास १३** (क) तलका वाक्यहरू पढ र बुझ –

- खै, मैले त केही बुझिनँ ।
- ऊ आयो क्यार ।
- अलि चाँडै हिँडे पो हुन्छ ।
- गुरुमाले भन्नुभएको, छिटो लेख रे ।
- नाइँ, मेरो हात दुख्छ ।

माथिका वाक्यहरूमा प्रयोग भएका खै, क्यार, पो, रे, नाइँ आदि निपात हुन् । यस्ता निपात शब्दसँग नजोडिई छुट्टै लेखिन्छन् ।

(ख) तलका निपात प्रयोग गरी वाक्य बनाऊ –

| | | | | | |
|---|---|---|---|---|---|
| नि | र | पो | ल | न | रे |
| क्यारे | ब्यारे | नाइँ | लौ | खै | चाइँ |

पाठ ११

# रिसको औषधी



सुशोमन - ए आस्था, यता हेर त, किन ठसक्क परेर बसिरहेकी हँ ?

आस्था - नकराऊ है दाइ, मलाई धेरै रिस नउठाऊ ।

सुशोभन - मैले रिस उठाउने रे ? कस्तो रिस रहेछ, उठाए उठ्ने, बसाए बस्ने ।

आस्था - नकराऊ भनेको । झन् नकराऊ भन्यो, झन् पो कराउँछन् । एक छिन चुप लागेर बस्न सक्दैनौ ?

सुशोभन - तिमीलाई के भयो आज ? त्यति त बताउन सक्छ्यौ ?

आस्था - मलाई रिस उठ्यो ।

सुशोभन - कससँग ?

आस्था - जोसुकैसँग होस् । तिमीलाई किन चाहियो ?

सुशोभन - भन न, भन ।

आस्था - आफैँसँग

सुशोभन - आफैँसँग रे ? कस्तो अचम्मको कुरा ! आफैँसँग पनि रिस उठ्छ ?

आस्था - किन उठ्दैन त कहिले-कहिले ? तिमीलाई चाहिँ आफैसँग रिस उठ्दैन ?

सुशोभन - अहँ, मलाई त अरूसँगै रिस उठ्छ ।

आस्था - बताऊ त, तिमीलाई क-कससँग रिस उठ्छ ?

सुशोभन - कहिले-कहिले आमाबाबा, दाजु, दिदीजस्ता आफूभन्दा ठूलासँग, कहिले-कहिले आफूभन्दा साना भाइबहिनीसँग ।

आस्था - कहिले-कहिले स्कूलका गुरुबा, गुरुआमासँग, कहिले - कहिलेचाहिँ साथीहरूसँग । त्यो त तिमीले भन्दै भनेनौ ।

सुशोभन - भन्दै थिएँ, तिमीले नै भनिहाल्यौ ।

आस्था - रिस उठ्दा तिमी के गर्छौ, सुशोभन दाइ ?

सुशोभन - म त भनिहाल्छु नि । बरु तिमीले आज के-के गर्‍यौ, सुनाऊ न ।

आस्था - ठूलठूलो स्वरले कराएँ । आमाबाले भनेको पनि मानिनँ । त्यति मात्र हो र, भाइबहिनीलाई पिटेँ पनि ।

सुशोभन - त्यस्तो गर्न हुन्छ त ? म त तिमीले भनेको जस्तो केही गर्दिनँ ।

आस्था - तिमीलाई रिस उठ्दा के गर्छौ त ?

सुशोभन - रिस उठ्यो भने म रुन्छु अनि अरूसँग झर्केर बोल्छु । मेरो मुख रातो-रातो हुन्छ, जीउ तात्छ । म काम्न थाल्छु । अनि के बोल्छु, के गर्छु; आफैँलाई पत्तो हुन्न ।

आस्था - तिमी रिसायौ भने त डर लाग्ने गरेर पो रिसाउँदा रहेछौ ।

सुशोभन - थाहा छ ? कोही-कोही रिसाउँदा मुख छोपेर सुत्छन् । अनि एउटाको रिस अर्केलाई पोख्छन् ।

आस्था - तिम्रो कुरा त म केही बुझ्दिनँ । 'एउटाको रिस अर्केलाई पोख्छन्' भनेको चाहिँ के नि ?

सुशोभन - तिमी त केही कुरा बुझ्दिनौ । त्यसैले त आमैले तिमीलाई 'लाटी' भन्नुभएको । एक जनासँग रिस उठ्छ, अर्कोलाई त्यो रिस पोख्ने भनेको क्या ।

आस्था - एउटा उदाहरण देऊ त दाइ ।

सुशोभन - जस्तै भनौँ न गुरुआमासँग रिस उठेको छ भने साथीहरूसँग नबोल्नु । अथवा किताबको जिल्ला च्यात्नु ।

आस्था - ए बल्ल बुझेँ । उनीहरूलाई रिस नदेखाएर अरू नै मान्छे वा चीजलाई रिस देखाउनु ।

सुशोभन - थाहा छ आस्था ? रिसाउँदा हाम्रो शरीरका धेरै माँसपेशीहरूले काम गर्नुपर्छ रे । रिसले हाम्रो शक्ति नाश गर्छ रे । हामीलाई कमजोर पार्छ रे ।

आस्था - अहो ! तिमीले यस्ता कुरा कसरी थाहा पाएका ? रिस त रोगजस्तै हाम्रो ठूलो शत्रु पो रहेछ !

सुशोभन - मैले बाल-पत्रिकाहरूमा पढेको । तिमीले ठीक भन्यौ - रिस पनि एक प्रकारको रोग नै हो ।

आस्था - रोग हो भने औषधी पनि हुनुपर्‍यो नि ।

सुशोभन - छ त नि । म त त्यही औषधी गर्छु । रिसको औषधी हुन्छ भन्ने कुरा तिमीलाई थाहा थिएन ?

आस्था - अहँ । त्यस औषधीको नाम के हो ? कहाँ पाइन्छ ?

सुशोभन - त्यो औषधी बजारमा किन्न पाइँदैन । रिस उठेपछि आफैँले गर्ने घरेलु औषधी हो त्यो ।

आस्था - बताऊ न त सुनौँ ।

सुशोभन - यदि तिमीलाई रिस उठ्यो भने -

एक गिलास चिसो पानी खाऊ । जससँग अथवा जेसँग रिस उठेको हो, त्यसबाट पर जाऊ । केहीबेर पल्ट । ऐनामा आफ्नो अनुहार हेर । आफूलाई मन पर्ने भगवान्‌को नाम जप ।

आस्था - तिमीले बताएका कुरा साँच्ची नै रिसको औषधी हो ?

सुशोभन - तिमी मैले माथि बताएका कुराहरू पालन गरेर त हेर, तिम्रो रिस आफैँ हराउनेछ ।

आस्था - यस्तो काम लाग्ने राम्रो कुरा सुनाएकोमा धन्यवाद ! अब म कहिल्यै रिसाउँदिनँ ।



**अभ्यास १** तलका शब्दको अर्थ बुझ -

ठसक्क पर्नु = रिसाउनु

पत्ता = थाहा

शक्ति = बल

आमै = बज्यै

माँसपेशी = शरीरका विभिन्न भागमा रहने मासुका डल्ला

घरेलु = घरको, घरमै पाइने, घरसम्बन्धी

**अभ्यास २** तलका प्रश्नहरूको उत्तर देऊ -

(क) रिस उठेपछि हाम्रो शरीरमा के-कस्तो परिवर्तन हुन्छ ?

(ख) रिस उठ्दा हामी के गर्छौं ?

(ग) रिसको औषधी के हो ?

**अभ्यास ३** तलका खाली ठाउँमा मिल्दा शब्द लेख -

| र | न | चाहिँ | नै | पो | नि |
|---|---|---|---|---|---|

बहिनीका कुरा सुन्दा दाइलाई हाँसो उठ्यो ... । हाँसो नउठोस् पनि कसरी ... ; दाइ हाँसो ... हाँसो नटुन्न सिपालु छ । बहिनी ... न रिस ... हाँसो । यिनीहरूलाई देख्दा अरू ... छक्क पर्छन् ।

**अभ्यास ४** वाक्यमा प्रयोग गर -

ठसक्क झन् झर्कनु पत्तो पोख्नु

पत्रिका घरेलु उत्तानो अनुहार धन्यवाद

**अभ्यास ५** उदाहरण हेरी खाली ठाउँमा मिल्दो शब्द थप -

उदाहरण

| | |
|---|---|
| म अबदेखि रिसाउँदिनँ । | (रिसाउनु) |
| म भात खान्नँ । | (खानु) |

(क) म काठमाडौँ ...... । (जानु)

(ख) म तिम्रो कुरा ...... । (मान्नु)

(ग) म यसको उत्तर ...... । (जान्नु)

(घ) म कसैलाई ...... । (भन्नु)

(ङ) म यो किताब ...... । (लानु)

**अभ्यास ६** उदाहरणमा दिइएजस्तै गरी वाक्यलाई बदल -

उदाहरण

| |
|---|
| आस्था, तिमी मलाई बताउन सक्छ्यौ ? |
| सुशोभन, तिमी मलाई बताउन सक्छौ ? |

(क) सीता, चूप लागेर बस्छ्यौ ?

(ख) हरि, किताब पुऱ्याइदिन्छौ ?

(ग) आले, कालोपाटीमा लेख्छौ ?

(घ) गीता गीत गाउँछ्यौ ?

(ङ) इन्दिरा मिठाई खान्छ्यौ ?

**अभ्यास ७** तालिकाबाट वाक्यहरू बनाऊ –

| | | |
|---|---|---|
| तिमीलाई | अरूसँग<br>आफैँसँग<br>आमाबासँग<br>भाइबहिनीसँग<br>गुरु-गुरुमासँग<br>साथीहरूसँग | रिस उठ्दैन ? |

**अभ्यास ८** तलका शब्दहरू शुद्धसँग लेख –

| | | | | |
|---|---|---|---|---|
| आफु | ठूलो | जिउ | लाटि | कती |
| औसढी | धन्यवात् | पट्टीका | उट्टानो | |

**अभ्यास ९** तलका वाक्यमा शब्दका क्रम मिलेका छैनन्। क्रम मिल्ने गरी वाक्य बनाऊ –

(क) बाल्नुपर्छ र चाँडै बत्ती मैनबत्ती ।

(ख) उन्नति निकै नि भयो तिम्रो ।

(ग) रे माग्नेलाई नदिनू पैसा ?

(घ) भन्यो कसले कुरा यो ?

(ङ) नकराऊ झन् झन् भन्यो कराउँछ ।

**अभ्यास १०** तलका शब्दजोडीहरू पढ र फरक बुझ –

| | | | |
|---|---|---|---|
| भने | बास | भाडा | गाऊ |
| भनें | बाँस | भाँडा | गाउँ |

**अभ्यास ११** माथिका शब्द जोडीहरू प्रयोग गरी दुई-दुई ओटा वाक्य बनाऊ ।

**अभ्यास १२** उदाहरणमा दिइए जस्तै गरी तलका वाक्यहरू परिवर्तन गर –

उदाहरण

| | | |
|---|---|---|
| म भात खान्छु । | = | म भात खान्न । |
| आस्था रिसाउँदिन । | = | आस्था रिसाउँछे । |

(क) उसलाई आफैंसँग रिस उठ्छ ।

(ख) हरि स्कूल जान मन गर्दैन ।

(ग) सनम राम्री छ ।

(घ) बेखामान अग्लो छैन ।

(ङ) पढ्ने बेलामा सुत्नु हुँदैन ।

(च) सुत्ने बेलामा सफा लुगा फेर ।

**अभ्यास १३** पढ र बुझ -

**रूप नफेरिई सधैँ जस्ताको तस्तै रहने शब्दलाई अव्यय भन्छन् । अव्यय चार प्रकारका हुन्छन् -**

क्रियायोगी - क्रियाको बयान गर्ने, जस्तै - प्याट्ट, खललल, धेरै

नामयोगी - अरू शब्दसँग जोडिई अर्थ स्पष्ट पार्ने, जस्तै - तिर, सम्म, निम्ति

संयोजक - दुई शब्द वा वाक्यलाई जोड्ने, जस्तै - र, तर, अथवा

विस्मयादिबोधक - खुसी, आश्चर्य आदि बुझाउने जस्तै - अहो !, कठै !, आम्मै !

**अभ्यास १४** पाठमा भएका अव्यय शब्दहरूलाई तालिकामा मिलाई लेख -

| क्रियायोगी | नामयोगी | संयोजक | विस्मयादिबोधक |
|---|---|---|---|
| | | | |

# पाठ १२ किताब कसरी बन्छ ?

भाइबहिनी हो ! तिमीहरूको हातमा जुन किताब छ, त्यो कसरी बनाइएको होला ? तिमीहरूको मनमा यो प्रश्न कहिल्यै आएको थियो ? आएको भए पनि नभए पनि यस्ता जिज्ञासा राख्नु राम्रो हो । यस्तो जिज्ञासाले नै हामी धेरै कुरा सिक्न सक्छौँ । कुनै पनि कुरामा, किन होला ? कसरी हुने होला ? के हुने होला ? आदि जस्ता प्रश्न मनमा राख्नुपर्छ । त्यसपछि त्यसबारेमा खोजीनिती गर्नुपर्छ । आफूभन्दा जान्नेबुझ्ने व्यक्तिसँग सोध्नुपर्छ ।

अब त तिमीहरूलाई किताब कसरी बन्छ भन्ने जान्न खसखस लाग्यो होला, होइन त ? ल आओ, म छोटकरीमा यो बताइदिन्छु ।




सर्वप्रथम किताब लेखाउने कार्यालयले लेखकलाई किताब लेख्न लगाउँछ । त्यसपछि लेखक किताब लेख्छन् र कार्यालयमा बुझाउँछन् । लेखकले कार्यालयमा बुझाउने किताबको प्रतिलाई पाण्डुलिपि भन्छन् । त्यस पाण्डुलिपिलाई कार्यालयले विशेषज्ञहरूद्वारा सम्पादन गराउँछ । सम्पादन भनेको मिलाउने र शुद्ध पार्ने काम हो । यसरी सम्पादन गरिसकेपछि एउटा चरण पूरा हुन्छ ।

पाण्डुलिपि सम्पादन गरिसकेपछि त्यसमा चित्र बनाउने काम हुन्छ । चित्र बनाउँदा कुन पाठमा कस्तो चित्र राख्नुपर्छ भन्ने कुरामा पहिला छलफल हुन्छ । छलफल गर्दा चित्रकार, लेखक र सम्पादकहरू धेरैजसो एकै ठाउँमा बस्छन् ।

छलफलबाट चित्रको टुङ्गो लागेपछि चित्रकारहरूले चित्र बनाउँछन् ।




आजकाल कम्प्युटरको जमाना भएको हुनाले किताब बनाउने काममा यसको ठूलो भूमिका हुन्छ । स्वीकृत पाण्डुलिपिलाई कम्प्युटरमा टाइप गरिन्छ । एकपल्ट पूरा टाइप गरिसकेपछि त्यसलाई भाषा-सम्पादकले भाषा हेर्छन् । उनले भाषा हेर्दा अक्षर, शब्द, वाक्य आदि ठीक र शुद्ध छन् कि छैनन्, त्यस कुरामा बढी ध्यान दिन्छन् । अक्षरमा लागेका बाइमात्रा, दाहिने, तर्कुल्ले, बर्धन्ने अर्थात् ह्रस्व-दीर्घ आदि हेर्ने काम पनि गरिन्छ । यस्तो कामलाई प्रुफ रिडिङ्ग भन्छन् ।



भाषा-सम्पादन र प्रुफ रिडिङ्ग गर्ने काम सकिएपछि त्यसलाई पुनः कम्प्युटरमा सच्याउने काम गरिन्छ ।

भाषाका दृष्टिले पाठहरू शुद्ध भइसकेपछि चित्रकार वा डिजाइनरले उपयुक्त ठाउँमा चित्र टाँस्ने काम गर्छन् । यसरी किताबका प्रत्येक पृष्ठ बनाउने काम डिजाइनरले गर्छन् । अब किताब छाप्नलाई तयार भयो । तयार भएको पृष्ठहरू छपाइ गर्नका लागि मुद्रककहाँ पठाइन्छ ।

मुद्रककहाँ उक्त पृष्ठहरू गएपछि मुद्रण गर्ने संस्थाले प्रत्येक पृष्ठको फोटो खिच्छ । फोटो खिचिसकेपछि एउटा छाप्ने यन्त्रमा राखेर उक्त किताब छाप्छ ।



यहाँनेर एउटा कुरा तिमीहरूलाई भनौं । फोटो नखिचीकन पनि किताब छाप्न सकिन्छ । यो छुट्टै तरिका हो । यो तरिका यस्तो छ - जुन-जुन अक्षरछाप्नु पर्ने हो, ती-ती अक्षरका टुक्रा एउटा विशेष प्रकारको किस्तीमा मिलाएर राखिन्छ । त्यसपछि त्यो किस्तीमा मसी लगाएर त्यसको छाप कागजमा पारिन्छ ।

तिमीहरू आलु वा इरेजरमा कुनै अक्षर उल्टो हुने गरी कुँदेर त्यसमा मसी लगाऊ । त्यसपछि एउटा कागजमा छाप्न लगाऊ । त्यो अक्षर छापिन्छ, होइन त ? त्यस्तै, तिमीहरूले विद्यालयको छाप देखेका होउला । कसरी कागजमा छाप आउँछ, हो कि होइन ?

किताब छाप्ने एउटा तरिका त्यो पनि हो । तर आजकाल किताब छाप्ने त्यस्तो तरिकामा परिवर्तन हुँदैछ । फोटो खिचेर किताब छाप्ने चलन धेरै चल्न थालेको छ । यो सजिलो र छिटो तरिका पनि हो । यी सबै कुरा स्पष्ट बुझ्न कुनै मुद्रककहाँ गएर हेर्नुपर्छ । अहिलेलाई तिमीहरूलाई यति मात्रै भनेको ।

अँ त, किताबका पृष्ठहरू छाप्ने काम भएपछि त्यसलाई एउटै बन्धनमा राखिन्छ । त्यसपछि त्यसमा अलि बाक्लो खालको गाता हालिन्छ । उक्त गातामा किताबको नाम लेखिएको हुन्छ, होइन त ? यसरी किताब बनाइन्छ । उक्त किताबहरूलाई पोकामा हाली विभिन्न ठाउँमा पठाइन्छ । यसरी तिमीहरूको हातमा उक्त किताब पुग्छ ।



**अभ्यास १** **तलका शब्दको अर्थ बुझ -**

| | | |
|---|---|---|
| जिज्ञासा | = | जान्ने इच्छा |
| व्यक्ति | = | मानिस |
| खसखस लाग्नु | = | इच्छा लाग्नु |
| सर्वप्रथम | = | सबभन्दा पहिले |
| पाण्डुलिपि | = | छाप्नुअघि लेखकले लेखेका सामग्री |
| विशेषज्ञ | = | कुनै विषयमा बढी जान्ने व्यक्ति |
| सम्पादन | = | मिलाउने, शुद्ध पार्ने काम |
| कम्प्युटर | = | हिसाब आदि गर्ने, टाइप गर्ने एक यन्त्र |
| जमाना | = | समय |
| भूमिका | = | काम, योगदान |
| स्वीकृत | = | ठीक ठानिएको, सहमत |
| डिजाइनर | = | किताबलाई सुन्दर पार्न काम गर्ने व्यक्ति |
| पृष्ठ | = | पाना |
| मुद्रक | = | छाप्ने व्यक्ति वा संस्था |
| प्रविधि | = | तरिका |
| बन्धन | = | सिउने वा जोड्ने काम |

**अभ्यास २** **तलका प्रश्नहरूको उत्तर देऊ -**

(क) किताब लेखन कार्यालयले सर्वप्रथम के गर्छ ?

(ख) विशेषज्ञहरूको काम के हो ?

(ग) मुद्रकको काम के हो ?

(घ) किताब कुन-कुन तरिकाले छापिन्छ ?

(ङ) तिम्रो किताबको गातामा के-के छ ?

**अभ्यास ३** **बायाँ र दायाँका वाक्य मिलाई लेख -**

| | |
|---|---|
| (क) तिमी जुन किताब लिन्छौ, | तिमी त्यसरी हाँस । |
| (ख) म जहाँ जान्छु, | ऊ त्यही भन्छ । |
| (ग) ऊ जसरी हाँस्यो, | म त्यही लिन्छु । |
| (घ) तपाईं जे भन्नुहुन्छ, | तिमी त्यही जाऊ । |

**अभ्यास ४** **तलको तालिकाबाट वाक्यहरू बनाऊ -**

| | | | |
|---|---|---|---|
| हरि<br>रवि<br>बलराम<br>कृष्ण | घर<br>विद्यालय | गएको<br>आएको | थियो |

**अभ्यास ५** **मिल्नेचाहिँ शब्द छानी खाली ठाउँमा लेख -**

(क) ऊ मलाई गृहकार्य ...... । (गर्छ/गराउँछ)

(ख) सीता भाइलाई नेपाली ...... । (पढ्छिन्/पढाउँछिन्)

(ग) आदर्श किताबको माया ...... । (गर्छिन्/गराउँछिन्)

(घ) ज्योति साथीलाई हिसाब ...... । (सिक्छिन्/सिकाउँछिन्)

(ङ) हामीले सबैलाई ...... पर्छ । (हाँस्नु/हँसाउनु)

**अभ्यास ६** शुद्ध पार -

(क) म कसैसँग रीसाउँ दिन ।

(ख) तिमी मेरो घर गयका छौ ?

(ग) शूर्य बिहान उडाउँछ ।

(घ) तिम्रो विद्यालय कुन हो ?

**अभ्यास ७** तल दिइएका शब्दहरूलाई तालिकामा भर -

| व्यक्ति | जाति | वस्तु | समूह | भाव |
|---|---|---|---|---|
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| किताब | छपाइ | चित्रकार | रवि | पोको |
| हूल | पानी | माया | शशी | फलाम |

## पाठ १३ प्रेरणा




काठमाडौँमा नयाँसडक भन्ने स्थान छ । नयाँसडकमा एउटा पीपलको बोट छ। यहाँ धेरै मानिसहरूको आवतजावत हुन्छ। विशेष गरी पत्र-पत्रिका किन्नेहरूको भीड त्यहाँ देखन पाइन्छ । त्यस्तै गरी मान्छेहरू भेटघाट गर्ने थलोका रूपमा पनि त्यस ठाउँलाई लिन सकिन्छ ।

नयाँसडक गोरखापत्र छाप्ने ठाउँको नजिकै छ । नेपालको पहिलो बैङ्क-नेपाल बैङ्क लिमिटेड पनि नयाँसडकको नजिकै छ ।

शिक्षक रामप्रसाद त्यहीँ पत्रिका किन्दै थिए ।

"नमस्कार, सर !"

यो आवाजले रामप्रसाद झस्किए। उनले पछाडि फर्केर हेरे। सुकिलो लुगा


लगाएको एउटा मोटो र हँसिलो केटो उनको अगाडि उभिएको थियो । उनले त्यस केटालाई तलदेखि माथिसम्म हेरे ।


"सरले मलाई चिन्नुभएन ? म उही कृष्ण क्या ।"

रामप्रसादले बिर्सिसकेका थिए । उनी अलमलिएको देखेर त्यस केटाले फेरि भन्यो - "सरले मलाई काम गर भनेर दुई सय रुपियाँ दिनुभएको होइन ? मैले त्यस पैसाले जुत्तामा पालिस लगाउने सामान किनें । अहिले यही पीपलको बोटमुनि बसेर पालिस लगाउने काम गर्छु । मैले डेरा पनि लिइसकें ।"

एक छिन रोकिएर उसले फेरि भन्यो - " सरले त्यति बेला दिनुभएको दुई सय रुपियाँ म आज फिर्ता गर्छु । सरले गर्दा नै मैले मेहनत गर्न जानें, स्वावलम्बी बन्न सकें । कृपया, यो पैसा लिनुहोस् ।" यति भनी उसले रामप्रसादको खुट्टामा दुई सय रुपियाँ राखेर ढोग्यो ।

"ए...! के गरेको !" आफूलाई ढोग्न लागेको देखेर रामप्रसादलाई अचम्म लाग्यो । "भैगो, भैगो, उठ ।"





रामप्रसादले छ-सात महिना पहिलाको कुरा सम्झे - एउटा केटो बाटोमा एक रुपियाँ पाऊँ भनी माग्दै थियो । उनले त्यस केटालाई दुई सय रुपियाँ दिएका थिए । उसले झुत्रो र मैलो लुगा लगाएको थियो । उनले दिएको पैसाले एउटा माग्ने केटाले आज राम्रो काम गऱ्यो । यो देख्दा उनलाई ज्यादै खुसी लाग्यो । उनको आँखाबाट खुसीको आँसु झऱ्यो । उनले कृष्णको टाउकामा हात राख्दै भने - "अहो ! तिमीले त ज्यादै राम्रो काम गऱ्यौ, स्याबास् !"

उनले त्यो दुई सय रुपियाँ कृष्णलाई फिर्ता दिँदै भने - "यो दुई सय रुपियाँ तिमीजस्तै कोही पनि नभएको मानिसलाई देऊ । उसलाई पनि कुनै काम गरेर खाऊ, भन । तिमी आफू कसरी माग्नेबाट स्वावलम्बी केटो बन्यौ, त्यो पनि उसलाई भन ।"

यति भनेर शिक्षक रामप्रसाद फटाफट हिँडे ।

**अभ्यास १** तलका शब्दको अर्थ बुझ -

| | | |
|---|---|---|
| आवतजावत | = | आउने र जाने |
| थलो | = | ठाउँ |
| स्वावलम्बी | = | आफ्नो काम आफैं गर्ने |

**अभ्यास २** तलका प्रश्नहरूको उत्तर देऊ -

(क) रामप्रसादले कृष्णलाई दुई सय रुपियाँ किन दिए ?

(ख) रामप्रसादले दोस्रो पल्ट भेट्दा कृष्ण कस्तो देखिन्थ्यो ?

(ग) कृष्णले दुई सय रुपियाँ केमा खर्च गरेछ ?

(घ) रामप्रसादको आँखाबाट किन आँसु झऱ्यो ?

(ङ) कृष्णले त्यो दुई सय रुपियाँ के गर्ला ?

**अभ्यास ३** तलका शब्दहरू शुद्धसँग उच्चारण गर -

| | | | |
|---|---|---|---|
| फोहोर | चुत्रो | टर्छ | टोक्नु |
| पोहोर | झुत्रो | तर्छ | तोक्नु |

**अभ्यास ४** मिल्ने अक्षरमा चन्द्रविन्दु लगाऊ -

(क) उसको आखाबाट आसु आयो ।

(ख) मसग बस्न तिमी सुहाउदैनौ ।

(ग) म तिमीलाई पढ्न सिकाउछु ।

(घ) हासलाई गहु खान देऊ ।

(ङ) आगनमा आपको बोक्रा नफाल ।

**अभ्यास ५** तलका चिन्हहरू हेर । वाक्यका मिल्ने ठाउँमा ती चिन्हहरूको प्रयोग गर -

(क) मेरा घरमा किताब कापी र कलम छन्

(ख) तिम्रा घरमा के-के छन्

(ग) किताबभित्र चित्र अभ्यास र अक्षरहरू छन्

(घ) हामीले बिहान उठेर के गर्नुपर्छ

| । | , | ? |

**अभ्यास ६** तालिकाबाट वाक्यहरू बनाऊ -

| | | |
|---|---|---|
| उहाँले | तलदेखि माथिसम्म | खोज्नुभयो । |
| तपाईंले | घरदेखि खेतसम्म | हेर्नुभयो । |
| | यहाँदेखि त्यहाँसम्म | |

**अभ्यास ७** तिम्रा ६ जना साथीहरूको नाम लेख। उनीहरू कति-कति वर्षका भए, उनीहरूले कुन-कुन लुगा लगाएका छन्, लुगाको रङ लेख ।

| साथीको नाम | उमेर | लुगा | लुगाको रङ |
|---|---|---|---|
| १. दीपा शर्मा | १० | कमिज र घाँगर | नीलो र खैरो |
| २. | | | |
| ३. | | | |

**अभ्यास ८** तलको तालिकाबाट वाक्यहरू बनाऊ -

| | | |
|---|---|---|
| ऊ | दुब्लो<br>ख्याउटो<br>निदाउरो<br>मोटो<br>बलियो | छ ।<br>थियो । |

**अभ्यास ९** तलको कुराकानी पढ र यसै गरी नमस्कार, धन्यवाद र माफ गर्नुहोला शब्द प्रयोग गरी तिमीहरू पनि साथीसँग कुरा गर –



पाठ १४

# देशको माटो

- कृष्णप्रसाद पराजुली



देशको माटो सिर्जनाले भर्न सके हुन्थ्यो
छातीभरि न्यानो माया छर्न सके हुन्थ्यो !

माटोसँगै नाता गाँसी बस्ने मन भयो
घामपानीमा जीवन सधैं अर्पण भइरह्यो
केही गर्न सकेजस्तो छैन अझै पनि
नीदले छोप्ला भनी डर लाग्छ छायामनि
धर्तीलाई उज्यालोमा हेर्न सके हुन्थ्यो
देशको माटो सिर्जनाले भर्न सके हुन्थ्यो !

घामको झुल्को टिप्तै जाँदा भित्र धेरै ठुँग्यो
त्यही ठुँगाइ मेट्ने गीत गाउन सके पुग्यो
हातले थोरै आँसु पुछी जान सके पनि
ओठ-ओठमा रङ्ग चढाई सफल बन्थ्यो जुनी
मृत्युलाई हाँसी-हाँसी वर्न सके हुन्थ्यो
देशको माटो सिर्जनाले भर्न सके हुन्थ्यो !

**अभ्यास १** तलका शब्दको अर्थ बुझ -

सिर्जना = नयाँ निर्माण, रचना

अर्पण = दिने वा चढाउने काम, दान

नीद = निद्रा

ठुँग्नु = चराका चुच्चाले घोपेझैं गरी हान्नु

वर्नु = स्वीकार गर्नु

**अभ्यास २** तलका प्रश्नहरूको उत्तर देऊ -

(क) यस कवितामा कविले के-कस्ता इच्छा देखाएका छन्, बुँदाका रूपमा क्रमैसँग लेख ।

(ख) कविलाई केही गर्न सकेजस्तो नलाग्नुको कारण के हो ?

(ग) कविको विचारमा जीवन सफल बनाउने तरिका कुन हो ?

**अभ्यास ३** अर्थ लेख -

हातले थोरै आँसु पुछी जान सके पनि

ओठ-ओठमा रङ्ग चढाई सफल बन्थ्यो जुनी

**अभ्यास ४** 'भर्न' जस्ता शब्दहरू पाठबाट खोजी वाक्यमा प्रयोग गर ।

**अभ्यास ५** **तलका शब्दहरू शुद्धसँग उच्चारण गर -**

| | | |
|---|---|---|
| सिर्जना | अर्पण | झुल्को |
| नाता | धरती | ठुँग्नु |
| रङ्ग | मृत्यु | भेट्नु |

**अभ्यास ६** **तलका शब्दहरूको उल्टो अर्थ आउने शब्दहरू लेख -**

उदाहरण

देश = विदेश, परदेश

देश, न्यानो, माया, डर, छाया, धरती, उज्यालो, आँसु, मृत्यु, माटो

**अभ्यास ७** **तलका वाक्यांशलाई वाक्यमा प्रयोग गर -**

देशको माटो, घामको झुल्को, ओठको हाँसो

**अभ्यास ८** **तलका वाक्यहरू पढ। उदाहरणमा दिइएजस्तै ती वाक्यहरू अर्कै गरी लेख -**

उदाहरण

रामले भात खान सके हुन्थ्यो ।
= रामले भात खाए हुन्थ्यो ।

(क) कोठाको फोहोर फाल्न सके हुन्थ्यो ।

(ख) घाम लाग्न सके हुन्थ्यो ।

(ग) उसले अरूको आँसु पुछ्न सके हुन्थ्यो ।

(घ) झिल्केले राम्ररी नाच्न सके हुन्थ्यो ।

(ङ) झुनुले दिनभरि बस्न सके हुन्थ्यो ।

**अभ्यास ९** ... 'सके हुन्थ्यो' प्रयोग गरी पाँच ओटा वाक्य बनाऊ ।

**अभ्यास १०** जोडा मिलाऊ -

| (क) | (ख) |
|---|---|
| घाम | थोपो |
| साग | सितो |
| भात | झुल्को |
| पानी | चिरा |
| अचार | टुक्रो |
| नुन | त्यान्द्रो |
| सुपारी | चोइटो |
| काठ | पित्को |
| काँक्रो | ढिको |

पाठ १५

# सिक्नुपर्ने कुरा

भाइबहिनी हो !

तिमीहरू विद्यार्थी हौ। तिमीहरू विद्यालयमा धेरै विषयहरू पढ्छौ र धेरै कुरा सिक्छौ पनि । तिमीहरू शुद्धसँग नेपाली लेख्न सिक्छौ । सफाइ गर्न र स्वस्थ रहन सिक्छौ। त्यसै गरी शारीरिक व्यायाम गर्न पनि सिक्छौ। यो असल कुरा हो। यस्ता कुरा सिक्नुपर्छ। यीबाहेक पनि सिक्नुपर्ने कुराहरू धेरै छन्। ती कुराहरू पनि तिमीहरूले एकदमै राम्रोसँग सिक्नुपर्छ। तिनैमध्ये म तिमीलाई केही कुरा बताउँछु ।

नम्र र मीठो बोली बोल्नेलाई सबैले मन पराउँछन्। तिमीहरूले काग देखेका छौ। काग कराएको पनि सुनेका छौ। तिमीहरूलाई काग कराएको मन पर्छ ? काग नजिकै आएर कराउनेबित्तिकै तिमीहरू त्यसलाई धपाउन खोज्छौ। किन भन त ? किनभने कागको बोली रुखो र नमीठो हुन्छ। तिमीहरूले कोइली देखेका छौ। कोइलीको स्वर पनि सुनेका छौ। झ्वाट्ट हेर्दा कोइली कागजस्तै हुन्छ। सानोछँदा कोइली कागकै बच्चासँग हुर्कन्छ र बढ्छ पनि। तर कसैले पनि कोइलीलाई ढुङ्गाले हानेर धपाउन खोज्दैन। सबैलाई कोइलीको मीठो बोली मन पर्छ। तिमीहरू पनि सबैसँग नरम र मीठो बोली बोल। तिमीहरूलाई सबैले मन पराउँछन्।

आँखाले हेर्छ। कानले सुन्छ। नाकले सुँघ्छ। छालाले कुनै कुरा छोएको थाहा पाउँछ र जिब्राले स्वाद लिन्छ। यी पाँचलाई ज्ञानेन्द्रिय भन्छन्। जिब्रोबाहेक अरू ज्ञानेन्द्रियहरूले एउटा मात्र काम गर्छन्। आँखाले सुन्न सक्दैन न त कानले देख्न सक्छ। त्यसै गरी छालाले सुँघ्न सक्दैन, न त नाकले छोएको

थाहा पाउँछ । जिब्राले भने एउटा होइन, दुइटा काम गर्न सक्छ । जिब्राले गर्ने दुइटै कामहरू ठूलठूला काम हुन् ।

अब जिब्राको पहिलो कामबारे विचार गरौँ । जिब्राले स्वाद लिन्छ । यसले मीठो, नमीठो, गुलियो, नुनिलो वा तीतो स्वाद थाहा पाउँछ । तिमीहरूलाई नमीठो चीज मन पर्दैन । नमीठो कुरा तिमीहरू छुँदै छुँदैनौ । बिरामी हुँदा भने तिमीहरूले तीतो कुरा पनि खानैपर्ने हुन्छ । सबै नमीठा चीजहरूलाई पन्छाउन सकिन्न । औषधीजस्तो नमीठो कुराले रोग निको पार्छ । मीठा कुराचाहिँ तिमीहरूलाई खाइरहूँजस्तो लाग्छ । मीठो कुराले स्वास्थ्यलाई असल नगर्न पनि सक्छ । त्यस चीजले तिमीहरूलाई असल गर्छ अथवा गर्दैन, जिब्रोले बताउन सक्दैन । त्यसैले कुनै पनि खाने कुराले आफूलाई फाइदा गर्छ अथवा गर्दैन, यो कुरा खानुभन्दा पहिले नै सोच्नुपर्छ । जिब्राले माग्दैमा बिरामी नै पर्ने गरी धेरै खानुहुन्न भन्ने कुरामा पनि उत्तिकै विचार पुऱ्याउनुपर्छ । बिरामी परियो भने शरीर, मन, मस्तिष्क सबै कमजोर हुन्छन् ।

जिब्राको अर्को काम बोल्नु हो । तिमीहरू पनि आफ्ना भावना, विचार, इच्छा, प्रार्थना वा दुःख-सुख व्यक्त गर्न बोल्छौ । रिसाएको बेला ठूलठूलो स्वरले नमीठोसँग बोल्छौ । खुसी भएको बेला सानो स्वरले मीठोसँग बोल्छौ । आफ्नो र अरूको भलाइका लागि मात्र जिब्राको प्रयोग गर्नुपर्छ । यदि तिमीहरूले अरूसँग कडा, नमीठो बोली गरेर बोल्यौ भने उनीहरूले पनि तिमीहरूसँग त्यस्तै वचन बोल्नेछन् । आफूसँग रिसाउनेसँग पनि मीठो वचन बोल । यसो गऱ्यौ भने उनीहरू शान्त हुन्छन् र आफ्ना वचनका लागि दुःखित हुन्छन् । प्रत्येक प्राणीभित्र ईश्वरको बास हुन्छ । त्यसैले अरूप्रति नराम्रा, नमीठा शब्दहरू प्रयोग नगर ।

नचिच्याऊ र आवश्यकताभन्दा ठूलो स्वरले नबोल, अनि आवश्यक भए मात्र बोल। ठूलठूलो स्वरले अनावश्यक कुरा बोलेर आफ्नो शक्ति किन खेर फाल्छौ ?

जिब्रोबाट अरू कुरा पनि सिक्न सकिन्छ। जिब्रो सधैँ आफ्नै घरमा बसिरहन्छ, अरूकहाँ बेकाममा जाँदैन। यसले आफ्नो सीमा बुझेको हुन्छ। त्यसै गरी तिमीहरू पनि बेकाममा अरूकहाँ जानु हुँदैन। सडकमा बेकाममा भौँतारि रहनु हुन्न। त्यसको सट्टा आफ्नै घरमा बसी आमा, बा, दिदीबहिनी र दाजुभाइलाई सहयोग गर्नुपर्छ।

जिब्रो सधैँ तरबारका धारजस्ता दाँतहरूको बीचमा सुरक्षितसँग बस्छ। आफूवरिपरिको वातावरण यसले राम्रोसँग चिनेको हुन्छ। त्यसै गरी तिमीहरूले पनि आफूवरिपरिको वातावरण राम्रोसँग नियाल्नुपर्छ। खतराबाट र दुर्घटना हुनबाट आफूलाई जोगाउनुपर्छ। नराम्रो सङ्गत र बानीबाट आफूलाई टाढै राख्नुपर्छ। तिमीहरूले पढीगुनी ठूलो बनेर राम्रो नाम कमाउनुपर्छ।

**अभ्यास १** तलका शब्दको अर्थ बुझ -

ज्ञानेन्द्रिय = आँखा, कान, नाक, जिब्रो र छालालाई संयुक्त रूपमा जनाउने शब्द

व्यक्त गर्नु = भन्नु वा लेख्नु

वचन = बोली

सीमा = साँध, सिमाना

सुरक्षित = सुरक्षा गरिएको, राम्रो बचाउ गरिएको

**अभ्यास २** तलका प्रश्नहरूको उत्तर देऊ -

(क) विद्यालयमा तिमीले पढ्ने विषयहरू के-के हुन् ?

(ख) कोइलीलाई सबैले मन पराउनुको कारण प्रस्ट पार ।

(ग) हाम्रो कुन ज्ञानेन्द्रियले एउटाभन्दा बढी काम गर्छ, विवरण देऊ ।

(घ) जिब्राले हामीलाई के-कस्तो पाठ सिकाउँछ ?

**अभ्यास ३** काग र कोइलीको तुलना गरी तलको तालिका पूरा गर -

| काग | कोइली |
|---|---|
| कसैले मन नपराउने<br>__________<br>__________ | सबैले मन पराउने<br>__________<br>__________ |

**अभ्यास ४** **तलको वाक्य पढ र त्यसबारे एक अनुच्छेद लेख –**

"आफ्नो र अरूको भलाइका लागि मात्र जिब्राको प्रयोग गर्नुपर्छ ।"

**अभ्यास ५** **तल दिइएको अनुच्छेद मनमनै पढ र सोधिएका प्रश्नहरूको उत्तर देऊ –**

प्रत्येक प्राणीभित्र ईश्वरको बास हुन्छ । त्यसैले अरूप्रति नराम्रा, नमीठा शब्दहरू प्रयोग नगर, नचिच्याऊ र आवश्यकताभन्दा ठूलो स्वरले नबोल । ठूलठूलो स्वरले अनावश्यक कुरा बोलेर आफ्नो शक्ति किन खेर फाल्छौ ?

(क) ईश्वर कहाँ बस्छन् ?

(ख) किन अरूप्रति नमीठा शब्द प्रयोग गर्नु हुँदैन ?

(ग) चिच्याउँदा के नाश हुन्छ ?

(घ) अनावश्यक कुरा भन्नाले के बुझिन्छ ?

**अभ्यास ६** **तलका शब्दहरूको हिज्जे मिलाई लेख –**

| | | |
|---|---|---|
| बीट्टिकै | धुङ्गा | झवात्त |
| स्वास्थ | सुरच्छित | भौटारीनु |
| बाताबरन | षङगत | पढिगुणी |

**अभ्यास ७** तलका वाक्यांशहरूलाई वाक्यमा प्रयोग गर -

| | | |
|---|---|---|
| झ्वाट्ट हेर्नु | थचक्क बस्नु | फतक्क गल्नु |
| मुखैमा झुन्डिनु | आँखामै टाँसिनु | कानैमा गुन्जिनु |

**अभ्यास ८** दिइएका विषयमा २-३ अनुच्छेद लेख -

(क) मीठो बोली

(ख) विद्याको महत्त्व

(ग) स्वस्थ शरीर

**अभ्यास ९** उदाहरणमा दिइएका वाक्य पढ र बुझ -

- घरले हाम्रो सुरक्षा गर्छ ।
- घरमा हामी सुरक्षित हुन्छौँ ।

- त्यो उसको कल्पना हो ।
- ऊ काल्पनिक कथा पढ्छ ।

- धेरै राष्ट्रसँग नेपालको सम्बन्ध छ ।
- यो तिनीहरूसँग सम्बन्धित छ ।

**अभ्यास १०** खाली ठाउँमा मिल्दो शब्द थपी वाक्य पूरा गर -

(क) एस.एल.सी पास गर्ने उसको ...... थियो ।
(इच्छा - इच्छित)

(ख) उसले आफ्नो ............ वस्तु भेट्टायो ।
(इच्छा - इच्छित)

(ग) मान्छे ............ मा बस्छ ।
(सामाजिक/समाज)

(घ) मान्छे ............ प्राणी हो ।
(समाज/सामाजिक)

(ङ) तिमीलाई ............ बनोटबारे केही ज्ञान छ ?
(भूगोल - भौगोलिक)

(च) अहँ, मैले ............ पढेको छैन ।
(भूगोल/भौगोलिक)

(छ) नारदले सबै कुरा भगवान्लाई ............ गरे ।
(समर्पण/समर्पित)

(ज) नारद भगवान्मा ............ थिए ।
(समर्पण - समर्पित)

**अभ्यास ११** तलका शब्दहरू पढ र बुझ -

| | | |
|---|---|---|
| ठूला + ठूला | = | ठूलठूला |
| तातो + तातो | = | तात्तातो |
| साना + साना | = |ससाना |

## पाठ १६ उपदेश

अल्छी गरी नसुत बाबु ! बिहानसम्म,
सारा शरीर गर साफ भएर टम्म ।

जोडेर हात गर ईश्वरमा प्रणाम,
सङ्कष्ट हट्छ जसबाट यहाँ तमाम ॥

मैला र फोहोर लुगा कहिल्यै नलाऊ,
ताजा, सफा र हितकारक चीज खाऊ ।

रोगी गरीबहरूमाथि दया बढाऊ,
ठूलो गरी इलम नाउँ यहाँ चलाऊ ॥

साथीहरूसँग चली झगडा नगर्नू,
सित्तैं अरूकन खराब कुरा नभन्नू ।

माता, पिता र गुरुको उपदेश मान्नू,
देवी र विष्णु, शिवजी यिनलाई ठान्नू ॥

बैन्ही र भाइहरूको गर हेरचाह,
आफन्तको नगर फेरि फजूल डाह ।

बूढा मनुष्यहरूको गर खूब मान,
आफ्नो सुखप्रद सनातन धर्म मान ॥



साभार : महेन्द्र माला कक्षा ५

**अभ्यास १** **तलका शब्दको अर्थ बुझ –**

| | | |
|---|---|---|
| साफ | = | सफा |
| प्रणाम | = | निहुरेर नमस्कार गर्नु, ढोग्नु |
| सङ्कष्ट | = | दुःख, पीर |
| तमाम | = | सबै |
| हितकारक | = | भलो गर्ने, राम्रो गर्ने |
| इलम | = | काम |
| सित्तैं | = | त्यसै, व्यर्थ |
| उपदेश | = | अर्ती |
| फजुल | = | काम न काजको, व्यर्थ |
| मनुष्य | = | मानिस |
| सुखप्रद | = | सुख दिने |
| सनातम धर्म | = | पहिलेदेखि चलिआएको धर्म |

**अभ्यास २** **तलका प्रश्नहरूको उत्तर देऊ –**

(क) के गऱ्यो भने दुःख हट्छ ?

(ख) कस्तो कुरा लाउने र खाने गर्नुपर्छ ?

(ग) इलम गऱ्यो भने के हुन्छ ?

(घ) आमा, बुबा र गुरुलाई के ठान्नुपर्छ ?

(ङ) तिमी कुन देवी-देवताको पूजा गर्छौ ?

**अभ्यास ३** पाठका आधारमा तलको तालिकामा मिल्दा कुरा लेख –

| गर्नुपर्ने काम | गर्न नहुने काम |
| --- | --- |
| | |

**अभ्यास ४** तलका कविताको अर्थ लेख –

मैला र फोहोर लुगा कहिल्यै नलाऊ,
ताजा सफा र हितकारक चीज खाऊ ।
रोगी गरीबहरूमाथि दया बढाऊ,
ठूलो गरी इलम नाउँ यहाँ चलाऊ ॥

**अभ्यास ५** उही अर्थ दिने दुई–दुईओटा शब्द लेख –

(क) मनुष्य .............. ..............

(ख) फोहोर .............. ..............

(ग) दु:ख .............. ..............

(घ) अल्छी .............. ..............

(ङ) चिडिया .............. ..............

**अभ्यास ६** उदाहरण हेरी धर्का दिइएका क्रियापदको रूप फेर -

उदाहरण

| |
|---|
| तिमी असल कुरा खाऊ । |
| तिमी असल कुरा खुवाऊ । |

(क) उसले चिठी लेख्यो ।

(ख) तँ कथा सुन्न जालास् ।

(ग) म राम्ररी पढ्नेछु ।

(घ) ऊ झोला बोकेर विद्यालय जान्छ ।

(ङ) तिमी सधैँ घरभित्रै लुक्छौ ।

**अभ्यास ७** उच्चारण गर -

| | | | |
|---|---|---|---|
| प्रणाम | सङ्कष्ट | उपदेश | सुखप्रद |
| आफन्त | सित्तैं | ईश्वर | अर्ती |
| व्यथ | धर्म | ढोग | मनुष्य |

**अभ्यास ८** माथिका शब्दहरूलाई वाक्यमा प्रयोग गर ।

पाठ १७

# पात्रोभन्दा भित्तेपात्रो उपयोगी







उद्घोषक : अब हाम्रो वादविवाद कार्यक्रम सुरु हुन्छ ... प्रत्येक वक्ताले ५ मिनेटको समय पाउनुहुनेछ ... र बोल्ने क्रममा पक्ष या विपक्षका साथीको नाम उल्लेख गर्न पाइने छैन ... आधा समय सकिएपछि पहिलो पल्ट र पूरै समय सकिएपछि अन्तिम घण्टी बज्नेछ ...



सर्वप्रथम पक्षबाट बोल्दै छिन्, कक्षा ९ की छात्रा गीता महतो –

गीता महतो : श्रीमान् सभापतिज्यू, आदरणीय गुरुवर्ग तथा निर्णायक समितिका सदस्यहरू एवम् प्यारा साथीहरू !



आज म पात्रोभन्दा भित्तेपात्रो नै बढी उपयोगी हुन्छ भन्ने विषयमा पक्षबाट बोल्दै छु ।

पात्रोभन्दा भित्तेपात्रो नै बढी उपयोगी हुन्छ भन्ने कुरा हामी सबैले अनुभव गरेकै छौं। भित्तामा झुन्ड्याइने हुनाले भित्तेपात्रो पल्टाइरहने झन्झट हुँदैन। भित्तामा हेर्नासाथ वर्ष, महिना, गते एकैचोटि देखिन्छ। पात्रो पल्टाउने हो भने त एउटै कुरा खोज्न पनि एक घण्टा लाग्छ। भित्तेपात्रोमा ठूलठूला अक्षर लेखिन्छन्। त्यसैले बूढाबूढीले समेत चस्मा नलगाईकन पढ्न सक्छन्। यो कुरा पात्रोका लागि पूरै असम्भव हुन्छ। पात्रोको पानै पल्टाउन त गाह्रो छ भने अरू के काम होला यसबाट ?

घण्टी बज्छ ...

भित्तेपात्रोमा थरी थरीका चित्र हुन्छन्। यसमा पूर्णिमा, औंसी, एकादशी, दसैं तिहार, अरू पर्व र बिदासमेत टड्कारै चिनिने गरी दिइएको हुन्छ। जस्तो भनौं, शनिबार वा बिदा रातो रङले लेखिन्छ। भर्खर-भर्खर अक्षर चिनेका बालकहरू या अरूलाई पनि रातो रङ बिदाको सङ्केत बन्छ। त्यसैले सङ्केतबाट मात्र पनि कुन दिन हो भन्ने थाहा हुन्छ। त्यसै गरी शिवरात्रि जनाउन शिवजीको चित्र दिइएको हुन्छ, रामनवमीमा रामको ... अक्षरै नचिनेंकाले पनि कुन चाड हो भन्ने कुरा सजिलैसँग थाहा पाउँछन् ...... यस्तो कुनै कुरा पात्रोका लागि सम्भव हुँदैन।



(घण्टी बज्छ ...)

त्यसैले म फेरि भन्छु, पात्रोभन्दा भित्तेपात्रो नै बढी उपयोगी छ। धन्यवाद !

उद्घोषक : अब विपक्षबाट बोल्दै छन् कक्षा ९ कै छात्र छिरिङ सेर्पा -

छिरिङ सेर्पा : श्रीमान् सभापतिज्यू, श्रद्धेय गुरुहरू, निर्णायक मण्डलका आदरणीय सदस्यहरू तथा साथीहरू !



म पात्रोभन्दा भित्तेपात्रो नै बढी उपयोगी हुन्छ भन्ने विषयमा विपक्षबाट बोल्दै छु ...... अर्थात् भित्तेपात्रोभन्दा पात्रो नै बढी उपयोगी हुन्छ भन्ने विषयमा बोल्दै छु ।

मेरा पूर्ववक्ता साथीले भन्नुभयो, पात्रो पल्टाइरहनुपर्ने झन्झट हुन्छ ...... भित्तेपात्रो पल्टाउनै पर्दैन ...... कस्तो अचम्मको कुरा गरेको होला ! ...... भित्तेपात्रो पनि एक-एक महिनामा त पल्टाउनै पर्ला नि ...... नत्र मङ्सिर महिना भइसक्दा पनि वैशाखमै हेरिरहने ? अर्को कुरा, पानै पल्टाउन झर्को मानेर पनि काम चल्छ ? किताब पढ्नका लागि पनि त पाना त पल्टाउनैपर्छ नि । कि पानै नपल्टाई किताब पढ्ने हो ? अर्को कुरा बूढाबूढीले पात्रो पढ्न सक्दैनन् रे - कस्तो कुरा गरेको होला - आँखा ठीक छ भने जस्तोसुकै अक्षर पनि पढ्न सकिन्छ, आँखा नै कमजोर छ भने त चस्मा लगाएर पढ्नुपर्छ नि ।

(घण्टी बज्छ...।)

मेरा पूर्ववक्ता साथीले भन्नुभयो - पात्रोमा चित्र हुँदैन रे । चित्र खोज्न त पोस्टर हेर्नुपर्छ । चित्रकलाको पुस्तक हेर्नुपर्छ । नभए तस्बिरहरू हेर्नुपर्छ । जेमा पनि चित्र नै खोजेर हुन्छ त ? सङ्केतकै कुरा गर्ने हो भने पात्रोमा पनि सङ्केत हुन्छ, त्यो

त बुझ्न सक्नुपर्छ । त्यसैले भित्तेपात्रोभन्दा पात्रो नै बढी उपयोगी हुन्छ ।

(घण्टी बज्छ) ...

धन्यवाद !

उद्घोषक : अब पक्षबाट बोल्दै छन्, कक्षा १० का छात्र रमेश ज्ञवाली -

रमेश ज्ञवाली : श्रीमान् सभापतिज्यू, आदरणीय गुरुवर्ग एवम् निर्णायक मण्डलका सदस्यहरू तथा साथीहरू !



आज म पात्रोभन्दा भित्तेपात्रो नै बढी उपयोगी छ भन्ने विषयमा पक्षबाट बोल्दै छु ।

पात्रो अवैज्ञानिक छ । आजको जमानामा पनि तिथि, मिति, साइत भनेर हुन्छ र ? कस्तो अन्धविश्वास ! भित्तेपात्रोमा विभिन्न सन्देश पढ्न पाइन्छ । जस्तै भनौं, बैङ्कहरूले निकालेका पात्रोमा बैङ्कसम्बन्धी धेरै जानकारी हुन्छ । त्यसै गरी स्वास्थ्यसँग सम्वन्धित संस्थाबाट निकालिएको पात्रोमा स्वास्थ्य शिक्षासम्बन्धी सन्देशहरू हुन्छन् । यति मात्र कहाँ हो र ? विवाह, व्रतबन्ध आदिको साइतसमेत भित्तेपात्रोमै दिइएको हुन्छ । पात्रो त पण्डितहरूका लागि मात्र हो । अरूका लागि त पात्रोको कुनै कामै छैन ......

(घण्टी बज्छ। त्यसैले म भन्छु, पात्रोभन्दा भित्तेपात्रो नै उपयोगी हुन्छ ।

उद्घोषक : अब विपक्षबाट बोल्दै छिन् कक्षा १० की छात्रा सुनीता शाक्य -

सुनीता शाक्य : श्रीमान् सभापतिज्यू, श्रद्धेय गुरुहरू तथा निर्णायक मण्डलका सदस्यहरू एवम् प्यारा साथीहरू !



भित्रेपात्रोभन्दा पात्रो नै उपयोगी हुन्छ ।

मेरा पूर्ववक्ता साथीले पात्रोलाई अवैज्ञानिक भन्नुभयो । त्यही पात्रोकै आधारमा भित्तेपात्रो बनेको हुन्छ । पात्रो अवैज्ञानिक भए भित्तेपात्रो चाहिँ कसरी वैज्ञानिक हुन्छ ? फेरि मेरा पूर्ववक्ता साथीलाई वैज्ञानिक/अवैज्ञानिकको धारणा नै प्रस्ट रहेनछ किनभने पात्रो पूर्ण वैज्ञानिक छ र गणितमा आधारित छ । पात्रो अवैज्ञानिक भए यो दिन चन्द्रग्रहण लाग्छ, यो दिन सूर्य-ग्रहण लाग्छ, यति-यति बेर ग्रहण लाग्छ भन्ने जस्ता कुराहरू कसरी ठ्याक्कै मिल्छन् त ?

भित्तेपात्रोमा सन्देश हुन्छ रे । सन्देश पनि कस्तो ? जसले निकालेको हो, उसैसँग सम्बन्धित मात्र । त्यस्तो सन्देशको के काम ? पात्रोमा झन् धेरै सन्देश हुन्छन् । यस्तो बेलामा रुद्री गर्नुहुन्छ, यस्तो बेलामा हुँदैन, साइत गरेर हिँड्दा कुन दिशातिर फर्केर हिँड्नुपर्छ, जस्ता कुराहरूसम्बन्धी थुप्रै जानकारी पात्रोमा हुन्छ । पात्रोमा भएका कुरा पढ्न पनि त जान्नुपऱ्यो नि । पण्डितका लागि मात्र पात्रो उपयोगी हुन्छ भन्नु एकदमै गलत हो । त्यसो त भित्तेपात्रो नै पढ्नका लागि पनि साक्षर त हुनुपर्छ नि । त्यसै गरी पात्रो पढ्नका लागि पनि साक्षर त हुनुपऱ्यो ! म त राम्रैसँग पात्रो पढ्न सक्छु । के म पण्डित हुँ त ?

(घण्टी बज्छ) ...

त्यसैले म फेरि भन्छु, भित्तेपात्रो भन्दा पात्रो नै उपयोगी छ। धन्यवाद !

उद्घोषक : आजको प्रतियोगिता यहीँ सम्पन्न हुन्छ। अब सभापतिज्यूलाई विजेताहरूलाई पुरस्कार वितरण गर्न र आफ्नो मन्तव्य व्यक्त गर्न अनुरोध गर्छु ।

सभापति : (सभापतिले विजयीहरूलाई पुरस्कार वितरण गर्छन् र आफ्नो मन्तव्य दिन्छन् ।) निर्णायक मण्डलका सदस्यहरू, प्यारा विद्यार्थीहरू ! हाम्रा वक्ताहरूले पात्रोभन्दा भित्रेपात्रो उपयोगी भन्ने विषयमा पक्ष र विपक्षबाट आ-आफ्ना तर्कहरू पेस गर्नुभयो। वास्तवमा हामीलाई पात्रो र भित्तेपात्रो दुवै चाहिन्छ। आ-आफ्ना क्षेत्रमा दुवै उत्तिकै उपयोगी छन्। यस वादविवादमा भाग लिई कार्यक्रम सफल बनाउन मदत गर्नुहुने सबैलाई आयोजकका तर्फबाट धन्यवाद दिन्छु। सभा यहीँ विसर्जन हुन्छ। धन्यवाद !



**अभ्यास १** **तलका शब्दको अर्थ बुझ –**

| | | |
|---|---|---|
| वादविवाद | = | कुनै कुरा वा विषयको बारेमा गरिने तर्कवितर्क, छलफल |
| पक्ष | = | दिइएको विषयको समर्थनमा बोल्ने |
| विपक्ष | = | दिइएको विषयको विरोधमा बोल्ने |
| उल्लेख गर्नु | = | वर्णन गर्नु, भन्नु वा लेख्नु |
| श्रद्धेय | = | श्रद्धा गर्न योग्य |
| पूर्ववक्ता | = | पहिले बोल्ने व्यक्ति |
| अवैज्ञानिक | = | वैज्ञानिक नभएको |
| साक्षर हुनु | = | लेखपढ गर्न सक्नु |
| मन्तव्य | = | मनमा लागेका कुरा |

**अभ्यास २** **तलका प्रश्नहरूको उत्तर देऊ –**

(क) पात्रो र भित्तेपात्रोमा तिमीलाई कुन मन पर्छ र किन ?

(ख) वादविवादमा भाग लिने वक्ताहरूका भनाइमा तिमीलाई कुन चाहिँ ठीक जस्तो लाग्यो, कारण दिई लेख ।

(ग) पात्रो साँच्चै पण्डितका लागि मात्र हो त ? आफ्नो विचार लेख ।

**अभ्यास ३** **तलका अनुच्छेदमा भएका असम्बन्धित वाक्यहरू चिन र आफ्नो कापीमा सार –**

(क) चित्र खोज्न त पोस्टर हेर्नुपर्छ । चित्रकलाको पुस्तक हेर्नुपर्छ । नभए पोखरीमा पौडी खेल्न जानुपर्छ । नभए तस्बिरहरू हेर्नुपर्छ । जेमा पनि चित्र नै खोजेर हुन्छ त ?

(ख) पात्रो पढ्न साक्षर हुनुपर्छ । भित्तेपात्रो पढ्न गीत गाउन जान्नुपर्छ । भित्तेपात्रो पढ्न पनि साक्षर हुनुपर्छ । किताब पढ्न पनि साक्षर हुनुपर्छ ।

**अभ्यास ४** **मुख्य कुरो पत्ता लगाऊ –**

(क) गीता महतो र रमेश ज्ञवालीले भन्न खोजेका कुरा के हुन् ? एक या दुई वाक्यमा लेख ।

(ख) छिरिङ सेर्पा र सुनीता शाक्यले भन्न खोजेका कुरा के हुन् ? एक या दुई वाक्यमा लेख ।

**अभ्यास ५** **तलका भनाइहरू पढ र उदाहरणमा दिइएजस्तै मिल्ने गरी तालिका पूरा गर –**

(क) भित्तेपात्रोले समय बचत हुन्छ । पात्रोले धेरै समय लिन्छ तर धेरै कुरा सिकाउँछ ।

(ख) भित्तेपात्रोमा झ्वाट्ट हेर्नासाथ सबै कुरा पढ्न सकिए पनि पात्रोकै आधारमा भित्तेपात्रो बन्छ । पात्रो बनाउन धेरै हिसाब-किताब गर्नुपर्छ । एउटा अङ्क मात्र जोड्न बिर्सिए पनि पात्रो ठ्याम्मै फरक पर्छ । त्यसैले यो पूरा वैज्ञानिक छ ।

| पात्रोको महत्त्व | भित्तेपात्रोको महत्त्व |
|---|---|
| पात्रोको आधारमा भित्तेपात्रो बन्छ । | इवाट्ट हेर्नासाथ सबै कुरा पढ्न सकिन्छ । |

**अभ्यास ७** **दिइएका शीर्षकमा पक्ष र विपक्ष दुवै तर्फबाट आफ्ना बलिया तर्क पेस गर –**

(क) खुकुरीभन्दा कलम नै बलियो हुन्छ ।

(ख) शहरिया जीवनभन्दा गाउँले जीवन नै बेस हुन्छ ।

(ग) विदेशी सामानभन्दा घरेलु सामान नै उपयोगी हुन्छ ।

**अभ्यास ८** तल पात्रो र भित्तेपात्रोका नमुनाहरू दिइएका छन्। हेर र दुइटाका समानता र असमानताहरू के-के छन्, पत्ता लगाई तालिकामा लेख –

## पात्रो

सं.२०५२ आश्विन शुक्ल, (देवीपक्षः) (कौलाध्व) ९ - अक्टुबर १०,१९९५ द. शरद्

| ग | वा | ति | घ.प. | न | घ.प. | यो | घ | चं. | सू.उ. | ता | पा. चि., स्वा., पू. भा., उ. भा. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ग | वा | ति | घ.प. | न ह | घ.प. | यो | घ | चं. | सू.उ. | ता | पा.चि.,स्वा.,घ.,पू.भा.,उ.भा. |
| ९ | सो | १ | ३९/३४ | चि | ५५/१७ | शु | ८ | कं | ६/१ | 25 | नवरात्रव्रतारम्भः घटस्थापनम् बृ.स्थि. |
| १० | मं | २ | ५३/५२ | स्वा वि | ५३/५२ | ब्र | ३ | २४/३४ | १ | 26 | ब(अक्टुबर १० ता ३१) फूलपाती सू ६ (दि मा २९/४९-४ |
| ११ | बु | ३ | ५१/३२ | अ ज्ये | ५१/३२ | वै | ५१ | तु | २ | 27 | मं.७ म. ०/२६ उ २८/६ या क ललिता व्रतम् |
| १२ | बृ | ४ | ४८/२६ | मू | ४८/२६ | वि | ४५ | ३४/१२ | ३ | 28 | बु ६ पचली भैरव यात्रा: उपाङ्ग क |
| १३ | शु | ५ | ४४/४६ | पू उ | ४४/४६ | प्री | ३७ | वृ | ४ | 29 | बृ ८ विल्व निमन्त्रण |
| १४ | श | ६ | ४०/४५ | श्र ध | ४०/४५ | आ | ३० | ४०/४५ | ५ | 30 | शु ६ म १०/५६ उ ३७/५३ या ब |
| १५ | आ | ७ | ३६/३२ | श | ३६/३२ | सौ | २२ | ध | ६ | 1 | महाष्टमी नवमी (स्याकोत्याको) श ११ |
| १६ | सो | ८ | ३२/२३ | पू उ | ३२/२३ | शो | १४ | ४६/२४ | ६ | 2 | विजया दशमी (टीका) रा ७ |
| १७ | मं | १० | २८/२९ | | २८/२९ | ब | ७ | म | ७ | 3 | म २०/५१ उ ४८/२१ या ध.पं.प्रा. ऋ के १ |
| १८ | बु | ११ | २५/१ | | २५/१ | धृ | ५२ | ५३/३७ | ८ | 4 | ऋ५३/३७ पापाङ्कुशा ११ व्र.(असंचार्ले) |
| १९ | बृ | १२ | २२/१३ | | २२/१३ | शू | ४६ | कं | ९ | 5 | प्रदोष व्रतं बृ.चार |
| २० | शु | १३ | २०/१४ | | २०/१४ | गं | ४१ | कुं | १० | 6 | म ३८/१७ उ कोजाग्रत १५ व्रतं ह १८ शु ७ |
| २१ | श | १४ | १९/१४ | | १९/१४ | वृ | ३६ | ४/२९ | ११ | 7 | म ७/४२ या पू.व्र. कार्तिक + उदयास्त |
| २२ | आ | १५ | १९/२० | | १९/२० | धु | ३२ | मी | ११ | 8 | + स्नानारम्भः ह अखिल बलिपूर्ति २१ बृ.मा |

## भित्तेपात्रो

**असोज, २०५२** Sept./Oct.,1995

| | | | | | |
|---|---|---|---|---|---|
| आइतबार | १ 17 | ८ 24 | १५ 1 | २२ 8 | २९ 15 |
| सोमबार | २ 18 | ९ 25 | १६ 2 | २३ 9 | ३० 16 |
| मङ्गलबार | ३ 19 | १० 26 | १७ 3 | २४ 10 | ३१ 17 |
| बुधबार | ४ 20 | ११ 27 | १८ 4 | २५ 11 | |
| बिहिबार | ५ 21 | १२ 28 | १९ 5 | २६ 12 | |
| शुक्रबार | ६ 22 | १३ 29 | २० 6 | २७ 13 | |
| शनिबार | ७ 23 | १४ 30 | २१ 7 | २८ 14 | |

९ गते घटस्थापना, १५ गते फूलपाती, १६ गते महाष्टमी, १७ गते विजया दशमी, १८ गते एकादशी १९ गते द्वादशी, २० गते त्रयोदशी

| समानता | असमानता |
|---|---|
| - दुवैमा वर्ष, महिना, गते, बार र तारिक दिइएको हुन्छ । | - भित्तेपात्रोमा ठूलो अक्षर हुन्छ, पात्रोमा सानो |

**अभ्यास ९** **हिज्जे र उपयुक्त चिन्ह मिलाई दिइएका वाक्यहरू शुद्ध गरी लेख –**

बैसाख महिनामा गर्मी हुन्छ ! अहो, ज्यष्टमा त गर्मिले तिक्ने सकिंन । अषढ भयपछी पानी पर्न ठाल्छ ? साउनमा पनि पानी पर्छ । भडौतिर जारो हुन्छ । अशोजमा सितल भइहाल्छ !

पाठ १८

# बिरामी बिदा स्वीकृतिको निवेदन

२०५३-१-१५

श्रीमान् प्रधानाध्यापकज्यू,
जनज्योति प्राथमिक विद्यालय
पर्सा

विषय : बिदा स्वीकृत गरिदिने बारे ।

महोदय,

गत हप्ता मलाई टाइफाइड ज्वरो आएको जानकारी गराउँछु । त्यसकारण म पाँच दिनदेखि विद्यालय पनि आउन सकेको छैन । म अझै उपचार गर्दै छु । मलाई डा. सरस्वती लिम्बूले हेरिरहनुभएको छ । मेरो ज्वरो अझै ठीक भइसकेको छैन । डाक्टरको भनाइअनुसार मैले अझ १५ दिन आराम गर्नुपर्छ ।

त्यसैले मलाई बीस दिन बिरामी बिदा स्वीकृत गरिदिनुहुन विनम्र अनुरोध गर्छु ।

आज्ञाकारी छात्र
रामनारायण थारू
रो.नं.९
कक्षा ५

**अभ्यास १** **तलका शब्दको अर्थ बुझ –**

स्वीकृत = मानिएको

गत = गएको

टाइफाइड = निकै ज्वरो आउने एक प्रकारको रोग

जानकारी = जान्ने काम

उपचार = औषधी गर्ने काम

विनम्र = ज्यादै नरम भएर

**अभ्यास २** **तलका प्रश्नहरूको उत्तर देऊ –**

(क) निवेदन कसले लेखेको हो ?

(ख) निवेदन कुन मितिमा लेखिएको हो ?

(ग) निवेदन कुन विषयमा लेखिएको हो ?

(घ) १५ दिन आराम गर्ने सल्लाह कसले दिएको हो ?

**अभ्यास ३** **उदाहरणमा दिइएका छोटकरी शब्द हेर र दिइएका छोटकरी शब्दको पूरा रूप लेख –**

डा. =डाक्टर

प्र.अ. = प्रधानाध्यापक

प्र.जि.अ = प्रमुख जिल्ला अधिकारी

गो.प. = गोरखापत्र

(क) त्रि.वि.

(ख) जि.शि.अ.

(ग) ना.सु.

(घ) गा.वि.स.

**अभ्यास ४** **तलको तालिकाबाट वाक्यहरू बनाऊ –**

| | | | | | |
|---|---|---|---|---|---|
| | काठमाडौँ | | | | |
| | धनकुटा | गए देखि | बिरामी | परेको | छ । |
| ऊ | सुर्खेत | आए देखि | | | छैन । |
| | डोटी | | | | |
| | पोखरा | | | | |

**अभ्यास ५** **कुनै–कुनै शब्दको एउटा मात्र अर्थ हुँदैन। ठाउँ र परिस्थिति हेरी शब्दलाई छुट्टा–छुट्टै रूपमा प्रयोग गर्नुपर्ने हुन्छ । माथिको निवेदनमा "मलाई डा. सरस्वतीले हेरिरहनुभएको छ" मा परेको 'हेरिरहनुभएको' को अर्थ के हो ?**

यसको अर्थ 'जाँच्नुभएको ' वा 'उपचार गर्नुभएको' हो । हेर्नुको सोझो अर्थ आँखाले मात्र कतै हेर्नु हुन्छ। बिरामी हेर्नु भनेको उपचार गर्नु वा जाँच्नु हो ।

**तलका वाक्यमा परेका चहकिला शब्दका सोझो अर्थ र भन्न खोजिएका अर्थ लेख –**

(क) मलाई तिम्रा कुरादेखि **वाक्क लाग्यो** ।

(ख) उसले **कम्मर कसेर** पढ्यो ।

(ग) मेरो खेत **बाग्मतीमा** छ ।

(घ) उसको **बाले माटो खाए** ।

(ङ) उसको हात **फलाम जस्तो** छ ।

**अभ्यास ६** **तल दिइएका विषयमा निवेदन लेख –**

(क) परीक्षा शुल्क तिर्न नसक्ने कारण देखाई, प्रधानाध्यापकलाई

(ख) विद्यालयको वरपर वृक्षारोपण गर्ने व्यवस्था गर्न, प्रधानाध्यापकलाई


(ग) गाउँ वा नगरको बाटो मर्मत गर्न, गा.वि.स. वा नगरपालिकालाई

**अभ्यास ७** **वाक्यमा प्रयोग गर –**

| | | | |
|---|---|---|---|
| प्रधानाध्यापक | स्वीकृत | गत | टाइफाइड |
| जानकारी | उपचार | विनम्र | बिदा |

पाठ १९

# नर्सको जीवन



तिमीहरूले अस्पतालमा सेतो कमिज, धोती र एक किसिमको टोपी लगाएका महिलाहरूलाई देखेका होउला । कोही-कोही त त्यसमाथि सेतो कोट पनि लगाउँछन् । तिनीहरू बिरामीको हेरविचार गर्छन् र औषधी दिन्छन् । ती को होलान् ? हो, ती नर्स हुन् । धेरै जसो महिलाहरू नर्स हुन्छन् तर अचेल नर्सका रूपमा पुरुषहरू पनि काम गर्छन् ।

नर्सको जीवन त्यति सरल छैन, जति हामी देख्छौँ । अस्पतालमा कुन-कुन समय काम गर्ने भनी पालो बाँडिएको हुन्छ । साधारणतया बिहान, अपराह्न र रातीको पालो हुन्छ । बिहानको पालो छ भने बिहान सबेरै अस्पताल पुग्नुपर्छ । अपराह्नसम्म काम गरेपछि आफ्नो पालो अर्को साथीलाई बुझाएर घर फर्कनुपर्छ । अपराह्नमा पालो परेको नर्सले साँझ अर्को साथीलाई पालो बुझाउनुपर्छ । पालो बुझेको नर्सले रातभरि काम गर्नुपर्छ । भोलिपल्ट बिहान अर्को साथी नआएसम्म नसुतीकन रातभरि काम गर्नु कम गाह्रो काम होइन !

यी त भए कुन-कुन समय काम गर्ने भन्ने कुरा । अब आऔँ, उनीहरूले के-के गर्नुपर्छ भन्नेतर्फ -

नर्स अस्पतालमा हुँदा उनले धेरै काम गर्नुपर्छ । सबै बिरामीकहाँ गई बिरामीको तापक्रम लिने, औषधी बनाउने र खुवाउने काम नर्सले नै गर्छन् । कसै-कसैलाई सुई दिने काम पनि गर्नुपर्ने हुन्छ । बिरामी पनि किसिम-किसिमका हुन्छन् - कोही दुखेर कराइरहेका हुन्छन् भने कोही कनिरहेका हुन्छन् । धेरै बढी दुख्ने खालका रोग भएका रोगी त ऐय्या बाबा ! मरेँ नि ! भन्दै चिच्याउँछन् ।

सधैँझैँ डाक्टरहरू प्रत्येक बिरामी जाँच्न आउँदा नर्सहरूले डाक्टरलाई पनि सघाउनुपर्छ । हरेक बिरामीको के-कस्तो अवस्था छ, त्यो कुरा डाक्टरलाई जानकारी गराउने काम पनि नर्स नै गर्छन् ।

कहिलेकाहीँ शल्यक्रिया गर्दा पनि नर्सले डाक्टरलाई सघाउनुपर्छ । यो ज्यादै महत्त्वपूर्ण काम हो । यति बेला खूब होसियार भएर डाक्टरलाई सघाउनुपर्छ ।

मानव-सेवाका लागि नर्सको ठूलो योगदान छ । उनीहरूले बिरामीलाई कसरी सजिलो हुन्छ, के गरे बिरामी चाँडै निको हुन्छन् भन्ने कुरा सोचेका हुन्छन् । उनीहरूको व्यवहार र हँसिलो अनुहारले बिरामीलाई निकै फाइदा पुगेको हुन्छ । कुनै बिरामी निको भएर घर फर्कंदा नर्सहरू ज्यादै खुसी हुन्छन् ।

नर्सहरू विभिन्न तहका हुन्छन् । उनीहरूले लगाएको लुगाबाट पनि उनीहरूको तह छुट्याउन सकिन्छ । कसैले रातो कम्मरपेटी बाँधेका हुन्छन् भने कसैले नीलो । कसैको टोपीमा कालो फित्ता हुन्छ भने कसैकामा रातो ।

जो पनि नर्स हुन पाउँदैन । नर्स हुन चाहनेले सोही विषय लिएर अध्ययन गर्नुपर्छ । यो विषय अध्ययन गर्दा विभिन्न अस्पतालमा गई बिरामीहरूलाई कसरी हेरविचार गर्ने भनी सिकाइन्छ । बच्चाहरूलाई कसरी हेरविचार गर्ने भन्ने सम्बन्धमा बाल अस्पतालमा गई सिकाइन्छ । त्यस्तै, सुत्केरी गराउने सम्बन्धमा सिक्न प्रसूति गृहमा लगी उनीहरूलाई तालिम दिइन्छ । त्यस्तै, रोगैपिच्छे सम्बन्धित ठाउँमा लगी उपचार गर्ने विधि सिकाइन्छ ।

तिमीहरूले फ्लोरेन्स नाइटेङ्गलको नाम सुनेका होउला । उनी संसारकै पहिला नर्स हुन् ।



**अभ्यास १** तलका शब्दको अर्थ बुझ -

| | | |
|---|---|---|
| महिला | = | स्वास्नीमान्छे |
| नर्स | = | अस्पतालमा बिरामीको हेरविचार गर्ने महिला |
| भविष्य | = | पछि आउने दिन |
| सरल | = | सजिलो |
| अपराह्न | = | दिउँसो |
| तापक्रम लिनु | = | ज्वरो नाप्नु |
| कन्नु | = | दुखेर अँ...अँ... गर्नु |
| शल्यक्रिया | = | चिरफार गर्ने काम |
| मानव | = | मान्छे |
| सेवा | = | सहयोग, मदत |
| योगदान | = | सहयोग |
| तह | = | तलदेखि माथिको क्रम |
| अध्ययन | = | पढ्ने-लेख्ने काम |
| प्रसूति | = | सुत्केरी सम्बन्धी |
| विधि | = | तरिका |

**अभ्यास २** तलका प्रश्नहरूको उत्तर देऊ –

(क) नर्सको पालो कसरी बाँडिएको हुन्छ ?

(ख) नर्सले गर्ने कामहरू के-के हुन् ?

(ग) नर्स कुन बेला बढी खुसी हुन्छन् ?

(घ) कुन तहको नर्स भन्ने कुरा कसरी छुट्याउन सकिन्छ ?

(ङ) नर्सलाई कसरी तालिम दिइन्छ ?

**अभ्यास ३** नर्सको लुगाको वर्णन गरी एक अनुच्छेद लेख ।

**अभ्यास ४** तलका शब्द लेख –

| | | |
|---|---|---|
| अपराह्न | मध्याह्न | ब्राह्मण |
| ह्याकुलो | ल्हामु | ह्वास्स |

**अभ्यास ५** तालिकाबाट वाक्यहरू बनाऊ –

| | | | |
|---|---|---|---|
| अस्पतालमा | बिरामीहरू<br>रोगीहरू | कराइरहेका<br>कनिरहेका<br>रोइरहेका<br>चिच्याइरहेका | हुन्छन् ।<br>देखिन्छन् । |

**अभ्यास ६** **वाक्यमा शब्दको क्रम मिलाऊ –**

(क) तिमीहरू | बन्छौ | ? | नर्स | भविष्यमा

(ख) नसुतीकन | । | उनीहरूले | गर्नुपर्छ | काम | रातभरि

(ग) लैजानुपर्छ | बेथा | सुत्केरी | लागेका | महिलालाई | । | प्रसूती | गृहमा

(घ) राम्रो | ! | अहो | कस्तो | ! | पेसा | नर्सको

(ङ) गर्‍यो | भने | व्यवहार | राम्रो | हुन्छ | बिरामी | चाँडै | । | निको

**अभ्यास ७** **मिल्दो क्रियापद छानी वाक्य पूरा गर –**

(क) नर्सको कम्मरमा पेटी ... हुन्छ ।
(बाँधेका / बाँधिएको / बाँधेकी)

(ख) नर्सको लुगामा नाम लेखेको चीज ...... हुन्छ ।

(टाँसेको/ टाँसिएको/ टाँसेका)

**अभ्यास ८** **'जति' र 'त्यति' थपी पूरा वाक्य बनाऊ –**

उदाहरण

| |
|---|
| तिमी लेख्छौ, म माया गर्छु । |
| तिमी जति लेख्छौ, म त्यति माया गर्छु । |

(क) तिमी खान्छौ, म खान सक्दिनँ ।

(ख) ऊ भन्छ, तपाईं दिन सक्नुहुन्न ।

(ग) म भेट्टाउन खोज्छु, ऊ टाढा भाग्छ ।

(घ) अमिलो खायो, छाती पोल्छ ।

**अभ्यास ९** **तिमी भविष्यमा के बन्न चाहन्छौ, कारणसहित एक अनुच्छेद लेख ।**

**अभ्यास १०** **वाक्य बनाऊ –**

| | | | | |
|---|---|---|---|---|
| महिला | नर्स | भविष्य | सरल | |
| अपरान्ह | तापक्रम | शल्यक्रिया | मानव | |
| योगदान | तह | अध्ययन | प्रसूति | विधि |

**अभ्यास ११** तलको अनुच्छेद पढ र सोधिएका प्रश्नहरूको जवाफ देऊ -

### दश तलाबाट खस्दा पनि जीवित !

बेइजिङ, असार ७ गते। बेइजिङ्मा एउटा मानिस १० तलामाथिबाट खस्दा पनि भाग्यले बाँचेको छ। बेइजिङ फ्रेन्डसिप अस्पतालमा उनले पाएको प्रशंसनीय आकस्मिक उपचारबाट यो सम्भव भएको जानकारी अस्पतालकी नर्सले दिएकी छिन्।

३१ बर्षीय ली जिजून नामक उक्त व्यक्ति चोट ठीक भई अस्पताल छोडिसकेका छन्। मध्य मे महिनातिर घर निर्माण कार्यमा लागेका ली माथिबाट खसी चिन्ताजक अवस्थामा चोटग्रस्त हुन पुगेका थिए। शल्यक्रिया कोठामा जानुअघि ली अचेत अवस्थामा रहनुका साथै उनको रक्तचाप शून्यमा पुगेको थियो। यो देखेर चिकित्सकहरूले शल्यक्रिया कोठाबाहिर नै गर्ने निर्णय गरेका थिए।

"यस्तो आकस्मिक अवस्थामा हामीले बचाउन सकेको उनी पहिला व्यक्ति हुन्।" - अस्पतालका प्रमुख नर्स जी कुनले बताइन्। शल्यक्रिया तीन घण्टाभन्दा बढी चलेको थियो।

(क) दश तलाबाट खसेर पनि बाँच्ने व्यक्ति को हुन् ?

(ख) अस्पतालमा पुऱ्याउँदा उनको अवस्था कस्तो थियो ?

(ग) उनको शल्यक्रिया किन कोठाबाहिर गरियो ?

(घ) तेस्रो अनुच्छेदको 'अस्पताल' शब्दले कुन अस्पताल जनाउँछ ?

(ङ) ली दस तलाबाट खस्दा पनि बाँचे भन्ने कुरा कसरी थाहा भयो ?

पाठ २०

# किसानको रहर



सानो छ खेत, सानो छ बारी, सानै छ जहान
नगरी काम, पुग्दैन खान, साँझ र बिहान ॥
बिहानपख झुल्किन्छ घाम देउराली पाखामा
असारे गीत घन्किन्छ अनि सुरिलो भाकामा ॥
काँधको शोभा हलो र जुवा हातमा कोदाली
जीवन धान्न गर्नु नै पर्ने उकाली ओराली ॥
छुपु र छुपु हिलोमा धान रोपेर छोडौंला
बनाई कुलो लगाई पानी आएर गोडौंला ॥
भनेर सानी पटुकी रातो बाँधेर झरेकी
धमिलो खोला बाढीले होला कसरी तरेकी !
गालामा साना पसिना दाना मोतीझैं खुलेकी
घाम र पानी भोक र तिर्खा कसरी भुलेकी !
सुसेली हाली बयेली खेल्छ बतास रातमा
जूनले पोख्छ शीतका थोपा धानका पातमा ॥
सुनौला बाला झुलेर होला भुइँलाई छोएको
फलेको हाँगो कहिले छ र ननुही रहेको ?
हिमाल हाँस्छ मिलाई सेता दाँतका लहर
किसान बनी जहान पाल्ने यो मेरो रहर ॥

- साभार, महेन्द्र माला, कक्षा ५

**अभ्यास १.** **तलका शब्दको अर्थ बुझ –**

| | | |
|---|---|---|
| जहान | = | परिवार |
| देउराली | = | मानिस आउने-जाने गर्ने पहाडको अग्लो स्थान |
| पाखा | = | भिरालो जग्गा |
| घन्किन्छ | = | गुन्जिन्छ |
| सुरिलो | = | तीखो |
| शोभा | = | सुहाउने भाव |
| धान्नु | = | निर्वाह गर्नु, टार्नु |
| काँध | = | पाखुराभन्दा माथि घाँटीभन्दा मुनिको अङ्ग |
| पटुका | = | कम्मरमा बाँधिने, कपडा |
| बयेली | = | धान, गहुँ आदिको बालीमा हावा लाग्दा उठ्ने लहर |

**अभ्यास २** **तलका प्रश्नहरूको उत्तर देऊ –**

(क) किसानले के गरी पेट पाल्छ ?

(ख) किसान कुन बेला खेतमा जान्छ ?

(ग) सानी कसरी खेतमा जान्छे ?

(घ) खेती गर्ने तरिका के हो ?

**अभ्यास ३** **उदाहरण हेरी उस्तै सुनिने खालका दुई-दुई शब्द लेख -**

<u>उदाहरण</u>

| | | |
|---|---|---|
| गोडौँला | = | छोडौँला, जोडौँला |

| | | | | | |
|---|---|---|---|---|---|
| (क) | उकाली | = | (ख) | तरेकी | = |
| (ग) | पाखामा | = | (घ) | तिमी | = |
| (ङ) | जुन | = | (च) | लाग्छ | = |
| (छ) | लाग्यो | = | (ज) | लामा | = |
| (झ) | गीत | = | (ञ) | चित्र | = |

**अभ्यास ४** **तलको कविताको अर्थ लेख -**

सानो छ खेत, सानो छ बारी सानै छ जहान

नगरी काम, पुग्दैन खान, साँझ र बिहान

**अभ्यास ५** **पटुकाको सानो रूप पटुकी भए जस्तै तलका शब्दको सानो रूप लेख -**

| डालो | घ्याम्पो | कचौरा | खाट | थैलो |
|---|---|---|---|---|

**अभ्यास ६** उदाहरणमा दिइए जस्तै तलका टुक्कालाई अरू दुई-दुई ओटा वाक्यमा प्रयोग गर –

| वाक्यांश | अर्थ | वाक्य |
|---|---|---|
| कानमा बतास पस्नु | भनेको मान्नु | उनलाई कति सम्झाउनु, कानमा बतास पसे पो ! |
| कान खानु | झर्को लाग्नु | उसको गनगनले मेरो त कानै खायो । |
| खुट्टा काम्नु | डर लाग्नु | बाघ देखेर उसको खुट्टा काम्यो । |
| मुन्टो बटार्नु | नदेखेझैं गर्नु | मलाई देखेर तिमीले मुन्टो बटार्‍यौ । |

## पाठ २१ सबभन्दा ठूला भक्त

देवर्षि नारद हरबखत भगवान् विष्णुको नाम जपिरहन्थे । केही बोल्नुभन्दा पहिले उनको मुखबाट 'नारायण' 'नारायण' निस्किहाल्थ्यो । मानौँ यो शब्द उनको मुखैमा झुन्डिएको थियो । एक दिन नारदले विचार गरे -

"म रातदिन भगवान् विष्णुको नाम जप्छु । उहाँकै महिमा गाउँछु । मैले आफ्नो जीवन यसैमा बिताएको छु । मभन्दा ठूलो भक्त अरू को हुनसक्छ र ? तर म यो कुरा भगवान् विष्णुकै मुखबाट सुन्न चाहन्छु ।"

यति विचार गरी "नारायण...नारायण" ... भन्दै नारद वैकुण्ठधाम पुगे । वैकुण्ठमा भगवान् विष्णुले नारदको स्वागत गर्नुभयो । उहाँले नारदलाई त्यहाँ आउनाको कारण सोध्नुभयो । नारदले भने -"भगवान् ! एउटा प्रश्नले मेरो मनमा ज्यादै खुलदुली पारिरहेछ । त्यसैका समाधानका लागि हजुरकहाँ आएको हुँ ।"

भगवान्ले भन्नुभयो - "देवर्षि ! तिमी के सोध्न आएका हौ भन्ने कुरा मलाई थाहा छ, तैपनि म त्यो प्रश्न तिम्रै मुखबाट सुन्न चाहन्छु ।"



दुवै हात जोड्दै नारदले भगवान्सँग भने - "भगवान्! म हर क्षण हजुरको नाम जप्छु, हजुरको कीर्तन गर्छु, हजुरप्रति मजत्तिको समर्पित अरू कोही हुन सक्छ र ?"

"यस प्रश्नको उत्तर खोज्न तिमी मसँग पृथ्वीमा जानुपर्छ ।" भगवान्ले भन्नुभयो ।

साँझ पर्न लागिसकेको थियो । भगवान् विष्णु र नारद दुवैले आ-आफ्नो भेष बदलेर कृषकको रूप लिए । पृथ्वीमा आइपुगेपछि एउटा छाप्रातिर सङ्केत गर्दै भगवान्ले भन्नुभयो - "त्यस जङ्गलको छेउकै छाप्रामा मेरा सबभन्दा ठूला भक्त बस्छन् ।"

"मभन्दा बढी भक्ति गर्ने को रहेछ, म पनि जानिराखुँ न भगवान्!... के मजस्तै गरी त्यो कृषक पनि हजुरलाई हरक्षण सम्झिरहन्छ त ?" नारद भगवान्लाई प्रश्न गर्न थाले ।

"धैर्य राख नारद । तिम्रो प्रश्नको उत्तर तिमी नै भेट्टाउनेछौ ।" भगवान्ले भन्नुभयो ।



भेष बदलेका भगवान् विष्णु र नारद कृषकको छाप्रामा पुगे । कृषक 'हरि ... हरि ... गोविन्द ...' भन्दै गोरुलाई कीलामा बाँध्दै थिए । उनीहरूलाई आफ्नो अगाडि उभिएको देखेर कृषकले भने - "तपाईंहरू कहाँबाट आउनुभएको हो ? म तपाईंहरूका लागि के गर्न सक्छु ?"

भगवान्ले भन्नुभयो - "हामीहरू शहर जान भनी हिँडेका हौं । आउँदाआउँदै झमक्क साँझ परिहाल्यो । अँध्यारो भएपछि यहाँ जङ्गली जनावरको बिगबिगी हुन्छ । त्यसैले एक रातका निम्ति बास पाइन्छ कि ?"

कृषकले खुसी मान्दै भने - "अहो ! मेरो अहोभाग्य ! भगवान्को जय होस् ! तपाईंहरूलाई मेरो छाप्रामा स्वागत छ ।"

उनले आफ्नी पत्नीलाई पाहुनाहरूका निम्ति पनि खाना पकाउन अह्राए । उनीहरूको घरमा अलिकति पीठोबाहेक केही थिएन । बच्चाहरू पनि भोक लाग्यो भनेर कराइरहेका थिए । कृषकले पत्नीसँग भने - "पाहुनाहरूलाई पहिले तृप्त गराऊ । बच्चाहरूलाई खोले खान दिए पनि हुन्छ ।"

भगवान् विष्णु र नारद रोटी खान थाले । भएजति सबै रोटी सकियो तर उनीहरूको भोक मेटिएन । उनीहरूले खोले पनि खाए । ती कृषकका छोराले बाबुसित भन्यो - "तपाईंले हाम्रो निम्ति पकाएको खोले पाहुनाहरूलाई किन दिएको ?"



कृषकले जवाफ दिए - "पाहुना भनेका भगवान् हुन बाबु । पाहुनाहरूलाई तृप्त गराउँदा म भगवान्लाई नै तृप्त गराइरहेको हुन्छु ।"

अर्को दिन बिहान

"हरि... हरि... गोविन्द... । प्रभु ! हजुरप्रति मेरो विश्वास सधैँ अटल रहोस् । मलाई अरू थोक केही चाहिन्न ।" यति भन्दै कृषक आफ्नो दिनचर्या सुरु गर्न थाले । त्यति नै बेला भगवान् विष्णु र नारद पनि त्यहीँ आइपुगे । गोरुलाई घाँस हाल्दै कृषकले भने - "जुन हरिले संसार चलाइरहेछन्, उनको जयहोस् ! भगवान् सधैँ खुसी होऊन् !"

अनि पाहुनाहरूतिर फर्किँदै उनी भन्न थाले - "तपाईंहरू हिजो राती राम्रोसँग सुत्न सक्नुभयो कि भएन ? तपाईंहरू मन लागेसम्म यहाँ बस्न सक्नुहुन्छ । अब म आफ्नो खेततिर लागूँ कि ?"

"हामी पनि तपाईंसँग खेतमा जान सक्छौँ ?" भगवान् विष्णुले कृषकसँग सोध्नुभयो । कृषकले सक्नुहुन्छ भने र तीनै जना खेततिर लागे । खेतमा पुगेपछि नारद र कृषक कुरा गर्न थाले ।

कृषक - अब म काम गर्न थाल्छु । हरि...हरि... गोविन्द ... ।

नारद - तपाईं त निकै भगवान्‌को महिमा गाउनुहुँदो रहेछ । के तपाईं भगवान्‌का ठूला भक्त हनुहुन्छ ? के तपाईं भगवान्‌को नाम लिइरहनुहुन्छ ?

कृषक - मेरो कामले दिएसम्म म भगवान्‌को नाम लिन्छु । म भक्त हुँ कि होइन, मलाई केही थाहा छैन ।

नारद - भगवान्‌को नाम लिने काम तपाईं दिनको कति पटक गर्नुहुन्छ ?

कृषक - म हरिलाई बिहान उठ्ने बित्तिकै, राती सुत्नुभन्दा अगाडि र बीचमा केही छिन सम्झन्छु ।

नारद - त्यो त मैले थाहा पाएँ ।

त्यसपछि कृषकसँग बिदा भई भगवान् विष्णु र नारद आफ्नो बाटातिर लागे । निकै बेर हिँडेपछि उनीहरू एउटा पहाडको फेदीमा पुगे र विश्राम गर्न भनी अडिए ।

"कृषक कसरी सबभन्दा ठूला भक्त भए ?" यही प्रश्न नारदको मनमा खेलिरहेको थियो । भगवान्सँग आफ्नो प्रश्न राख्दै नारदले भने - "त्यस कृषकले हजुरलाई बिहान, बेलुका र बीचमा केही छिन सम्झन्छ । म भने हजुरलाई हरेक क्षण सम्झिरहन्छु । त्यत्तिमा पनि हजुर त्यस कृषकलाई ठूला भक्तहरूमध्येका एक भक्त भनिबक्सन्छ । त्यसको कारण के होला ?"

भगवान्ले भन्नुभयो - " त्यसको कारण तिमी छिटै थाहा पाउनेछौ, नारद ।"

भगवान्ले नारदलाई टनाटन पानी भरिएको एउटा घैंटो दिनुभयो । घैंटाको मुखमा पानी टिलपिल टिलपिल गरिरहेको थियो । भगवान्ले नारदलाई भन्नुभयो -

"नारद, घैंटालाई टाउकामाथि राखेर तिमी बिस्तारै यो पहाड चढ । घैंटाको एक थोपा पानी पनि नचुहाईकन पहाडको टुप्पामा पुगी तिमी यहाँ फर्कनुपर्छ ।"

"भगवान् ! यो काम त्यति सजिलो छैन तापनि हजुरको कृपा प्राप्त भएपछि जस्तोसुकै काम पनि गर्न सकिन्छ ।" यति भन्दै नारद पहाडतिर लागे ।



उकालो चढ्दा कतै गोडामा ठेस लाग्थ्यो । कतै गोडा चिप्लिन खोज्थे । घैँटाको पानी छचल्किएर पोखिएला भनेर नारद एकदम सजग थिए । आफ्नो काम पूरा गरी नारद फर्केर आए र हात जोडी भगवान्को अगाडि उभिए । भगवान्ले भन्नुभयो - "तिमी सफल बनेर फर्क्यौ नारद । राम्रो गर्‍यौ तर पहाड चढेर फेदीमा आइपुगुन्जेल तिमीले मलाई कतिचोटि सम्झ्यौ, बताऊ त ।"

नारदले भने - "पानी छचल्किएर पोखिएला भनेर म होसियार थिएँ । मेरो ध्यान घैँटो र पानीमा मात्र थियो । त्यसैले त्यतिन्जेल मैले हजुरलाई एकचोटि पनि सम्झिन सकिनँ ।"

भगवान्ले भन्नुभयो - "त्यो कृषक कडा परिश्रम गर्छ तैपनि ऊ मलाई बेला-बेलामा सम्झिरहन्छ । उकालो-ओह्रालो गर्दा तिमीले त मलाई एकपल्ट पनि सम्झेनौ ।"

भगवान्को अगाडि नारद नतमस्तक भए । दुवै हात जोडी उनले भगवान्सँग बिन्ती गरे - "प्रभु ! मैले हजुरको कुरा बुझेँ । जसले सांसारिक झमेलामा पनि हजुरलाई सम्झिन सक्छ, त्यो नै हजुरको सबभन्दा ठूलो भक्त हो ।"

**अभ्यास १** तलका शब्दको अर्थ बुझ -

| | | |
|---|---|---|
| खुलदुली | = | मनका खलबली |
| समर्पित | = | चढाइएको |
| भेष बदल्नु | = | अरूले आफूलाई चिन्न नसक्ने बनाउनु |
| बिगबिगी | = | कुनै वस्तुको चर्को उपद्रो |
| अहोभाग्य | = | ठूलो कुरा |
| तृप्त | = | सन्तुष्ट, अघाएको |
| दिनचर्या | = | दिनभरि गरिने सबै काम |
| विश्राम | = | आराम |
| सजग | = | चनाखो, होसियार |
| नतमस्तक | = | मान्यजनप्रति सम्मान भावले शिर निहुराएको वा आफ्नो दोषले लाज मानेको |
| पत्नी | = | श्रीमती, स्वास्नी |

**अभ्यास २** तलका प्रश्नहरूको उत्तर देऊ -

(क) नारदको मनमा के खुलदुली भयो ?

(ख) नारदले भगवान् विष्णुसँग सोधेको पहिलो प्रश्न कुन हो ?

(ग) भगवान् विष्णुले नारदको कस्तो परीक्षा लिनुभयो ?

(घ) यस कथाबाट तिमीले के सिक्यौ ?

(ङ) कृषक र नारदमध्ये ठूला भक्त को हुन् र कसरी ?

**अभ्यास ३** "सबभन्दा ठूला भक्त" कथा राम्ररी पढ र आफ्नै शब्द प्रयोग गरी त्यो कथा छोटकरीमा लेख। कथाको मिल्ने शीर्षक पनि देऊ।

**अभ्यास ४** शब्दकोश हेरी दिइएका शब्दहरूको अर्थ लेख -

| | | | | |
|---|---|---|---|---|
| हरक्षण | खोले | जप्नु | फेदी | ठेस लाग्नु |
| झमेला | ठूला | भक्त | भगवान् | टनाटन |

**अभ्यास ५** तलका वाक्यांशहरूलाई वाक्यमा प्रयोग गर -

(क) मुखैमा झुन्डिनु (ख) मनमा कुरा खेल्नु

(ग) झमक्क हुनु (घ) टनाटन भरिनु

(ङ) बिगबिगी हुनु (च) छताछुल्ल हुनु

**अभ्यास ६** पढ र फरक बुझ -

(क) समर्पण = श्रद्धासाथ कसैलाई कुनै चीज दिने वा चढाउने काम

समर्पित = चढाइएको

(ख) तलका खाली ठाउँमा मिल्दो शब्द समर्पण या समर्पित थपी वाक्य पूरा गर -

- नारदले भगवान्लाई एक थुँगा फूल......... गरे।

- भगवान्, मेरो जीवन नै हजुरमा ...... छ ।
- तिमी उसको जन्म दिनमा के ......गर्न तयार छौ ?
- हाम्रो जिन्दगी देशका लागि ...... छ ।
- एकचोटि ...... कुरा फेरि ...... गर्न सकिन्न ।

**अभ्यास ७** **उदाहरणमा दिइएका वाक्य हेर र मिल्दो शब्द थपी वाक्य पूरा गर -**

| | | | |
|---|---|---|---|
| सिध्याएछ | रहेछ | खाइदिएछ | हिँडिसकेछ |
| भागेछ | निदाएछ | पठाएछ | लेखेछन् |

<u>उदाहरण</u>

- मभन्दा बढी भक्ति गर्ने को ......... ?
- मभन्दा बढी भक्ति गर्ने को रहेछ ?

(क) उसले त सबै भात ......... ।

(ख) सोनामले सबै पैसा ......... ।

(ग) म पुग्दा त ऊ ......... ।

(घ) रामले एकैचोटि दुइटा चिठी ......... ।

(ङ) त्यो केटो त ......... ।

(च) म त भुसुक्क ......... ।

(छ) छिरिङका साथीहरूले थुप्रै कविता ......... ।

**अभ्यास ८** **तल संस्कृति झल्काउने केही शब्दहरू दिइएका छन्, ती शब्दहरू प्रयोग गरी वाक्य बनाऊ ।**

| | | | | |
|---|---|---|---|---|
| मन्दिर | भगवान् | परम्परा | पाहुना | पूजा |
| पाठ | नारायण | दसैं | तिहार | भेष |
| रथ | टीका | ल्होसर | इद | चर्च |

**अभ्यास ९** **तलका वाक्यहरू सच्याई लेख –**


हिँड्दा हिड्दै उनिहरू पहारका तुप्पामा पुग्यो ? टलटिर हेर्दा उसको मुतु धुकधुक भयो । तलबाट एउटा मान्छे माथि उक्लिरहनुभएको थियो। त्यो मान्छे अरू कोहि ह्वैन उहाँहरू कै साथी थियो। म पनि त्यहि मान्छेको पछारी पछारी गइरहेको थियो। उहाँले त मलाई देख्दै देखेन। मइले बोलायो अनि उसले मलाई जिल्ल परेर हेरे ।

# पाठ २२ पश्चात्ताप



एक दिन बिहान गौतमबुद्ध रूखमुनि बसी आफ्ना शिष्यहरूलाई अर्ती-उपदेश दिइरहेका थिए ।
आफूसँग रिसाउनेको पनि कहिल्यै रिस गर्नु हुँदैन । कसैले आफ्नो बिगार गरेछ भने पनि त्यसको बिगार नगर्नू । यसो गर्नाले रिसाउनेको पनि रिस मर्छ, बिगार गर्नेले पनि बिगार गर्न छोड्छ ।
त्यसै बेला एक जना मानिस त्यहाँ आए । उनी निकै धनीजस्ता देखिन्थे ।
म तिमीलाई नै खोज्दै आएको हुँ ।
किन खोज्नुभएको हो कुन्नि ?
तिमी नचाहिँदो कुरा मात्र गरेर हिँड्छौ । तिमी आफू पनि काम गर्दैनौ, अरूलाई पनि काम गर्न दिँदैनौ । खाली भाषण मात्र गर्दै हिँड्छौ ।


यी सबै कुरा सुनेर चेलाहरूलाई रिस उठ्यो तर बुद्ध हाँसिमात्रै रहे ।
तिमीलाई हाँसिरहन लाज लाग्दैन ? अरूका छोराछोरीलाई बोलायो, गफ गर्‍यो, जोगी बनायो । उनीहरूका घरमा कत्ति काम छ । उनीहरूलाई घरको काम गर्न पठाउनु पर्दैन ? त्यसै अल्मल्याउने ? तिमी त पापी हौ ।
यति गर्दा पनि बुद्ध हाँसिरहे । उनलाई रिस उठेन । तर त्यस मान्छेलाई झन्-झन् रिस उठ्यो । उसले बुद्धलाई खूब गाली गर्‍यो । उसले अब त गाली गर्ने शब्द पनि पाएन । ऊ ज्यादै थाक्यो । थाकेपछि ऊ घर फर्क्यो ।
गुरु । त्यस मान्छेले हजूरलाई खूब गाली गर्‍यो । तैपनि गुरुले केही भन्नुभएन ।


बाबु । यसमा आश्चर्य मान्नुपर्ने केही छैन । जससँग जे हुन्छ, उसले त्यही मात्र देखाउन सक्छ । तिनीसँग रिस रहेछ, त्यही देखाए । मसँग त्यस्तो केही थिएन । म के दिऊँ ? त्यसैले म चुप लागेको हुँ ।
गुरुको अर्ती-उपदेश पाएका भए तिनको बुद्धि आउँथ्यो कि ?
तिमीले भनेको ठीक हो । तर अर्ती दिन पनि समय हेर्नुपर्छ, नत्र अर्ती दिएको काम लाग्दैन । मैले त्यति बेला अर्ती दिएको भए उनी झन् रिसाउँथे । त्यसैले मैले केही नभनेको ।
तर गुरु । उनी त्यसै फर्किए । उनको भलो हुन पाएन नि त ।



उनी अहिले त्यसै फर्के । तर उनको रिस शान्त भएपछि उनी फेरि आउनेछन् । त्यति बेला उनलाई केही भनुँला ।
उता बुद्धलाई गाली गरी फर्कने धनी मान्छेका मनमा कुरा खेल्न थाले । उसले आफूले गाली गरेको पनि सम्झ्यो । आफूले गाली गर्दा पनि बुद्ध शान्त भएर बसेको सम्झ्यो ।
मैले त्यसरी गाली गर्दा पनि उनी एक शब्द बोलेनन् । कस्तो शान्त स्वभाव ।
ऊ जति पर जान्थ्यो, त्यति उसलाई पश्चात्ताप हुन्थ्यो । त्यसैले ऊ घरै नगई फरक्क फर्केर बुद्ध भएको ठाउँमा आयो । ऊ बुद्धको पाउमा पऱ्यो ।
हे प्रभु । हजूर साँच्चीकै महात्मा हुनुहुँदो रहेछ । तपाईं भगवान् हुनुहुँदो रहेछ । मैले भूल गरें, क्षमा पाऊँ । मलाई पनि चेलो बनाएर शरणमा लिनुहोस् ।
बुद्धलाई त्यस मान्छेप्रति दया जाग्यो । उनले उसलाई छातीमा टाँसे । उनले उसलाई आफ्नो शरणमा लिए ।
हेर बाबु । घमन्ड र रिस मान्छेको सबैभन्दा ठूलो शत्रु हो । अघि तिमीसँग घमन्ड र रिस प्रशस्त थियो, अहिले सबै छोडेर आयौ । त्यसैले म तिम्रो हुँ, तिमी मेरा हौ ।

**अभ्यास १** **तलका शब्दको अर्थ बुझ –**

| | | |
|---|---|---|
| शिष्य | = | चेलो |
| अर्ती-उपदेश | = | ज्ञानगुनका कुरा |
| बिगार | = | बिग्रने काम |
| भाषण | = | बोल्ने काम |
| आश्चर्य | = | अचम्म |
| भलो | = | राम्रो |
| स्वभाव | = | बानी |
| पाउ | = | खुट्टा |
| महात्मा | = | सन्त, उत्तम विचार भएको, ठूलो मान्छे |
| शरण | = | आफ्नो जिम्मामा लिने काम |
| घमन्ड | = | आफैँ ठूलो हुँ भन्ने धाक |
| प्रशस्त | = | धेरै |
| पश्चात्ताप | = | पछुतो |

**अभ्यास २** **तलका प्रश्नको उत्तर देऊ –**

(क) बुद्ध कस्तो अर्ती-उपदेश दिँदै थिए ?

(ख) धनी मानिसले बुद्धलाई के भनेर गाली गऱ्यो ?

(ग) गाली गर्दा पनि बुद्ध किन चुप रहेका होलान् ?

(घ) बुद्धका चेलाहरूलाई किन रिस उठेको हो ?

(ङ) धनी मान्छेलाई पश्चात्ताप हुनाको कारण के हो ?

**अभ्यास ३** तल दिइएका मध्ये कुन शब्द ठीक छ, छानी वाक्यमा प्रयोग गर -

(क) पश्चाताप/पष्चाताप/पश्चात्ताप

(ख) शिष्य/सिश्य/शिस्य

(ग) भाषन/भासण/भाषण

(घ) आस्चर्य/आश्चर्य/आशर्य

**अभ्यास ४** उदाहरणमा दिइए जस्तै एउटै शब्द लेख -

उदाहरण -

| | | |
|---|---|---|
| पाप गर्ने | = | पापी |
| धेरै कुरा गर्ने | = | कुरौटे |

(क) धेरै जाँड खाने

(ख) एउटा आँखो नभएको

(ग) पीपलको जस्तो पात भएको

(घ) चन्द्रमा जस्तो मुख भएको

(ङ) लामो पुच्छर भएको

**अभ्यास ५** तालिकाबाट वाक्यहरू बनाऊ –

| | | | | | |
|---|---|---|---|---|---|
| जससँग | बुद्धि<br>विद्या<br>ज्ञान<br>सीप | छ | त्यसले मात्र | विकास<br>प्रगति<br>उन्नति | गर्न सक्छ । |

**अभ्यास ६** मिल्दो शब्द थपी वाक्य पूरा गर –

(क) उनी फेरि ...... । आउनेछ/आउनेछन्/आउनेछौ ।

(ख) म यो कुरा पछि ...... । भन्ला/भनुँला/भन्लान् ।

(ग) तिमी आजै यो काम ...... । गर्नुपर्छ/ गऱ्यौ/ गर्नू ।

(घ) तपाईं त्यसै .........। फर्कनुभयो/ फर्कियो/ फर्किए ।

(ङ) तँ उससँग ...... । रिसाउने थियो/रिसाउने थिइस्/रिसाउने थियौ/

**अभ्यास ७** उदाहरण हेरी 'अघि' र 'अहिले' प्रयोग गरी पूरा वाक्य बनाऊ ।

उदाहरण

| |
|---|
| चारैतिर हराभरा, जताततै उजाड |
| अघि चारैतिर हराभरा थियो, अहिले जताततै उजाड छ । |

(क) घाम लागेको, बादल लागेको

(ख) धारामा पानी, सुक्खा

(ग) हिँडेर, मोटर

**अभ्यास ८** **वाक्य बनाऊ -**

| | | |
|---|---|---|
| शिष्य | अर्ती-उपदेश | बिगार |
| भाषण | आश्चर्य | भलो |
| स्वभाव | पाउ | महात्मा |
| शरण | घमन्ड | पश्चात्ताप |

**अभ्यास ९** **तल दिइएको पुरियामा लेखिएका कुराका बारेमा साथीसित छलफल गर -**



**अभ्यास १०** तलको बिलका बारेमा निम्नलिखित बुँदाका आधारमा छलफल गर -

मिति, विवरण, दर, सङ्ख्या, रकम आदि ।

## कृष्ण फलफूल भण्डार

नगद/उधारो बिल

श्री ........................

| क.सं. | मिति | विवरण | दर | सङ्ख्या | रकम |
|---|---|---|---|---|---|
| १. | ०५३/१/१५ | आँप | ४० | ३ किलो | १२० |
| २. | ०५३/१/१५ | मोसम | ५० | १ किलो | ५० |
| ३. | ०५३/१/१५ | अनार | ६५ | २ किलो | १३० |
| | | जम्मा | | | ३०० |

मिति :२०५३/१/१५

बिक्रेताको

हस्ताक्षर

**अभ्यास ११** तलको भर्पाई पढ –

शिक्षा मन्त्रालयका ना. सु. श्री रामकृष्ण कार्कीबाट निम्नलिखित किताबहरू बुझी त्यसको भर्पाई गरिदिएँ। इति संवत् २०५३ साल असार २१ गते रोज ६ शुभम्।

| किताबको नाम | सङ्ख्या |
|---|---|
| १. मेरो नेपाली किताब | २०० थान |
| २. मेरो गणित | २०० थान |
| ३. जीवनका लागि स्वर | १०० थान |
| ४. प्राथमिक शिक्षा पाठ्यक्रम | २५ थान |
| ५. कक्षागत गीतको पुस्तिका | २०० थान |
| ६. मेरो वातावरण | २०० थान |


चक्रशाह
२०५३।३।२१
चक्र शाह
स्टोरकिपर
जिल्ला शिक्षा कार्यालय
सुर्खेत

तिमी पनि निम्नलिखित विषयमा भर्पाई लेख –

(क) सीताले पठाएका पुस्तकहरू गीताले बुझेको

(ख) शिक्षा कार्यालयले पठाएका खेलकुदका सामानहरू प्रधानाध्यापकले बुझेको।

# किताबलाई माया गर




यो तिम्रो किताब हो ।

यसले तिमीलाई धेरै कुरा सिकाउँछ ।

गाता हालेर यसलाई झोलामा राख ।

यसलाई सफा राख ।

अर्को वर्ष तिम्रा भाइबहिनीले यो किताब पढ्नुपर्छ ।

किताबलाई माया गर ।

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड (एजुकेसन प्रेस) मा मुद्रित